वर्ष १७, अङ्क २, पूर्णाङ्क ९२, भदौ २०७५

ॐ

# अग्निचक्र

Agnichakra National Monthly

राष्ट्रिय मासिक

www.agnichakranews.com

सत्गुरु गोरखनाथ बाबा

ISSN 2362-1109

## धर्तीको स्वर्ग : पवित्र गोसाईंकुण्ड



९२ औं यात्रा

समालोचना विशेष







**hitco Pvt. Ltd.**

**Since 1975**

Products and processes extensively certified to global standards and certifications.

LPCB EN3 EN 1866 CE ISO 9001 OHSAS 18001


## Corporate Office

House No. 55, Kapan Marg, Ward No. 3
(in Front of Kantipur Dental Hospital)
Maharajgunj, Kathmandu, 44606, Nepal
**Tel:** 01 4017706, 4017666, Fax: 977 1 4017707
**E-mail:** pradeep@hitco.com.np, Mobile: +977 9851235028
**TOL FREE NO.** 01-166 001 203 00

## Liaison Office

**Simra:** 053 521539/ 9869422263
**Duhabi:** 025-540853/ 9869422269
**Narayanghat:** 98510256219
**Butwal:** 9851256208
**Nepalgunj:** 9869422267





Committed to serve on:
Fire/ Security systems
Fire protection
Automobile equipments

सम्पादकीय

# लोकतन्त्रको दुस्मन हो भ्रष्टाचार

केही दशकपछि इतिहास लेखिँदा अहिलेका नेताहरूलाई इतिहासले मुल्यांकन गर्दा भ्रष्टाचारी नेताको सूचीमा समावेश गर्ला जस्तो देखिन्छ । जतापनि भ्रष्टाचार व्याप्त छ । जुनसुकै व्यक्ति प्रधानमन्त्री भएपनि राष्ट्रहितका लागि दीर्घकालीन महत्व राख्ने काम गर्न सकेका छैनन् । नेपालको भौगोलिक अखण्डता जोगाउँन कसैले पनि सकेनन् । लिपुलेक देखि मुलुकका जति स्थानमा सीमा मिचिएको छ, त्यति काम पनि कुनै प्रधानमन्त्रीले टुंगो लगाउन (समाधान गर्न) सकेनन् । लोकतन्त्रले सिंहदरबारको शक्तिलाई जनताका घर आँगनमा पुऱ्याएको छ तर भ्रष्टाचारले स्थानीय निकाय सम्मलाई ढाकेको छ ।

स्थानीय सरकारका जिम्मेवार व्यक्तित्वहरू नै भ्रष्टाचारको दल-दलमा फस्न थालेका छन् । इमानदार र नैतिकवानलाई सम्मान गर्ने चलन नभएकाले गर्दा नै भ्रष्टाचार मौलाउदै गएको हो कि ! अकूत सम्पत्ति कमाउनतिर जिम्मेवार व्यक्ति नै लागेपछि देशको सुशासन कमजोर बन्न पुग्छ । नेपाली समाजमा धनाढ्य र कमाउवाला व्यक्तिलाई नै इज्जत गरिने चलन बसेकाले जसले पनि जसरी पनि कमाउनै पर्छ पैसा, कमाएरै देखाउनु पर्ने, जसरी भएपनि महंगो घर, गाडी चढ्नै पर्ने, तडकभडक देखाउने मान्छेलाई नै समाजले इज्जत गर्ने हुनाले मान्छेहरूले भ्रष्टाचार गर्न थाले ।

स्थानीय सरकारलाई संविधानले नै एकैचोटी प्रशस्त अधिकार दिएकाले पो भ्रष्टाचार बढेको होा कि ! भन्नेहरू पनि छन् । स्थानीय स्रोत-साधनको पहिचान, प्रयोग र विस्तार मार्फत् सुशासन स्थापित गर्न संविधानले अधिकार दिएको छ । उदयपुर स्थित कटारी नगरपालिकाका एक लेखा अधिकृतले अकूत भ्रष्टाचार गरेको कुरा सार्वजनिक भएपछि देशैभर खैलाबैला मच्चियो । अधिकार छ भन्दै अधिकारको दुरूपयोग हुन थाल्यो । मिलेमतोमा भ्रष्टाचार भएकाले र रकमको बाँडफाँडमा कुरा नमिलेपछि भ्रष्टाचारको कुरो बाहिरिने गरेको छ । भ्रष्टाचार गर्ने आँट कसैले नगरून्, यो कुरालाई नेतृत्ववर्गले सिरियस लिने हो भने भ्रष्टाचार केही हदसम्म घट्दै जानेछ । भ्रष्टाचार सुशासन विरूद्ध सबैभन्दा ठूलो अपराध हो ।

भ्रष्टाचारले लोकतन्त्रलाई कुलीनतन्त्रतर्फ सिमित गराउँछ । आर्थिक अनियमितता गर्ने मात्रै होइन भ्रष्टाचारले लोकतन्त्रलाई नै धरापमा पार्न सक्छ । लोकतन्त्रको दुस्मन भनेकै भ्रष्टाचार हो । अधिकारको दुरूपयोग नहुनका लागि चेक एण्ड व्यालेन्स प्रणालीलाई नयाँ रूपमा परिवर्तित समय अनुसार अधिकार सम्पन्न संयन्त्रलाई तल्लो स्थानीय स्तर देखि नै माथि सम्मै निर्माण गरिनु पर्ने खाँचो देखिन थालेको छ । अचानक अकूत कमाउने धनाढ्य र कमाउवाला तडकभडक मान्छेलाई नजिकबाट चियो-चर्चो गर्ने र इमान्दार तथा नैतिकवान् मान्छेलाई सम्मान गर्ने चलन ओली सरकारले शुरूवात गरिहाले देखि लोकतन्त्रको दुश्मन भ्रष्टाचार साम्य हुदै जान्थ्यो कि !! जय गोरख !!




**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**प्रमुख सल्लाहकार**
दुर्गाप्रसाद आचार्य

**निर्देशक**
गोपाल घिमिरे

**अग्निचक्र** राष्ट्रिय मासिक
www.agnichakranews.com

वर्ष १०, अङ्क २, पूर्णाङ्क ९२, भदौ ०७५

संरक्षक
*प्रभा राज्यलक्ष्मी राणा*

का.जि.प्र. द.नं. ३२/०६६/६७

स्थायी लेखा नं. (PAN): ३०३८२५१२२ ISSN: 2362-1109

ठेगानाः का.म.न.पा.३, सम्पर्क कार्यालयः डिल्लीबजार, काठमाडौं ।

फोनः ०१–४३७७७१०, ९८५१०४०३३०
email: agnichakramasik@gmail.com

*By the Grace of God*
**Edited & Published by**
**Laxmi Narayan Bhattarai**
**9841308834**

**सल्लाहकार**
प्रा.डा. करबीरनाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
प्रेमसागर पौडेल
आर.एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**संवाददाता / सहयोगी**
के.एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए. डिस्ट्रिब्युटर्स (उपत्यका बाहिर)


**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१




## ॐ सत्गुरू वन्दना

गोरक्ष वालम् गुरुशिष्य पालम् ।
शेषः हिमालम् शशीखण्ड भालम् ॥
कालष्य कालम् जितजन्म जालम् ।
वन्दे जटालम् जगदाव जालम् ॥

ॐ भूर्भुवः स्वः
तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ।।




### यसपटक अग्निचक्रमा . . .

- त्रिप्रवरद्वारा लिखित गुरुको प्रभाव
- मातृका आचार्यको गीत सिर्जना
- आचार्यको राजनीतिक दृष्टिकोण
- इन्जिनियर रौनियारको राष्ट्रियता
- बलदेवराज महतको व्यङ्ग्य
- वसन्तकुमार शर्म्मा नेपालको उपनिषत्
- नारायण शर्माकृत गीता प्रसङ्ग
- शुभेच्छुद्वारा बीस कृतिको समग्र समीक्षा
- 'न्यायको हत्या' को समालोचना
- चाणक्यको कथन
- विकुश नेपालसँगको संवाद

## पाठकको कलम

### ज्ञानवर्द्धक लाग्यो 'डीपीको सिर्जना'

म अग्निचक्र राष्ट्रिय मासिकको नियमित पाठक हुँ । नौ वर्ष अघि देखि मैले लगातार




अग्निचक्र पढ्दै आएको छु । यसै क्रममा केही समय अघि देखि आध्यात्मिक सिर्जना लेख्ने भट्टराई डीपी त्रिप्रवरज्यूको सिर्जना अग्निचक्रमा पढ्न पाउँदा बडो हर्षित भएको छु । ०७५ साउनको अग्निचक्रमा 'कलियुगको प्रभाव' शिर्षकमा श्रीमद्भागवत महापुराणको गुदीलाई झिकेर आध्यात्मिक ज्ञान दिने सिर्जना पढ्न पाइयो । भागवतलाई स्रोत-सन्दर्भ सामाग्री बनाएर यति मिठो र ज्ञानवर्द्धक सिर्जना कोर्नु भएकोमा त्रिप्रवरज्यूलाई स्यालुट गर्दछु । जय होस् - अग्निचक्र र त्रिप्रवरज्यूको ।

**- रामहरि पौडेल**
विष्णु - बुढानीलकण्ठ ।

### व्यङ्ग्य सधैं पढ्न पाइयोस् !

राजनीतिलाई अलि कम महत्व दिएर पछिल्ला अंकहरूमा अग्निचक्रले साहित्य, अध्यात्म र हास्यव्यङ्ग्यलाई प्रमुख स्थान दिइरहेको जस्तो महसुस भयो । बलदेवराज महत ज्यूको व्यङ्ग्य लगातार जस्तो पढ्न पाइराखिएको छ । फाइदै फाइदा, कल्पिए नारदजी, विद्यादान । लगातार यी ३ वटा व्यङ्ग्य पढ्न पाएर दंग भएर मुसुमुसु हास्न पाइएको छ । नेपाली सेनाका अवकाश प्राप्त उच्च तहका महत ज्यूको लेखाई साह्रै राम्रो र उत्कृष्ट छ । महत ज्यूको व्यङ्ग्य यसरी नै पढ्न पाइराखिए कति राम्रो हुन्थ्यो !!

**- कमलमान नकर्मी**
स्वयम्भु ।

### बल्ल थाहा पाउँदैछु महिमा

अग्निचक्र राष्ट्रिय मासिकले केही समय देखि लगातार गीताको महिमा प्रकाशित गरेर मजस्तो क्रोधी र नास्तीक मनुष्यलाई ज्ञानको प्रकाशले बिटुलो हुनबाट जोगाएर ज्ञानी बन्न प्रेरित गरेको छ । नारायण शर्माद्वारा लिखित गीताको महिमाले भगवान् श्रीकृष्ण र गीताबारे प्रष्ट हुँदैछु । बल्ल थाहा पाउँदैछु ज्ञान के हो भनेर !

**- सिजन जोशी,** जगाती ।

सिर्जना



भट्टराई डीपी त्रिप्रवर

# गुरूको प्रभाव

पर्छन् दृष्टि जहाँ सुयोग्य गुरूका शिष्यका नेत्र खुल्छन्
गर्छन् सम्भाषण असल गुरूले बुद्धि तत्काल फिर्छन्
दिन्छन् शिक्षा र दिक्षा कुशल गुरूले मोक्षको मार्ग देख्छन्
हुन्छन् ज्ञानी र ध्यानी नैष्ठिक गुरू पाश अज्ञान छुट्छन् ।।१।।

जस्तो तप्त हुँदा सुवर्ण पनि जो चम्कन्छ निर्मल् भई
त्यस्तै हुन्छ मनुष्य पाप नभई आज्ञा गुरूको भई
अग्नीको छेऊमा छन् यदि घृतघडा पग्लन्छ तत्काल नै
त्यस्तै गल्दछ पाप शिष्यहरूको आचार्यको सन्निधि ।।२।।

सुख्खा काठ भए तथा शीत भए जल्छन् त्यही अग्नीमा
त्यस्तै जल्दछ पाप त्यै क्षणमहाँ गुरू प्रसन्नै भए
जो हुन्छन् गुरू ती त्यही शिव भए गुरू भए श्रीशिव
छन् देवात्मक जो त्यही शिवजी हुन् मन्त्रात्मक हुन् गुरू ।।३।।

अज्ञान्ले गुरूलाई क्रोधित गरे सत्कर्म डड्छन् त्यसै
तत्वज्ञान नजानि शास्त्र पढिँदा निष्फल् हुने भो जसै
जस्ले संगत गर्छ ज्ञानी जनको अज्ञान हट्छन् सबै
गर्छन् संगत जो विवेकी जनको हुन्छन् विवेकी सबै ।।४।।

जो विद्वान् गुणवान् गुरू यदि भए तत्वको बोध हुन्छ
माला फूल लगाई मात्र रहने हुन्नन् सबै ती गुरू
नाऊ बाट त पारहुन्छ जसरी गंगा यमुना नदी
त्यस्तै सार्थक हुन्छ जीवन पनी कृपा गुरूको अनी ।।५।।

सन्दर्भ सामग्री : श्री शिवमहापुराणाङ्क, गीताप्रेस

सिर्जना



मातृका प्रसाद आचार्य
रचना तथा स्वर

# गीत

दुई मुटु एउटै पारी माया साँचौन २.....
यो धर्तीलाई साक्षी राखी पिरती गाँसौन २...
हाँस्दै खेल्दै रम्दै गाउँदै साथै रमाउँदै
मायाप्रेमको आँगनीमा जिन्दगी काटौंन
हो.... मायाप्रेमको आँगनीमा जिन्दगी काटौंन
उ..हु..हु..हु..हु..हु..हु..हु..हु ...ओ..हो..हो..हो..हो..हो..हो..

रिमझिम रिमझिम साउन वर्ष्यो झुम्दै छ वर्षात ३....
रूझ्दै रूझ्दै यो झरीमा सङ्गै झुमौंन
रूझ्दै रूझ्दै यो झरीमा सङ्गै झुमौंन
मायाप्रेमको आँगनीमा जिन्दगी काटौंन
हो ... मायाप्रेमको आँगनीमा जिन्दगी काटौंन

फुर फुर उड्दै बादल फाट्यो खुल्दै छ आकाश ३....
जोडि पन्छी सरी उडी गगन चुमौंन
हो.... जोडि पन्छी सरी उडी गगन चुमौंन
हो ... मायाप्रेमको आँगनीमा जिन्दगी काटौंन

दुई मुटु एउटै पारी माया साँचौंन
यो धर्तीलाई साक्षी राखी पिरती गाँसौंन
हाँस्दै खेल्दै रम्दै गाउँदै साथै रमाउँदे
मायाप्रेमको आँगनीमा जिन्दगी काटौंन
हो.... मायाप्रेमको आँगनीमा जिन्दगी काटौंन

# बहुमुखी प्रतिभाका धनी भए पो औचित्यपूर्ण काम गर्थे त !



दुर्गाप्रसाद आचार्य

स्थानीय तहदेखि प्रधानमन्त्रीसम्मका व्यक्तित्वले आफ्नो बोलीमा संयमता अपनाएको देखिएन । कुनै राजनीतिक दलका शीर्ष नेता हुन् वा बहालवाला प्रधानमन्त्री कसैको बोली टुंगोमा छैन । कसैले कुनै प्रश्न वा जिज्ञासा राख्यो भने नम्र र शिष्ट भाषामा जवाफ फर्काउने दिन गएजस्तो छ । लोकतन्त्रको चलन नै यस्तो हो कि ! भन्ने समय आउँला जस्तो छ ।



प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, साम्यवाद, समाजवाद एवं लोककल्याणकारी राज्यको परिभाषा, अवधारणा र अनुशासन त जानेको नै हुनुपर्ने ! स्थानीय तहको नेता होस् वा माथिल्लो तहको शीर्ष नेता होस्, यति कुरा त बुझेकै हुनुपर्ने ! बिझाउने गरी टिप्पणी गर्ने चलन प्रधानमन्त्री ओलीले नै चलाउन खोजेजस्तो छ ।

बीपी कोइराला जस्तो नेता अबको दुनियामा कहाँ पाइन्छ र ? बीपीको जीवनभरको त्याग, तपस्या र संघर्षबाट अहिलेका नेताले समाजवादमा शासन गर्न पाएका हुन् । संसद, प्रजातन्त्र, समाजवाद, विधिको शासन, आवधिक निर्वाचन र जनताको प्रतिनिधिले नै नेपालको शासन हाँक्न-सञ्चालन गर्न पाउनु पर्छ भनेर जीवनभर संघर्ष गरेका बीपीलाई आजका पुस्ताले सधैं सम्झनु पर्छ र सम्मान गरिरहनु पर्छ ।

बीपीकै प्रयास स्वरूप आज नेपालमा प्रजातान्त्रिक समाजवाद शासन प्रणाली स्थापित छ, त्यसैले पनि उनको योगदान बुझेका विद्वान्ले सामाजिक प्रजातन्त्र र लोककल्याणकारी शासन प्रणाली भन्दै आएका छन् ।

कुन ठाउँमा के कुरा 'बोल्न हुने र नहुने' हो, त्यति पनि ख्याल नगर्ने ओली, प्रचण्ड र देउवाले बीपीको जस्तो अनुशासित हुन कहिले जान्लान् ! संसदमा पनि जे पायो



उही बोल्ने गरेकाले नियमापत्ति हुने गरेको छ । कुनै नेता वा व्यक्तिलाई लक्षित गरेर तिखो धारणा राख्ने प्रधानमन्त्री ओलीले जसलाई पनि बोलीद्वारा झटारो हान्ने गरेका छन् ।

नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक राज्यमा सनातन देखि चल्दै आएको धर्म संस्कृतिको संरक्षण एवं धार्मिक तथा सांस्कृतिक स्वतन्त्रता भएको मुलुकमा संविधानले दिएका अधिकार र सीमाको ख्याल गर्ने नेताहरू कमै छन् ।

बहुमतीय सरकारले समाजवाद उन्मुख शासन गर्ने बहानामा जथाभावि बोलेर नेता-नेता बिच नै एकले अर्कोलाई बिझाउँने शब्दले असभ्य झै जवाफ फर्काउनु एक प्रकारले लाज मर्नु झै काम गरेका छन् । नेताकै कारण संसदमा बोलेका कुरा रेकर्डबाट हटाइने गरिएको छ ।

जसको मुखबाट जस्तो शब्द, बोलीबचन प्रकट हुन्छ; उसको व्यक्तित्वको पहिचान त्यही बोली द्वारै थाहा हुने गर्छ । माथिल्लो शीर्ष नेतृत्वले नै सार्वजनिक अभिव्यक्ति दिँदा ढंग पुऱ्याएनन् भने उसका तल्लो स्तरका कार्यकर्ताले पनि शीर्ष नेताकै नक्कल गर्ने हुँदा बोलीमा संयमता अपनाउनु हुन प्रमज्यूलाई हार्दिक अनुरोध गर्दछु ।

प्रमज्यूलाई मेरो अर्को अनुरोध के छ भने मन्त्रिपरिषद्को बैठकबाट पास गराएर आफ्ना आसेपासे, कार्यकर्ता र पहुँचवालाहरूलाई औषधोपचारमा सहयोग पुऱ्याएको भन्ने देखाएर आर्थिक सहायता उपलब्ध गराएर दुई तिहाइ बहुमत सरकारले मिसयुज गरेको देखिन्छ नि ! सामान्य नागरिकले चाँहि पहुँच नपुगेर अकालमै जीवन गुमाउनु परिरहेको छ, तपाई भने पहुँचवाला कार्यकर्ता र संघसंस्थालाई लगातार आर्थिक सहायता गराइरहनु भएको छ नि ?

राज्यको ढुकुटीबाट ('संविधानतः सबै नागरिक समानताका दृष्टिमा समान हुन्छन्'), कि त सबै गरिबले आर्थिक सहायता पाउनु पऱ्यो, नत्र तपाईको मन्त्रीपरिषद्ले त पहुँचवाला धनीमनी वर्गका मान्छेलाई नै उपचार सहायताका नाममा पटक पटक रकम बाडेको बाड्यै हुनुहुन्छ नि ? रोग नलागीकन पहुँचका आधारमा राज्यबाट ठूलो परिमाणमा रकम लिइरहेका त छैनन् ? भन्ने प्रश्न खडा भएको छ ।

आर्थिक सहायता दिंदा रोग खुलाउँने प्रचलन मन्त्रिपरिषद्को निर्णयमा देखिएन र छैन । सरकारको ढुकुटी जनताले तिरेको कर हो र कर औचित्यपूर्ण काममा मात्र खर्चनु पर्छ । सरकारी कार्यविधि अनुसार भन्ने हो भने राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तित्व र विपन्न नागरिकलाई उपचार खर्च उपलब्ध गराउन सक्ने व्यवस्था छ र तोकिएको दर छ तर आजकल १५ लाख सम्म पनि लिएको देखिएको छ ।

बीपी जस्तो बहुमुखी प्रतिभाका धनी, साहित्यमा कविता, जीवनी, निबन्ध, कथा र उपन्यास लेख्ने जननायक बीपी जस्तो विद्वान् मान्छे प्रधानमन्त्री भए पो देशले काँचुली फेर्थ्यो त ! कि कसो त ओली ज्यू !! ००

# राष्ट्रियता



ई. चन्द्रेश्वरप्रसाद रौनियार

दो दिन बाद उस समय में रहे प्रधान मंत्री श्री सूर्य बहादुर थापा का यहाँ भिजिट होने की बात थी, उनके भी कुछ निर्देशन हो सकने की संभावना की बात से हमलोग रुक गये । निर्धारित समय उनका ग्रुप हेलीकोप्टर से सुबह ही पहुँचा । उनके आगमन तथा संबोधन का काफी प्रचार प्रसार किया गया था, सभास्थल पर करीब हजार लोग उपस्थित हुए थे । उस समय निर्वाचित प्रधान मंत्री श्री बी.पी. कोइराला जेल में थे और रामेछाप में कांग्रेस पार्टी का अच्छा प्रभाव था । राजा महेन्द्र निर्दलीय पंचायत व्यवस्था जनता पर नहीं...नहीं... प्रजा पर थोप चुके थे और 'अराष्ट्रीय तत्व' शब्द काफी मशहूर हो गया था । राजा वा पंचायती व्यवस्था अथवा गलत ढंग के विकास खिलाफ कुछ भी बोलनेवाले को अराष्ट्रीय तत्व का ठप्पा लग जाता था अथवा लगा दिया जाता था और जरुरत महसूस हुई तो खात्मा भी करने में देर नहीं की जाती थी ।

इसलिए कैसे और क्या बोला जाए के बारे में कुछ भी कहने से लोग काफी घबड़ाने लगे थे और *'दीवार के भी कान होते हैं' 'रात रहे अगराख पलाए' जैसा मुहावरा भी लोग एक दूसरे को समझाने लगे थे ।*

औपचारिकता तथा स्वागत भाषण आदि के बाद प्र.मं. थापाजी देश में हो रहे विकास निर्माण काम के बाद सीधे राष्ट्रीयता पर आ गये । कहने लगे "हिमाल, पहाड़, तराई की मिट्टी हमारी है, मेची से महाकाली तक तथा माउन्ट एभरेस्ट से मोगलान तक की सीमा तक फैला हुआ नेपाल की भूमि हमारा स्वाभिमान है । कोशी, नारायणी, कर्णाली नदियाँ हमारी राष्ट्रीयता है । बड़ा महाराजाधिराज पृथ्वीनारायणशाह के अथक प्रयास के फलस्वरुप अर्जा हुआ, आज हम अपने को नेपाली कहने में गौरव करते हैं, क्योंकि हम सदा स्वतंत्र रहे, कभी किसीकी गुलामी नहीं की । ये सब राष्ट्रीयता नहीं तो क्या है ? देश में विकास का काम हो रहा है । सारे अधिकार गाँव पंचायत को प्राप्त हैं, वे लोग आगे आयें ।" राजा का निर्देशन है 'न बिराउनु, न डराउनु' निर्धक्क होकर देश विकास में संलग्न हो ।

वे अपने भाषण में राष्ट्रीयता और विकास में संलग्नता की बात करते रहे जबकि प्रबुद्ध बर्ग को स्वतंत्र रुप से बोलने तक की आजादी नहीं होने से पंचायत पद्धति में सहभागिता की कमी तो थी ही । फिर यह देश बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय भाग में बँटा हुआ है, इस बात को पूर्णतया भूलाया जा रहा था । श्री पृथ्वीनारायण शाह ने एकीकरण तो जरुर किया था और उनकी महान बाणी भी है कि हामीले अर्ज्या को भूमि चार वर्ण छतीस जात को फूलबारी हो, पर उनके बाद के वंशज वास्तविक रुप से इस महान बाणी को वास्तविकता में परिणत करने की कोशिश न कर सिर्फ प्रशासनिक नियंत्रण ही करते रहे । जुलुस, प्रोशेसन जो कि हरएक वर्ष पौष १ गते, निर्वाचित सरकार को बर्खास्त कर देश में आर्मी मिलिटरी के बल पर निर्विकल्प, निर्दलीय व्यवस्था लादने का दिन, पौष १४ गते राजा महेन्द्र का जन्म दिवस और पौष २८ गते पृथ्वीनारायण शाह का जयन्ती दिवस हरएक जिला, स्कूल कालेज में निकाला जाता था, उसका नारा होता था ।

*हाम्रो राजा, हाम्रो देश, प्राण भन्दा प्यारो छ ।*
*हाम्रो भाषा, हाम्रो वेश प्राण भन्दा प्यारो छ । ।*

इन जूलूसो में दौरा सुरुवाल टोपी लगाना अनिवार्य होता था तथा भाषा भी नेपाली ही, जबकि देश में १२५ भाषायें हैं तथा उतने ही आदिवासी जनजाति का वास है । श्री थापाजी अपने भाषण में *जनता को बिलकुल भूलाकर, घुमा फिराकर प्राकृतिक बस्तुओं को ही महत्व देते रहे जबकि किसी भी देश का दिल तो वहाँ की जनता होती है ।*

उनके साथ पंचायती व्यवस्था के प्रबल स्तंभ तथा पावरफूल मंत्री श्री नवराज सुवेदी भी थे । मैं जब सोनबरसा हाई स्कूल में पढ़ रहा था तो कुछ समय के लिये वे भी मेरे क्लास फेलो रहे थे । मैंने उनसे जनकपुर अंचल की सिंचाई योजनायों की समस्या तथा निराकरण के बारे में ब्रीफ किया, उन्होंने विभागीय मंत्री को आवश्यक निर्देशन देने का आश्वासन दिया । तीन दिन रामेछाप में सिंचाई के काम के सिलेसिले में रुकने के बाद दोलखा के लिए रवाना हुआ ।

रास्ता बहुत ही संकरा और तामाकोशी नदी के किनारे करीब करीब भर्टिकल नीचे नदी की तेज धारा बह रही थी । मैं मधेश में पला बढा लडका हमेशा गिर कर दुनिया से विदा हो जाने का भय सता रहा था पर हिम्मत रखते हुए, समय समय पर रास्ते में ठहरते हुए चलता रहा । रास्ते में विभाग द्वारा खिम्ती खोला का पानी सिंचाई के लिए वियर निर्माण का काम हो रहा था । प्राविधिक गाइडेन्स के लिए थोडी देर ठहरा ।

एक इन्जीनियर की जिन्दगी भी कितना चुनौतीपूर्ण है ? सडक नहीं, रहने के लिए ठीक ढंग का घर नही, पीने के लिए स्वच्छ पानी की उपलब्धता नहीं, गर्मी जाडा रात के अंधेरे से बचने के लिए बिजली नहीं, ऐसी जगहों पर बरसों काम करते रहना पड़ता है और इन समस्यायों की पूर्ति हो जाने पर पुनः उसी तरह की विकट दूसरी जगह निर्माण करने कराने के लिए ट्रान्सफर । इन सारी कठिनाइयों का सामना करते हुए समय में प्रवाहित होते रहना ।

रास्ता कटता जा रहा था । पहाड़ में संध्या-काल भी बहुत देर तक रहता है । कारण है रीज और भैली, रीज यानी उठे हुए डाँड़ा की वजह से सूरज तो नीचे चला जाता है पर अस्त हुआ नहीं होने से प्रकाश रहता ही है, तराई की तरह एकबारगी अंधेरा नहीं होता ।

रास्ते के एक घर में वास के लिए निवेदन करने पर स्वीकृति मिल गई पर खाना में गुन्दरुक के झोल भात की ही उपलब्धता की बात आई । गुन्द्रुक क्या होता है मुझे मालूम नहीं था, साथ चलते हुए रामजीबाबू ने बतलाया कि विभिन्न किस्म के खानेवाले साग को यथासमय तोडकर ठीक ढंग से धूप में सुखाकर यतन के साथ लोग घर में रखते हैं । इसीको पानी में मसालो के साथ उबालकर ब्यंजन या परिकार तैयार किया जाता है । अगर, निपूण ढंग से पकाया गया हो तो इसके साथ खाना स्वादिष्ट ही लगता है । रात्रि में परोसा गया इस तरह का सादा पर स्वादिष्ट भोजन खिलाने के लिए घर-मालकिनी को धन्यवाद देने से अपने को नहीं रोक पाया । पहाड़ के लोगों का सादा, सरल और कपटरहित जीवन मुझे बहुत रास आया ।

# कान्छी



बलदेवराज महत

'कान्छी' आहा कति राम्रो शब्द ! भनौँ भने हाम्रै शब्दकोशमा भएकामध्ये सबैभन्दा प्यारो शब्दहरूमध्येको एउटा शब्द । सबैलाई कान्छी नै सबैभन्दा प्यारो । बाबुआमाकी प्यारी कान्छी छोरी । बाजेबज्यैकी प्यारी कान्छी नातिनी । सासू-ससुराकी प्यारी कान्छी बुहारी । दाजुभाइकी प्यारी कान्छी बहिनी । लोग्नेकी कान्छी स्वास्नीको त झन् कुरै गर्नुपरेन । कान्छी स्वास्नीको लागि मान्छेले आफ्नो धन, स्वास्नी छोराछोरीहरूको मन र आफ्न्तजनहरूको समेत कुनै परवाह गर्दैन । आफ्नी कान्छीको खुसीको लागि कतिले लडाइँ, झगडा, मुद्दा मामिला, चोरी, डकैती, हत्या, भ्रष्टाचार आदि गरे, सबैको आँखाबाट झरे, कति ठहरै मरे भने कति त बिचल्लीमा पनि परे । कति त अझै पनि आफ्नी कान्छीलाई रिझाउनको लागि अरूले जतिसुकै भ्रष्ट भने पनि लाजै नमानिकन प्रष्टसित आफ्नो काममा लागि परेका छन् । यो कान्छी भन्ने शब्द नै यस्तै छ । कान्छी भन्नासाथ मान्छेले कति रमाइलो अनुभव गर्छन् भन्ने कुरा जति वयान गरे पनि कमनै हुन आउँछ । यति प्यारो शब्द भएर पनि अपवादको रूपमा दुईटी कान्छीहरू अलि कम प्यारो मानिन्छन् । एउटी 'कान्छीआमा' वा सौतेनी आमा अर्की घरमा परिवारलाई सहयोगको लागि पालिएकी र गाउँघरमा गरिबीको कारणले हुर्काउन नसकी बावुआमा वा आफ्नतहरूद्वारा सहर बजारतिरका नव धनाढ्यहरूको घरमा फालिएकी 'कान्छी' । सबै कान्छीहरूमध्ये पछिल्लो कान्छीको सन्दर्भमा भने शब्दको अर्थ पनि अलि नमिल्न सक्छ । हुन त यो शब्दकोशतिरको समस्या भएकोले म यसमा बढी कोट्याएर र कान्छीको महत्व छोट्याएर बेकारको कष्ट गरी आफ्नो समय नष्ट गर्न चाहन्नँ । आखिर जे जस्तो भए पनि कान्छी त कान्छी नै हो । बढी कोट्याइ केलाई गर्नथाल्यो भने कस-कसको के-के देखिन्छ के-के ? छोटकरीमा भन्ने नै हो भने कान्छीको महिमा अपरम्पार छ भनेमा केही फरक पर्ला र कान्छी शब्दले अप्ठ्यारो गर्ला जस्तो पटक्कै लाग्दैन ।

आफू हजुरबाको कान्छीपट्टिको नाति, बाबुको कान्छीपट्टिको छोरो, मामा घरतिर पनि कान्छीपट्टिकी छोरीको नाति भएकोले कान्छी शब्दको सम्पूर्ण मजा राम्रैसित भोगचलन गर्ने जोग पर्दैआएको छ । बाजे बज्यैले अरूलाई धोका दिएर सन्दुकको पोकाबाट अन्त हल्ला नगर्नू भनी सम्झाउँदै घिउ र मिस्रिका डल्ला दिएको, बाबुले जेठीपट्टिका छोराहरूसित फुट गराई आफूलाई सबैतिरबाट लुट गर्ने पुरै छुट दिएको, मामा घरतिर पनि दही, दूध, घिउ, कुरौनी सेलरोटी, फलफूल र माछा मासु आफैले बढी खाएकोले कान्छी भन्नासाथ आफूलाई त साह्रै मजा लाग्छ । त्यसैले अलिकति टेक्ने र समाउने ठाउँ भेटेर केही कमाउने हुनासाथ मलाई एउटी कान्छी नभैकन भएन । त्यसमाथि श्रीमतीको जोड र छिमेकीको होडले पनि घरमा कान्छी नराखी नहुने भयो । हुन पनि घरमा एउटी कान्छी नभए त इज्जतै जान्छ । कस्ता-कस्ताले त कान्छी राखेका छन् भने म जस्ताले राख्न किन नहुनु । श्रीमतीलाई घरमा कान्छी ल्याएर ठूलो-ठूलो स्वरमा सबै टोल छिमेकले सुन्ने गरी काम अह्राउन साह्रै रहर लागेको र आफूलाई एउटी कान्छी घरमा राखेर साथीभाइ इष्टमित्रहरूको अगाडि उसै चुच्चो नाक अझ ठड्याउने प्रबल इच्छा जागेकोले गाउँमा खबर पठाइहालेँ । खबरमा भनेको थिएँ सात आठ वर्षकी पानी चल्ने जातकी, हेर्दा राम्री, सुग्घरी, कुरा बुझ्ने, लोभ नगर्ने आदि गुण हुनुपर्छ । यहाँ आएपछि आफू सरह खान लाउन दिने, आफ्नै छोराछोरी जस्तै गरेर राख्ने, औषधी उपचार भइहाल्छ, घर पूरै जिम्मा दिने, पढ्न चाहेमा स्कुल पठाइदिने, उमेर पुगुन्जेल बसेमा बिहेसमेत गराइदिने, गहनागुरिया आदिको केही चिन्ता गर्नु नपर्ने, उसका बाबुआमा वा आफन्तलाई पनि बेला-बेलामा पैसा वा सामान दिने र सहरतिर काम विशेषले आउँदा अन्त बस्नु नपर्ने आदि-आदि आकर्षक विज्ञापनहरू मैले आफ्नो गाउँतिर र श्रीमतीले उनको माइतितिर पठाउने काम गर्‍यौँ । अनि केही दिनमै घरमा कान्छी आइपुग्ने कुरामा भर पर्‍यौँ ।

विज्ञापनको केही दिनमा त नभन्दै एउटी सात आठ वर्षकी लरक्क परेकी केटी श्रीमतीको माइतितिरको मान्छेसित सरक्क आइनै पुगी । उसका खुट्टामा चप्पलसम्म पनि छैन, आङमा आफू भन्दा पनि जेठो जस्तो देखिने सस्तो खाले टालटुलले मात्र जिउ ढाक्ने हुन सकेको फ्रक लगाएकी, हातगोडा चरचरी फुटेको र त्यसबाट रगत छुटेको, कपाल लामो तर जिङरिङ, कहिल्यै काँगियोको संगतै नपरे जस्तो, गाला र आँखा खर्लप्प गाडिएका, घाँटी र कानमा प्रष्ट देखिने मयल । झलक्क हेर्दा देखिने उसको रूप यही थियो । त्यस्ती देखिने भए तापनि हातमा सानो बट्टामा राम्ररी खारेको कुरौनी मेरी श्रीमतीको लागि भनेर घरदेखिनै बडो जतनसाथ ल्याएकी थिई । मेरी श्रीमतीको त्यसै पनि ठूलो स्वर त्यसमाथि घरमा त्यस्ती कान्छी आइलागेकीले घरमा लाउड स्पिकर नै जडान गरेजस्तो भइहाल्यो । श्रीमतीको भनाइ र मिजासलाई सर्सर्ती देख्दा पनि ती दुबै जना थर्थर्ती कामे जस्तो देखिन्थ्यो । श्रीमतीको गर्जन निकै दर्जन मिनेटसम्म कायमै रह्यो । त्यो केटीको रूप, बावुआमा, गाउँ-ठाउँ, त्यहाँको सम्पूर्ण रहनसहन, चालचलन देख्दा नै आफूलाई जलन हुने कुरा उनले निकै पल्ट दोहोर्‍याइन् । मैले आफ्नो आवश्यकता एक नम्बरको गियर रूपी कमाइले मात्र तान्न र घर परिवार धान्न नसकी दुई नम्बरमा पाइला चालेपछि र अलि-अलि कमाउन थालेपछि मेरी श्रीमतीले आफू पनि त्यसै केटीको गाउँमा जन्मेको र केही वर्ष अघि झन्डै-झन्डै त्यस्तै हालतमा मसित अन्मेको कुरालाई यति छिटै चटक्कै बिर्सेको देखेर हर तरहले गर्व लाग्यो । मेरी श्रीमती बडा दयालु भएकोले त्यस केटीलाई जे जस्तो भए पनि आजैदेखि घरमा राखी काम गर्न सिकाउने र यदि नभएमा तुरुन्त अर्की झिकाउने सर्तमा राख्ने भइन् । श्रीमतीको निर्णयमा दुबै आगन्तुकहरू दङ्ग परे र मेरी श्रीमतीको कुनै पनि सर्त भङ्ग नगर्ने कुरामा मन्जुरी गरे । अब उसको वास्तविक नाम जे सुकै भए पनि र घरमा उसको मर्यादाक्रम जे सुकै भए पनि मेरी श्रीमतीले उसको न्वारन गरिन् । अब ऊ सबैकी कान्छी भइ । घर टोलछिमेक सबैकी प्यारी कान्छी । सबैतिरबाट आफ्नो पासोमा पर्न आएपछि वास्तविक नाम ठेगानासित कसैलाई चासो नहुनु अस्वाभाविक पनि त भएन नि । जे भए पनि ऊ अब सबैकी कान्छी भई ।

आफूहरू र आफ्ना बालबच्चा बाहेक अरूको लागि पहिले काम त्यसपछि मात्र माम भन्ने सिद्धान्तलाई ज्यादै मान्ने मेरी श्रीमतीले अब कान्छीलाई उसको जिम्मेवारी बारेमा वयान गर्न थालिन् । आफ्नो सानो परिवार भएकोले अहिलेसम्म आफ्नै भरमा सबै कुरा चलेको भए पनि कान्छीको स्थिति माथि दया लागेर मात्र उसलाई घरमा राखेको कुरा प्रष्ट पारिन् । मलाई पनि श्रीमतीको सुझबुझ र सबै कुरा मजाले अर्थ्याउने बानीमा घमन्ड नै लाग्यो । उनले भनिन् "मेरो घरमा खास काम केही पनि छैन । चार पाँच जनाको सानो परिवार छ । सबै जना

आ–आफ्नो काममा जान्छन् । दिनभरि फुर्सद नै हुन्छ ।" यति सजिलो घरकी कान्छी हुन पाएकोमा कान्छी पनि भित्र-भित्रै रमाई । कहिले सहरतिर नआएकी ऊ त्यसै पनि रमाएकै थिई, छन त । श्रीमतीले फेरि काम बताउन थालिन् "सधैं बिहान चार बजे उठ्नुपर्छ । सबै भाँडाहरूमा पानी भर्नुपर्छ । माथिदेखि तलसम्म घर बढार्नुपर्छ । अनि दूध लिन जानुपर्छ । त्यसपछि चिया पकाएर सबैलाई ओछ्यान ओछ्यानमा पुऱ्याइदिनुपर्छ । अनि पूजाको सरसामानहरू ठीक गर्नुपर्छ । त्यसपछि दाल भात तरकारी पकाउन आवश्यक सरसामान तयार गर्नुपर्छ । खाना नपाकुन्जेलसम्म भान्छा छाड्नु हुँदैन । मसला पिस्ने, तरकारी काट्ने, केलाउने, भान्छामा अन्य आवश्यक सहयोग गर्ने, सुग्घर सफाइ गर्ने, केटाकेटीको लागि खाना ठीक गर्ने, केटाकेटीहरूलाई स्कुलसम्म पुऱ्याउन जाने, फर्केर आएपछि मेरो र श्रीमतीको लागि खाना ठीक गर्ने, भाँडा माझ्ने, लुगा धुने, खाजाको लागि सरसामान तयार गर्ने, घरमा भएका सबैलाई खाजा खान दिने, केटाकेटीहरूलाई लिन स्कुल जाने, फर्केर आएपछि केटाकेटीहरूलाई खाजा खान दिने, बेलुकाको खाना पकाउन सरसामान तयार गर्ने, खाना पकाउन मदत गर्ने, मसला पिस्ने, तरकारी केलाउने र काट्ने जस्ता कामहरू गर्ने, भान्छाको सुग्घर सफाइ गर्ने, सबैलाई खाना तयार गर्ने, खाना खुवाउने, भाँडा माझ्ने, सुत्ने कोठामा ओछ्यान सफा गर्ने तयार गर्ने" आदि साधारण कामहरू उनले कान्छीलाई सम्झाइन् । गाउँ घरको जस्तो घाँस डोको र मेलापात गर्नु नपर्ने भएकोले सहरमा घरभित्रको काम खास केही पनि नहुने कुरा पनि उनले कान्छीलाई राम्ररी सम्झाइन् । कान्छी पनि यति सानै उमेरमा यतिका गहन जिम्मेवारीहरू बहन गर्न पाएकीले गाउँको वातावरणलाई सहन गर्न नसक्ने भइहाली । अब कान्छीको जिम्मेवारी आजैदेखि सुरु हुने भयो । प्यारी कान्छीको वासस्थान पनि तय गरिन् मेरी श्रीमतीले । कान्छीलाई चिसो लाग्ला, बाहिरको दूषित हावाले उसलाई स्वास्थ्यमा नराम्रो असर पर्ला भनेर मेरी दूरदर्शी श्रीमतीले उसलाई कतैबाट पनि हावा नछिर्ने घरको भऱ्याङ मुनि कुकुर बाँधे भन्दा अलिकति यता सानोचट्ट परेको ओछ्यान तयार पार्न लगाइन् । नरम ओछ्यानमा सुत्यो भने ढाड दुख्ने रोग लाग्न सक्ने हुनाले कान्छीलाई दुई तीन वटा फल्याक जोडेर त्यसमाथि पातलो पुरानो मक्किसकेको थाङ्नो नै भनिहाल्न अलि नमिल्ने डस्ना लगाइदिइन् । कान्छीलाई मजाको आरामदायी र स्वास्थ्यकर ओछ्यान तयार भइहाल्यो । कुकुर नजिकै बाँधिएकोले राती सुत्दा भरपर्दो र इमानदार साथी पनि भइहाल्यो ।

कान्छीले आफ्नो काम सकीनसकी सुरु गरेदेखि नै गुरु स्त्री मेरी श्रीमतीको चर्को स्वर झर्को नै लाग्ने गरी घरमा सधैँभरि सुन्न पाइयो । कान्छीले हप्कीदप्की, झापड, भुत्ल्याइ, लौरोको चुटाइदेखि लिएर श्रीमतीले दिने सबै सजायँहरू सही । छोराछोरीको कुटाइ र गालीगलौजमा पनि कान्छीले चुँसम्म पनि गरिनँ । भोको बस्दा पनि उसले भोक लाग्यो भनेर कसैलाई पनि भन्ने आँट गरिनँ । उसले तालिममा पाएको सजायँ र नसिहत बारे बोलेको र मुख खोलेको कहिल्यै देखिएन । कान्छी साह्रै सहनशील भएको देखेर मेरो घरमा पूरै परिवारजनहरूको स्वर झन् बढ्न थाल्यो । श्रीमतीका आफन्तहरू र छोराछोरीका साथीहरूलेसमेत कान्छीलाई तालिम दिने काममा आधिकारिक रूपमा भाग लिए । सजायँ पनि सबैले आफूखुसी दिन थाले । कान्छीले सजायँ खाँदा सबै जना निकै हर्षित देखिन थाले ।

आफ्नो लागि काम गर्ने मान्छेको कुनै कमी नभएको र काम गर्ने त धेरै जनाले ल्याइदिन्छु भन्दाभन्दै पनि आफ्नै माइतितिरको भएकोले अनि उसको अवस्थाप्रति साह्रै दया लागेर मात्र घरमा खास काम नभए पनि कान्छीलाई आफूले वास दिएको कुरा मेरी श्रीमतीले छिमेकका भुरासमेतलाई पनि बारम्बार सुनाएको देखेँ । कान्छी पनि कति अघिदेखि सहर आउने रहर पूरा भएकोले भित्र-भित्रै बडा खुसी भए जस्ती देखिन्थी । श्रीमतीको तालिम दिने शैली राम्रो भएकोले घरको खास-खास कामहरू कान्छीको दिमागरूपी थैलीमा छिट्टै घुसे जस्तो भयो । कान्छीलाई लगाउने लुगाहरू पनि श्रीमतीले मजाले बन्दोबस्त गरिन् । कुनै छोरीका कुनै छोराका पुराना कुना काप्चातिर फालिएका र दस ठाउँमा टालिएका लुगाहरू कान्छीका लागि ठीक हुने त्यसै ठीक भइहाल्यो नहुने जतिलाई तानतुन र ओल्टाई पल्टाई गरेर कान्छीले लगाउन थाली । कुनै लुगाहरू त मैरै पनि घिसार्दै लगाएको र श्रीमतीका साह्रै जीर्ण पेटीकोट ब्लाउजहरू पनि लगाएको देखिन थाल्यो । सबै थोत्रा फालिएका, कुना काप्चामा कोचिएका र डढाउने वा फाल्ने भनी सोचिएका जनाना मर्दाना दुबै किसिममा लुगाहरू कान्छीको लागि एक बाकसभन्दा पनि बढी भइहाल्यो । जनाना मर्दाना दुबै किसिमका लुगाहरू लगाउन कान्छीलाई छुट दिएको देख्दा नारी पुरुष समानतामा मेरी श्रीमतीको दृढ विश्वास सबैलाई छर्लङ्ग हुन्छ । कान्छी आएदेखि र उसले काम पाएदेखि नै घरमा अतिथिहरूको आउने जाने क्रम पनि अलि बढेको छ । खासगरी टोल छिमेकका महिलाहरू र श्रीमतीका नातेदार महिलाहरूले फुर्सद छैन भन्दा पनि अचेल श्रीमतीले कर गरेर बोलाई-बोलाई कमसेकम एककप चियासम्म मात्र भने पनि कान्छीद्वारा टक्र्याउने गरेकी छिन् । पहिले-पहिले कति जरुरी काममा मानिसहरू भेट्न आउँदा पनि घण्टौं ढोका नखोल्ने मेरी श्रीमतीलाई यस्तो भएको देखेर मलाई चाहिँ कस्तो-कस्तो लागेको छ ।

खानेकुरामा पनि कान्छी साह्रै सन्तोषी छे । भात पनि ज्यादै थोरै खान्छे । कहिले-कहिले बेलुका भाँडोको कोरकार र केटाकेटीले फालेको तरकारी आदि मात्र खाएर पनि सुत्न सक्छे । उसको लागि छुट्टै चामल हाल्ने चलन छैन । उही हामीले खाएर उब्रेकोबाटै काम चलाउँछे । मेरी श्रीमतीले दाह्रा किटेर आँखा तरेपछि उसको पेट त्यसै भरिने रहेछ । घरमा माछा पाक्दा कान्छीलाई टाउको र मासु पाक्दा हाडखोड मात्र खाएमा उसका हातगोडाका हड्डी बलिया हुन्छन् भनेर मेरी श्रीमती केटाकेटीले नखाएर पन्छाएको छाला बोसो र अलि-अलि झोलसित हाडखोड मिसाएर दिएपछि उसलाई छेलोखेलो भइहाल्छ । बाक्लो दाल खाँदा छेर्पटी लाग्नसक्ने हुनाले बाँकी दालमा पानी थपेर दिएको मात्र खान रुचाउँछे । कति मजाले पच्छ र कान्छीको शरीरमा पानीको मात्रा पनि बच्छ । कान्छीले मिठाई, खीर आदि पनि गुलियोले दाँत बिग्रन्छ भनेर त्यति रुचाउन्न । दही, दूध, फूल आदि पनि पचाउन गाह्रो हुने हुनाले राम्रो मान्दिन । ताछ्ने केलाउने झन्झट गरेर समय खेर जाने हुँदा मेरी श्रीमतीद्वारा समयको महत्व राम्ररी बुझेकी कान्छी फलफूल पनि त्यति निको मान्दिन । खाजा खान पनि त्यति मन गरे जस्तो देखिँदैन । चिया कफी त झन् अम्मल नै भइहाल्यो । अम्मल लाग्ला भनेर त्यसतिर पनि जोड गर्दिन । जुस, सर्वत र अन्य चिसा पेयहरू पनि घाँटी खराब होला भनेर पटक्कै मन पराउन्न । मेरी श्रीमतीले कान्छीको शरीरको आवश्यकता यति बिस्तृतमा बुझेर उसको लागि खानाको मात्रा छुट्याएकोमा उनी कुनै जीवशास्त्रको विद्वान् भन्दा कुनै दममा पनि कम नभएको कुराको म दाबी गर्नसक्छु । टी.भी. भिडियो हेऱ्यो भने आँखा छिटै खराब हुन्छ भन्ने कुरा कान्छीलाई राम्ररी थाहा भएकोले ऊ नजानेर पनि यस्तो गल्ती गर्दिन । कहिले काहीँ हेर्न बसिहाले पनि परिवारका अरू सदस्य वा कुनै आगन्तुकको आवश्यकता पूरा गर्न दौडी हाल्नुपर्छ उसलाई । मनोरञ्जनलाई भन्दा आफ्नो कामलाई प्राथमिकता दिन खुब रुचाउँछे ऊ । त्यसमाथि मेरी श्रीमतीको तालिम, शिक्षा, निर्देशन र नियन्त्रण गर्नसक्ने क्षमताको पनि उसमा खुब असर परेको प्रष्ट देखिन्छ । घरका परिवार र नियमित आगन्तुकहरूलाई कान्छीलाई देख्नासाथ एउटा न एउटा काम अह्राइहाल्नुपर्ने र सानोतिनो बाहना झिकेर अलि ठूलो स्वरमा कराउन थाल्नुपर्ने बानी नै बसिसक्यो । यसबाट तिनीहरूको

रचनात्मक क्षमता विकासमा पनि कान्छीले योगदान पुऱ्याएकी छे ।

आफूलाई पनि कान्छी आएदेखि केही सजिलो र होलो जस्तो भएको छ । साँझ बिहान अबेरै वा सबेरै जति बेला चुरोट सुपारी वा पान चाहिए पनि कान्छी फुत्त निस्केर पसल गइहाल्छे । यसो बेलुकातिर ठाडो घाँटी लगाउनु परेमा कान्छीले जति सुकै रात परे पनि खुर्र दौडेर ल्याइदिइहाल्छे । कान्छी घरमा आएदेखि बेलुका अलि-अलि तान्न र कुनै-कुनै इष्टमित्रलाई मान्न पनि यसो बोलाउने गरेको छु । यसो टोक्ने चीज पनि घरमा त्यसको बिज रहेसम्म तयार गरिहाल्छे । श्रीमतीको कचकच पनि सुन्नुपरेन । राती जति अबेरसम्म बसे पनि रेखदेख गर्न कान्छी जागा बसिहाल्छे । अफिस वा बाहिर जाँदा आउँदा जुत्तामा टल्कने गरी पालिस लगाउनेदेखि लिएर सुत्ने बेलामा खुट्टामा मालिस गर्नेसम्म सबै काम कान्छीले नै गर्छे । अब त लुगा इस्त्री गर्न पनि अलि-अलि जान्न थालेकी छे । केही समय पछि धोबी, भान्छे, मेत्तर, धाइ, पाले, मसाल्ची, लोडर, सिलाई, बुनाइ, कटाइ, वेटर, वेरा, रिसेप्सनिस्ट, होस्टेस आदि सम्पूर्ण काम गर्न सक्ने ज्यादै दक्ष महिला बन्नसक्ने सम्पूर्ण खुबी उसमा विद्यमान छ । यति धेरै काम सिक्न पाउने हुनाले उसको भविष्य साह्रै उज्ज्वल छ भनेमा फरक पर्दैन ।

यति धेरै खुबी भएकी कान्छीमा एउटा खुबी नभएको देख्दा भने म, मेरी श्रीमती र परिवारका अरू सदस्यहरूलाई साह्रै दुःख लागेको छ । नेपालमा नेपालीद्वारा जन्मेर नेपालमै हुर्केर पनि कान्छीले नेपाली भाषा बोल्न नजानेको देख्दा भने मलाई कहिले काहीं रून पनि मन लाग्छ । अलिकति हुने खाने र केही नगद आउने जाने भएपछि उहिले दरबारी समुदायमा मात्र बोलिने भाषा हामीले पनि घर घरमा बोल्ने र त्यस्तो भाषा नजान्नेलाई पाखे भनी पोल्ने गरेको कुरा उसलाई थाहा नै रहेनछ । घरमा आउने जाने पाहुना र परिवारका सदस्यहरूलाई पनि हजुर नभनी तपाई भनेर सम्बोधन गर्दा मरेजस्तै लाग्छ । आफ्नो अहिलेसम्म जोगिएको इज्जत नै गए जस्तो लाग्छ । नाक नै काटिए जस्तो लाग्छ । सिँगान पुछ्न नसक्ने र आमाको दूध लुछ्न नछाडेका केटाकेटीदेखि माथिका सबैलाई मैंया साहेब र काजी साहेब भनेर सम्बोधन गर्न कति सिकाउँदा पनि बल्ल-बल्ल अलि-अलि सुरसार ल्याउन थालेकी छे । के गर्नु घरमा राखेको मान्छेले सबैसँग त्यसरी नबोलेमा आफ्नो बेइज्जत नै हुन्छ । त्यसैले जोड गर्नपऱ्यो । सानो वा ठूलो जुनसुकै तहको भए पनि मैलो काम गरेर आफ्नो थैलो भर्न थालेपछि भाषामा सुधार ल्याई आफू अरू भन्दा अलि खान्दानी जस्तो देखिनै पऱ्यो । अचेल जसको घरमा गए पनि सकीनसकी कनीकुथी र शुद्ध अशुद्ध आदिको विचारै नगरिकन दरबारी भाषा बोलेको सुनिन्छ । सहर बजारमा आफ्नै विचारमा ठाँटसित बसेपछि-पछिल्लो जिन्दगीबारे सोध्ने र घोचपेच गर्ने आँट कसले गर्नसक्छ र ! बरु कुन तहसम्मकोले कुन भाषा बोल्ने भनी वर्गीकरण गरिदिएमा सर्वसाधारणलाई सजिलो पर्थ्यो कि जस्तो पो लागेको छ । तर जे होस् कान्छीले इज्जतदार नेपाली भाषा सिक्न ढिलो गरेमा आफ्नो इज्जतमा बढी हिलो छ्यापिने र कति गरेर जोगाएको आफ्नो धाक रवाफको किलो हल्लिने डरले म, मेरी श्रीमती र छोराछोरीहरू कान्छीलाई भाषा सिकाउनमा निकै लागिपरेका छौं । कान्छी पनि कनीकुथी गरेर सिक्ने प्रयास गर्दैछे । त्यसमाथि मेरी श्रीमतीले हप्कीदप्की लगाउने र कहिले काहीँ सजायँ स्वरूप एक दुई थप्पड पनि दिने गरेकीले कान्छीको भाषा सिक्लाइमा अझ तीव्रता आउने कुरामा दुईमत हुनै सक्दैन । जे जस्तो भए पनि केही दिनमै कान्छीले राम्ररी नेपाली भाषा सिक्ने र हाम्रो प्रतिष्ठा राम्ररी टिक्ने कुरामा म चाहिँ निश्चिन्त भएको छु ।

घरमा कान्छी आएदेखि छोराछोरीहरूले पनि पढ्ने खेल्ने आदि काममा आफ्ना साथीहरूलाई घरमा बोलाउने वा ल्याउने गर्न थालेका छन् । हुन त जस्तो देख्यो त्यस्तो सिक्ने नै भए उनीहरूले पनि । छोराछोरी र उनीहरूका साथीभाइहरूले पनि कान्छीलाई हप्काएको, दप्काएको र ठूलो-ठूलो स्वरमा काम अह्राएको देख्दा भविष्यमा उनीहरू प्रतिष्ठित र मर्यादित नागरिक बन्नसक्ने, अरूलाई नियन्त्रणा गर्नसक्ने, काम लगाएर खानसक्ने, मोजमस्ती र मनोरञ्जन गर्नसक्ने, आफूले केही गर्ननजाने पनि राम्ररी खान लाउन जान्ने हुनसक्ने, कमजोर मान्छे भेट्टाएमा आफ्नो प्रभुत्व देखाउनसक्ने, भविष्यमा नीति, निर्देशन र योजनाका कुराहरू धेरै गरे पनि काम चाहिँ कहिले पूरा गर्ननसक्ने हाम्रा बुद्धिजीवीहरूको हाराहारीमा उभिनसक्ने कुराको मीठो कल्पना गरेर मेरी श्रीमती आफै दङ्ग परेकी छिन् । सबै कुरामा कान्छीको योगदान देखेर मलाई पनि खुसी नै लागेको र भित्र-भित्रै कान्छीप्रति ठूलो स्नेह जागेको छ ।

आफ्नो घर मात्र होइन अलि कुरा मिल्ने छिमेकी, साथीभाइ, नातागोता, इष्टमित्र र छोराछोरीका साथीहरूका घरमासमेत पनि चाडपर्व, बिहे बटुल वा अन्य कुनै पनि धार्मिक कार्यहरू खासगरी भोज-भतेर हुने ठाउँमा कान्छीलाई सधैं निम्तो आउँछ र त्यसमा कान्छीका हातगोडा र ढाडले निकै राम्रो कसरत पनि पाउँछ । त्यस्ता भोज-भतेरमा भने हाम्री कान्छीलाई सबैले सोधी-सोधी र खोजी-खोजी खुवाउँछन् । उसको पेटले मीठो मसिनो परिकारसित भेट गर्ने मौका पाउँछ । खाना र कसरत दुबै मजाले पुग्ने हुनाले कान्छीलाई पेट दुख्ने वा अरू कुनै पेट सम्बन्धी सिकायत हुँदैन । त्यहाँबाट घर फर्कने बेलामा उसले धेर थोर बक्सिस पनि पाउँछे । त्यहाँ दिनभरि र रातभरि भाँडा माझ्ने, पानी बोक्ने, सबैका केटाकेटीहरूलाई फुलाउने डुलाउने र अन्य सबै काम सकेर खुट्टा पनि राम्ररी नटेकिने अवस्थामा घर पुगेकी कान्छी घर पुगेर साबिककै आफ्नो काम गर्न थालिहाल्छे । आराम गर्ने पनि त्यति रुच्याउन्न । साँच्चि नै भन्ने हो भने सानोतिनो मेसिनलाई पनि काम गर्नमा मात दिन्छे । हाम्रा देशका अरूले पनि छेउ न टुप्पोसित बकमफुसे गफ मात्र हाँक्न छाडी कान्छीबाट प्रेरणा लिएर काम गर्नथाले हाम्रो देशको उन्नति कहाँबाट कहाँ पुग्ला भनी ठ्याम्मै नसोचेको देख्दा सबैलाई साह्रै खिन्न लागेको होला । जतिसुकै काम गरे पनि नथाक्ने मन्त्र कान्छीबाट मैले नसिकी भएको छैन । धेरै काम मात्र गरेर विरोध ठ्याम्मै नगर्ने बानी देखेर हो कि किन हो कान्छीसित राम्रो मुखले घरमा कोही पनि बोल्दैन । धेरै जस्तो गाली खाइराखेकै देखिन्छ । मलाई पनि ऊदेखि झनक्क रिस उठ्छ कहिले काहीँ त । तर थोरै समयमै कान्छीलाई सबै गाली पचिसके जस्तो देखिन्छ । कतिपय पारिवारिक गाली त उसले बुझ्ने उमेर नै भएको छैन । त्यसैले बुझ्दिन होला जस्तो लाग्छ । तैपनि सबैको गालीलाई उसले आशीर्वाद सम्झेर स्वीकार्ने गरेकीले गाली गर्नेहरूलाई ठूलो प्रोत्साहन भएको छ ।

घरबाहिर अरूले टाउकोमा लात हाने पनि एक बात बोल्न हिम्मत नगर्ने मेरा परिवारजनहरू कान्छीलाई देख्नासाथ सिंह गर्जेझैं गर्जन थालिहाल्छन् । अरूलाई चिच्याउने र कान्छीलाई खप्ने बानी नै परिसक्यो । सहनशीलता भन्ने शब्द हाम्रा मान्यजनहरूले कान्छीबाट सिकेमा अवश्य पनि केही लाभ नै हुनेछ । मेरी श्रीमती र परिवारजनको राम्रो निर्देशन, मेहनत र शिक्षादीक्षाले कान्छीलाई चौबिसै घण्टा कुनै पनि टण्टा नमानीकन काम गर्नसक्ने बनाएकोमा मलाई आफ्नो पारिवारिक क्षमतामा गर्व गर्नैपर्ने भएको छ । राम्रो काम गर्ने मान्छेको तारिफ गरेमा उसले काम गर्न छाड्छ भन्ने सिद्धान्तलाई जानेर र मनैदेखि मानेर मेरी श्रीमती जहाँ गए पनि दुई चार जना महिलाहरू भेट्नासाथ आफ्नी कान्छीले काम नै गर्दिन, ठग्न मात्र खोज्छे, खानलाई पनि ज्यादै लोभी छे, लुगाफाटो जति राम्रो हालिदिए पनि राम्ररी लगाउन जान्दिन, जति दिए पनि उसलाई चित्तै बुझ्दैन, जति सिकाए पनि उल्टो-उल्टो काम गर्छे, कुनै कुरामा

पनि भर पर्न सकिन्न, आफ्नै छोराछोरी सरह खान दिए पनि चोरेर नखाइ उसको चित्तै बुझ्दैन, सानो कुरो प्रेमपूर्वक सम्झाउँदा पनि जवाफ दिइहाल्छे, मुखमुखै लाग्छे, छोराछोरीले केही भने पनि उनीहरूसित झगडा गर्न थाल्छे, खाली खेल्न मात्र हिँड्छे, भाँडाकुँडा माझ्दा पनि फुटाएर केही राख्दिन, जतन भनेपछि केही कुराको गर्दिन, उसका आफन्तहरूलाई जति पैसा दिए पनि चित्त बुझाउँदैनन्, किनमेल गर्न पठाए नाफा खाइहाल्छे, जति बेला पनि खाली टी.भी. हेर्ने, घुम्न हिँड्ने गरेर कायल गरिसकी, घरमा काम गर्ने मान्छे राखेर पनि सबै काम आफैले नगरी सुखै पाइन्न आदि भन्ने जस्ता कुरा गरेको मात्रै सुन्छु । श्रीमतीले अरू महिलाहरूसित कान्छीको विषयमा गरेको कुरा सुन्दा मलाई पनि ठीकै जस्तो लाग्छ । घरबाट निकालौं भने पनि भोलिपल्टैदेखि आफ्नो धेरै जस्तो काम ठप्पै हुने त होइन उसको जाने बस्ने ठाउँ कतै छैन भनेर दया लाग्छ के गर्नु ?

कान्छीले जिउ पनि जन्मेदेखि नै घिउ खानेहरूको भन्दा गतिलो पाएकी छे । हत्तपत्त बिरामी पनि पर्दिन । ऊ बिरामी भएको त मलाई थाहा पनि छैन । सानातिना ज्वरो, रुघाखोकी, झाडापखाला, टाउको दुख्ने आदि रोग त एउटै औषधी नखाइ ठीक हुन्छ । जतिसुकै थला परे पनि मेरी श्रीमतीको आवाज सुन्नासाथ ऊ यन्त्रवत उठेर काम गर्न थालिहाल्छे । उसको जिउले बिरामी छु भन्ने कुरा थाहा पनि पाउँदैन । सकीनसकी घिस्रँदै भए पनि आफ्नो काम अरूलाई गर्ने मौका दिन्न । जस्तोसुकै रोग लागे पनि उसलाई आफै ठीक हुन्छ । जस्तै शंक्रामक कीटाणुहरू पनि पचाउन सक्ने भएको छ उसको जिउ । आजसम्म पाँच पैसाको औषधी किन्ने मौका हामीले पाएका छैनौं । छोराछोरीलाई एकचोटी हाच्छ्युँ आए पनि श्रीमती आँत्तिएर डाक्टर, वैद्य झारफुकवाला कहाँ दौडादौड पर्छ । तर कान्छीलाई भने औषधीको नाम लिनु नपरेको देख्दा त हामी सबैका जिउ त्यस्तै बलियो भए हुन्थ्यो जस्तो लाग्छ ।

मेरी श्रीमतीको भनाइ अनुसार हाम्री कान्छी पढ्न पनि पटक्कै मन गर्दिन । श्रीमतीले कति पल्ट स्कुल हालिदिन्छु भन्दा मान्दै मान्दिन भनेर छिमेकीहरूसित कुरा गरेको मैले सुनेको छु । तर मसित भने कहिले कुरा गरेकी छैन । आफ्ना केटाकेटीको पढाइमा त्यत्रो ध्यान दिने मेरी श्रीमतीमा कान्छीलाई पढाउने ज्ञान आएन होला भनेर म त सोच्न पनि सक्दिनँ । कान्छीले पढ्नलाई फुर्सद निकाल्न सक्दिन । हामीले पनि के गर्नु । ऊ घरमा आएदेखि नै घरमा कुनै पनि साना ठूला चीज ल्याउँदा कुल्ली लगाउनु पनि परेको छैन । जत्रोसुकै भारी भए पनि कान्छीले नै खेप्ने गरेकी छे । जस्तासुकै भार भए पनि कान्छीले एकैछिनमा पार लगाउँछे । लुगा धुन पनि कान्छी उस्तै तगडा छे । घरका ठूला-ठूला तन्नाहरू, पर्दाहरू र गलैचाँहरूसम्म पनि उ एक्लैले धोएर सुकाएर ठीक पार्छे । अरूले हातै लाउनु परेको छैन । लुगा धुँदा भने सावुन धेरै खर्च गर्छे भनेर श्रीमतीले कहिले काहीँ छिमेकीहरूलाई सुनाएको पनि देख्छु । घरको सफाइ, लिपपोत, रङरोगनदेखि लिएर चुन गेरु सबैको काम उसैले गर्छे । ऊ आएदेखि पानीको समस्या पनि परेको छैन । कहाँ-कहाँदेखि लाइन लागेर भए पनि घरमा पिउन, खाना पकाउन, लुगा धुन, नुहाउन, भाँडा माझ्न, गमलातिर छर्कनदेखि लिएर सबै कामको लागि आवश्यक पर्ने पानी उसैले धानेकी छे । भान्छा बाथरूम पनि कान्छी आएदेखि टलक्क टल्केका छन् । मेरी श्रीमतीको कुशल नेतृत्वलाई मान्नैपर्छ र कान्छीबाट केही कुरा जान्नैपर्छ ।

जे होस् हाम्रो संगतमा परेर कान्छीले धेरै कुराहरू सिकीसकी । यहाँ बसेर हामीलाई भन्दा उसैलाई बढी फाइदा भएको छ । हाम्रो संगत नपरेको भए उसले यस्तो काम गर्न सिपालु कहाँ हुनपाउँथी ? खाने, लाउने, देख्ने, सुन्ने मौका कसरी पाउँथी ? त्यसमाथि मेरी श्रीमतीको तालिम । कान्छी आएदेखि मेरी श्रीमतीले सिन्को सार्नु परेको छैन । कान्छी पनि उसको तालिमबाट कुनै पनि क्षेत्रमा काम गर्नसक्ने भइसकी । उसले नजानेको र नसक्ने भनेको कुनै कामै छैन । कान्छीको काम सिक्ने मौका उसको हातबाट कहिले पनि खोसिएन । कान्छीले विदाछुट्टी लिएको पनि मलाई पटक्कै थाहा छैन । म आफै घरमा नभएको समयमा लिएको भए मलाई थाहा छैन । नत्र चाल पाएसम्म उसले विदा पाएकी पनि छैन । हुन त मेरी अनुभवी र जान्ने सुन्ने श्रीमतीले कान्छीलाई बडो राम्रोसित काम सिकाएर लाउन खान दिएर आफ्नो सहरी वातावरणमा पुरै ढलिसकेकी हुनाले विदा लिएर गाउँतिर पठाउँदा खानपिन र रहनसहन नमिल्ला भनेर विदा नदिएको पनि हुन सक्छ । मेरी श्रीमती जस्तो अनुभवी र दूरदर्शी मान्छेले कान्छीलाई हानि पुग्ने काम त जानी-जानी पक्का पनि गर्दिन नि । सबै कान्छी घरमा राखी तालिम दिने आइमाईहरूले यसै गरेको देखेको र सुनेको हुनाले यो पनि ठीकै लाग्यो ।

एवम्रीतले दिनहरू ढल्दै गए र हाम्रो घर व्यवहार पनि चल्दै गयो । कान्छी पनि समयसँगै हलक्क बढेर झलक्क बली । मैले त ख्याले पनि गरिनँ । बजारबाट किनमेल गरेर घर फर्कन केही मात्र ढिलो गरे पनि श्रीमती उफ्रन थालेर मात्र मैले चाल पाएँ । मेरो छोरा पनि कान्छीलाई अलि बढी नै काम लगाउने बहानाले बोलाउन थाल्यो । घरमा आउने जति साथीभाइ र पाहुनाहरू पनि कान्छीतिर छड्के आँखा लगाउन थाले । छिमेकतिरका ठिटाहरू पनि मेरो घरको छेउछाउ आउनासाथ सुसेल्ने र गाना गाउने गर्नथाले । कान्छी पनि पल्याकपुलुक र झल्याकझुलुक गर्नथाली । मेरो छोराका साथीहरू पनि घरमा अलि बढी नै आतेजाते गर्नथाले । कान्छी पनि सहरतिर चाउरी परेका गालामा चाउरी पोतिने गरी पाउडर मल्ने र कलैंटी परेको ओँठमा लिपस्टिक दल्ने केटीहरू भन्दा साह्रै राम्री प्राकृतिक तरुनी देखिनथाली । अब मेरी श्रीमतीलाई अलि बढी नै कान्छीको चासो लाग्नथाल्यो । झर्को फर्को गाली र सम्झाइबुझाइमा बृद्धि हुनथाल्यो । जति ढाकछोप गरे पनि प्राकृतिक सौन्दर्य छोपिन सकेन । मेरो छोरोले कान्छीलाई पहिले जस्तो हप्कीदप्की लगाउन छोडेको देखियो । श्रीमती चाहिँ राती पनि राम्ररी निदाउन छाडी ।

दिन बित्दै गए । कान्छीको शरीरमा अलि-अलि परिर्वतन आएको देखिनथाल्यो । केही समय पछि कान्छीको शरीरमा कुन खुराकले परिर्वतन ल्यायो भन्ने सुराक लगाइराख्नु परेन । श्रीमतीले बाघले झम्टेझैँ कान्छीलाई झम्टेर लछारपछार पारी । कान्छीले निकै सास्ती पाइ । श्रीमतीले रिसको झोकमा कान्छीलाई ठटाइ पनि बेसरी । कान्छी केही बोलिन । मेरो छोरातिर टुलुटुलु हेरेर आँसु मात्र बगाइ । छोरो पनि घोसे मुन्टो लगाएर लोसे भएर उभिइरह्यो । श्रीमतीले कान्छीलाई घरबाट निकालिदिइ जवरजस्तीसित । कान्छी निक्लेर गएदेखि श्रीमतीको झर्को फर्को झन् बढ्नथाल्यो । कान्छीको सम्पूर्ण जिम्मेवारी उसैको थाप्लोमा आइपर्‍यो । आमाको काम सघाउन छोराछोरीले पटक्कै मानेनन् । छोरो पनि टोलाएर र झोक्राएर बस्न थाल्यो । जे जसरी भए पनि घर व्यवहार भने चलि नै रह्यो दुःख सुखसित ।

केही दिनपछि यसो मर्निङवाक गर्दै हिँड्दा अलि पर मानिसहरू झुम्मिएको देखियो । नजिकै पुग्दा एउटी किशोरीको बेवारिसे लास परेको सुनियो । मनमा अनेक तर्कना चल्नथाल्यो । पुलिस पनि आइसकेको रहेछ । लासको सनाखत हुन नसकेको रहेछ । म पनि नजिकै पुगेँ । हेर्न आएका मानिसहरूमध्ये लास चिन्ने कोही छ कि भनी सोधिँदै रहेछ । मलाई पनि सोधियो । नजिकै गएर हेरेँ । मैले लास हेर्न पनि परेन लुगा देख्नासाथ कान्छीको लास चिनिहालेँ । मैले निकै गौर गरेर लासलाई नियालेर हेरेँ । भुँडी बोकेको कान्छीको लास । मैले लास चिनेको छु भन्दा अरू सामाजिक संस्थाहरू रिसाउलान् भन्ने लाग्यो । निकै राम्ररी हेरे जस्तो गरेपछि मैले पनि चिन्दिन भनेर पन्छिएँ । अनि भारी मन लिएर घर फर्किएँ ।



# कैवल्योपनिषत् – ३४

वसन्तकुमार शर्म्मा नेपाल

*कैवल्योपनिषतद्वेद्यं कैवल्यानन्दतुन्दिलम् ।*
*कैवल्यगिरिजारामं स्वमात्रं कलयेऽन्वहम् ।*
*ॐ सह नाववत्विति शान्तिः ।*

**प्रथमः खण्डः**

*ॐ अथाश्वलायनो भगवन्तं परेष्ठिनमुपसमेत्योवाच । अधीहि भगवन्ब्रह्मविद्यां वरिष्ठां सदा सद्भिः सेव्यमानां निगूढाम् । यथाऽचिरात्सर्वपापं व्यपोह्य परात्परम पुरुषं याति विद्वान् ।१। तस्मै स होवाच पितामहश्च श्रद्धाभक्तिध्यानयोगादेर्वहि ।२। न कर्मणा न प्रजया धनेन त्यागेनैके अमृतत्वमानशुः । परेण नाकं निहितं गुहायां विभ्राजते यद्यतयो विशन्ति ।३। वेदान्तविज्ञानसुनिश्चतार्थाः सन्न्यासयोगाद्यतयः शुद्धसत्त्वाः । ते ब्रह्मलोकेषु परान्तकाले परामृताः परिमुच्यन्तिं सर्वे ।४। विविक्तदेशे च सुखासनस्थः शुचिः समग्रीवशिरः शरीरः । अन्त्याश्रमस्थः सकलेन्द्रियाणि निरुध्य भक्त्या स्वगुरुं प्रणम्य ।५। हृत्पुण्डरीकं विरजं विशुद्धं विचिन्त्य मध्ये विशदं विशोकम् । अचिन्त्यमव्यक्तमनन्तरूपं शिवं प्रशान्तममृतं ब्रह्मयोनिम् ।६। तमादिमध्यान्तविहीनमेकं विभुं चिदानन्दमरूपमद्भुतम् । उमासहायं परमेश्वरं प्रभुं त्रिलोचनं नीलकण्ठं प्रशान्तम् । ध्यात्वा मुनिर्गच्छति भूतयोनिं समस्तसाक्षिं तमसः परस्तात् ।७। स ब्रह्मा स शिवः सेन्द्रः सोऽक्षरःपरःस्वराट् । स एव विष्णुः स प्राणः स कालोऽग्निः स चन्द्रमाः ।८। स एव सर्वं यद्भूतं यच्च भव्यं सनातनम् । ज्ञात्वा तं मृत्युमत्येति नान्यः पन्था विमुक्तये ।९। सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि । संपश्यन्ब्रह्म परं याति नान्येन हेतुना ।१०। आत्मानमरणिं कृत्वा प्रणवं चोत्तरारणिम् । ज्ञाननिर्मथनाभ्यासात्पापं दहति पण्डितः ।११। स एव मायापरिमोहितात्मा शरीरमास्थाय करोति सर्वम् । स्त्रियन्नपानादिविचित्रभोगैः स एव जाग्रत्परितृप्तिमेति ।१२। स्वप्ने स जीवः सुखदुःखभोक्ता स्वमायया कल्पितजीवलोके । सुषुप्तिकाले सकले विलीने तमोऽभिभूतः सुखरूपमेति ।१३। पुनश्च जन्मान्तरकर्मयोगात्स एव जीवः स्वपितिप्रबुद्धः । पुरत्रये क्रीडति यश्च जीवस्ततस्तु जातं सकलं विचित्रम् । आधारमानन्दमखण्डबोधं यस्मिँल्लयं याति पुरत्रयं च ।१४। एतस्माज्जायते प्राणे मनः सर्वेन्द्रियाणि च । खं वायुर्ज्योतिरापः पृथिवी विश्वस्य धारिणी ।१५। यत्परम ब्रह्म सर्वात्मा विश्वस्यायतनं महत् । सूक्ष्मात्सूक्ष्मतरं नित्यं तत्त्वमेव त्वमेव तत् ।१६। जाग्रत्स्वप्नसुषुप्त्यादिप्रपञ्चं यत्प्रकाशते । तद्ब्रह्महमिति ज्ञात्वा सर्वबन्धैः प्रमुच्यते ।१७। त्रिषु धामसु यद्भोग्यं भोक्ता भोगश्च यद्भवेत् । तेभ्यो विलक्षणः साक्षी चिन्मात्रोऽहं सदाशिवः ।१८। मय्येव सकलं जातं मयि सर्वं प्रतिष्ठितम् । मयि सर्वं लयं याति तद्ब्रह्माद्वयमस्म्यहम् ।१९। अणोरणीयानहमेव तद्वन्महानहं विश्वमहं विचित्रम् । पुरातनोऽहं पुरुषोऽहमीशो हिरण्मयोऽहं शिवरूपमस्मि ।२०। अपाणिपादोऽहमचिन्त्यशक्तिः पश्याम्यचक्षुः स शृणोम्यकर्णः । अहं विजानामिविविक्तरूपो न चास्ति वेत्ता मम चित्सदाहम् ।२१। वेदैरनेकैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम् । न पुण्यपापे मम चास्ति नाशो न जन्म देहेन्द्रियबुद्धिरस्ति ।२२। न भूमिरापो न च वन्हिरस्ति न चानिलो मेऽस्ति न चाम्बरं च । एवं विदित्वा परमात्मरूपं गुहाशयं निष्कलमद्वितीयम् ।२३।*

जान्न लायक कैवल्य-उपनिषत् कैवल्यमुक्तिले ओतप्रोत भएको, कैवल्यगिरिरूप आनन्ददायी उपवन भएको मोक्षपदलाई म निरन्तर आफ्नै मात्रामा कल्पन्छु ! सहनाववतु, शान्तिः ! शान्तिः !!

ॐ यसरी अश्वलायनले भगवान् परमेष्ठीकहाँ पुगेर भने- 'हे भगवन्, ब्रह्मविद्या नामको, वरिष्ठ, सदासर्वदा सज्जनहरूद्वारा सेविने, अतिगूढ तत्त्व सिकाइदिनुहवस् ! जसरी थोरै अवधिमै समग्र पापहरू फालेर विद्वान् परात्पर पुरुषसँग मिल्न पुग्छ !' तिनलाई अनि पितामहले पनि भनिहाल्नुभो- 'श्रद्धा भक्तिले पूर्ण बनेर ध्यान-योग समायौ भने भेट्टाउँछौ । जो कर्मद्वारा हैन, विजयद्वारा हैन, धनले हैन, एउटै त्यागद्वारा अमृतत्त्वमय यो प्राण अरूले स्वर्गरूप गुफामा थुनिसकिएकोलाई यतिहरू चोख्याउँछन्, चम्काउँछन् र जो त्यसरी चम्कन्छ, झक्झकाउँछ, हो । वेदान्त विज्ञान आदिले निर्क्योल गरिएका अर्थहरू नै सन्न्यासयोगद्वारा शुद्धसत्व ती योगीहरूमा प्रविष्ट हुन्छन्, थकाइ मार्छन् र ती ब्रह्मलोकहरूमा पुगेर परान्तकालसम्म परामृत बनेर सबै मुक्त हुन्छन् ।

'शान्त एकान्त थलामा आनन्दी आसनमा बसेको शुद्ध, शिर र शरीर समग्र भौँ भएको, सन्न्यास (अन्त्य) आसनमा रहेको, सम्पूर्ण इन्द्रियहरूलाई नियन्त्रण गरेर भक्तिपूर्वक स्वगुरुलाई प्रणाम गरेर, हृदयकमलाई रजोरहित र विशुद्ध सोचेर, मध्यभाग खूव विशद र विशोक रहेको, चिन्तना गरेर पनि नभ्याइने, अव्यक्त र अनन्तरूपका शिवलाई प्रशान्त अमृत र ब्रह्मका जनक भएका तिनलाई आदि मध्य र अन्त नभएका, एक्ला, विभु, चित् र आनन्द प्रभु तीनआँखे नीलकण्ठ तथा सदा प्रशान्त भगवान्लाई ध्यानमा राखेर त्यो मुनि (मुमुक्षुयोगी) भूतखलकका जन्मकर्ता, समस्त विश्वका साछीसँग यस तमस् भन्दा एकदम परतिर पुगिहाल्छ । तिनै ब्रह्मा, तिनै शिव, तिनै इन्द्र, तिनै अक्षर र परम स्वराट् हुन् ! तिनै विष्णु, तिनै प्राण, तिनै काल, तिनै अग्नि र तिनै चन्द्रमा हुन् ! तिनै सबै जो पछि हुन संभव छ, सब थोक हुन्, सनातन तिनै हुन् भन्ने ज्ञान गरेर तिनैद्वारा मृत्युबाट पार हुन्छ ! विमुक्तिका लागि अर्को छँदै नै छैन ! 'समस्त प्राणीमा भएको आत्मालाई समस्त जीवभित्र आफूलाई हेर्न सके त्यस्तो ब्रह्मपुरुषमात्र परमपदमा पुग्दछ, नत्र अर्को कुनै हेतुरूप युक्ति छँदैछैन ! आफूलाई अरणीको माथ्लो फग्लेँटो तुल्याई प्रणबलाई तल्लो फग्लेँटो पारेर ज्ञानलाई मन्थन गर्ने अभ्यास गर्ने पण्डितले मात्र आफूमा काई परेर जमिसकेको पाप घोटी घोटी फँक्न सक्तछ ! त्यही मायाद्वारा लट्ठिएको जीवरूप आत्मा शरीरमा पसेर सब काम गराउँछ, स्त्री-अन्न-पियाइ आदि अनौठा उपभोगहरूद्वारा त्यही नै बिउँझँदा तृप्त हुने गर्दछ । सपनामा पनि त्यो जीव सुख-दुःख-भोक्ता बनेर आफ्नै मायाले कल्पित जीवलोकमा रमाइरहन्छ । सुषुप्तिकालमा सब थोक विलीन भएपछिको तमले ढाकिएर सुखरूपमा पुग्दछ । फेरि पनि पूर्व पूर्व जन्मका कर्मयोगले गर्दा त्यही नै जीव सुत्छ, बिउँझेर त्रिलोककै सयर गर्न थाल्दछ, उसलाई सकल कुरा अनौठा र आकर्षक ठहरिन्छ, आधारमूल ठहर्छ, अखण्ड आनन्दमयको बोध गरेर ऊ मग्न बन्छ, उसमै तीनै लोक लय भइदिन्छ अर्थात् यिनै तीन (जाग्रत् स्वप्न सुषुप्ति) रूपी त्रिलोकबाहेक अरू केही पनि जान्दैन त्यो जीव !

'यस्तैबाट प्राण जन्मन्छ, मन जन्मन्छ, सर्वेन्द्रिय जन्मन्छ, क्रमैले यथावसर यथास्थितिमा आकाश, वायु, ज्योति, जल र विश्वधारिणी पृथ्वीसमेत जन्मन्छ । जसभन्दा (यी सबभन्दा) पर-निक्कै पर परब्रह्म, सर्वात्मा, विश्वकै

आधाररूपको महत्, सूक्ष्मातिसूक्ष्म, नित्य त्यो तिमी नै, खास तिमी नै त्यो हुनेछौ । तिमी नै, 'जाग्रत स्वप्न सुषुप्ति आदि प्रपञ्चमा जो प्रकट हुन्छ, त्यही ब्रह्म नै मै हुँ' भन्ने ज्ञान गरेर मुक्त हुन सक्तछौ, जीव त्यसरी मुक्त बन्छ । तिनै लोकमा जो जे भोग्य छ, भोक्ता छ, र भोग छ, तिनीहरू सबसँग साछीरूपमा चलिरहने विलक्षणको साक्षी 'चित्' मात्र रूपको मै सदाशिव हुँ, ममै समस्त विश्व जन्मन आयो, ममै यो सव प्रवृत्त र प्रतिष्ठित भइरहेछ, ममै भएभरका चीज लयमय भएर अवशेष हुन्छन् । त्यसैले म अद्वय ब्रह्म हुँ, एक मात्र ब्रह्म हुँ !!!

**द्वितीयः खण्डः**

*समस्तसाक्षिं सदसद्विहीनं प्रयाति शुद्धं परमात्मरूपम् । यः शतरुद्रीयमधीते सोऽग्निपूतो भवति स वायुपूतो भवति स आत्मपूतो भवति स सुरापानात्पूतो भवति स ब्रह्महत्यात्पूतो भवति स सुर्वणस्तेयात्पूतो भवति । स कृत्याकृत्यात्पूतो भवति तस्मादविमुक्तमाश्रितो भवति । अत्याश्रमी सर्वदा सकृद्वा जपेत् । अनेन ज्ञानमाप्नोति संसारार्णवनाशनम् । तस्मादेवं विदित्वैनं कैवल्यं फलमश्नुते कैवल्यं फलमश्नुत इति ।२४। ॐ सह नाववत्विति शान्तिः ।*

'अणुको पनि अणू-सूक्ष्मतम अणु र त्यस्तै महान् विश्वभन्दा पनि महत्तर विचित्रको विश्व मै हुँ । पुरातन-सनातन पुरुष म ईश हुँ, हिरण्यमय-हिरण्यगर्भ हुँ, शिवरूप हुँ ! हातपाउ नै नभएको छु, म अचिन्त्य छु, अचिन्त्यशक्ति छु, अचक्षु छु र देख्दछु, अकर्ण छु र सुन्दछु, म समस्त विभाजित रूपहरू जान्दछु, तर मेरा रूपहरू बुझ्ने कोही छैनन्, मेरो सदा स्थिर चित्त जान्ने पनि कोही छैन र म चित्-रूपमै सधैं रहन्छु ! अनेकौं वेदोपवेदद्वारा वेद्य म नै छु, वेदान्तवेत्ता पनि वेदवेत्ता पनि मै छु ! न पुण्य वा पापमा म पर्छु, न मेरो नाशै हुन्छ, न त मेरो जन्म-देह-इन्द्रिय-बुद्धि नै, न पानी नै छ, न आगै पनि छ, न वायु नै छ, न त आकाशै छ ! अर्थात् 'मेरो' भनिने चीज कुनै पनि छैन कतै !

'यसरी यस्तो रूपाकाररहित सर्वरूपमय मलाई बुझेर-चिनेर परमात्म-रूपको, गुप्ताशयवाला, निष्कल र अद्वितीय, समस्तको साक्षीरूपको, सत् वा असत् नचाहने शुद्ध परमात्मारूपको मसँग जो मिल्दछ, त्यो विशुद्ध परमात्मा स्वयं बनिहाल्छ !

तसर्थ नै हो मन्त्रद्रष्टा महर्षि हे अश्वलायन, यो रुद्रशतक जो पढ्छ, त्यो अग्निशुद्ध हुन्छ, वायुशुद्ध हुन्छ, आत्मशुद्ध हुन्छ, सुरापी भए पनि ब्रह्मघाती भए पनि पवित्र हुन्छ ! सुनचोरीको पापबाट चोखिन्छ, कृत्याकृत्य-दोषबाट चोखिन्छ ! त्यसैले विमुक्त हुन नसकेको यति ममा आश्रित हवस् र सधैं यो रुद्रशतक जपोस्, अर्थात् चित्तमा राखोस् ! संसार रूपी महासागर पार यसैद्वारा पुग्न सक्नेछ । तसर्थ यो कुरा बुझेर मात्र यो कैवल्यमुक्ति भोग्न पाउँछ, कैवल्य प्राप्त गर्छ । ॐ सहनाववतु शान्तिः ! शान्तिः !! शान्तिः !!!


www.nepalipublisher.com

विधाकेन्द्रित साहित्यिक पत्रिका

वैजयन्ती

शब्दार्थ प्रकाशन , चावेल,गणेशस्थान, काठमाडौँ फोनः ०१-४४९७३५१, ९८४१४९६१०३


## हार्दिक श्रद्धाञ्जलि







जन्म : वि.सं. २००० साउन १

स्वर्गारोहण : वि.सं. २०७५ साउन २९

**स्व. पवित्रा शर्मा लम्साल**

**अग्निचक्र** राष्ट्रिय मासिकका सल्लाहकार डा. कमल शर्मा लम्साल तथा हाम्रा अनन्य मित्र **नेपाल एग्रो माइक्रोफाइनान्स**का सीईओ तेजेन्द्र शर्मा लम्सालकी ममतामयी माता **पवित्रा शर्मा लम्साल**को २०७५ साउन २९ मा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्त स्तब्ध भएका छौं । यस दुःखद घडीमा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अग्निचक्र राष्ट्रिय मासिक परिवार**

# एउटै उद्देश्य
# एउटै नारा
# भ्रष्टाचारबाट
# छुटकारा
# हामी सबैको
# अभिभारा !

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रसारण विभाग**

# गीताका केही प्रसङ्ग



नारायण शर्मा

*(गतांकबाट क्रमशः)*

योगनिष्ठामा तीन प्रकरण छन्:-

*क) कर्मप्रधान कर्मयोग, ख) भक्तिमिश्रित कर्मयोग, ग) भक्तिप्रधान कर्मयोग ।*

१) सम्पूर्ण कर्ममा र सांसरिक पदार्थमा फल र आशक्तिलाई पूर्ण रूपमा त्याग गरेर आफ्नो वर्णाश्रमानुसार शास्त्रले निर्धारित गरेको कर्म गरिरहनु नै कर्मप्रधान कर्मयोग हो । यसको उपदेशमा कहीं-कहीं भगवान्ले फल–त्यागका विषयमा बताउनु भएको छ ।(५/१२, ६/१, १२/११, १८/११) कहीं आशक्ति-त्यागका विषयमा बताउनु भएको छ (२/४७ र ४८, १८/६,९) । जहाँ फलमात्र त्याग्न भनिएको छ, त्यहाँ आशक्तिलाई पनि त्याग्नुपर्ने बुझ्नु आवश्यक हुन्छ र जहाँ आशक्ति-त्यागका विषयमा बताइएको छ, त्यहाँ फल-त्याग पनि समाविष्ट भएको बुझ्न आवश्यक हुन्छ । कर्मयोगको साधना तब मात्र पूरा हुन्छ, जब फल र आशक्ति दुवैको त्याग भएको हुन्छ ।

२) भक्तिमिश्रित कर्मयोग- यस संसारमा परमेश्वर व्याप्त हुनुहुन्छ भन्ने निश्चित भएर आ-आफ्नो वर्णोचित कर्मका माध्यबाट भगवान्को पूजा गर्नु पर्दछ (१८/४७) । तबमात्र यसलाई भक्तिमिश्रित कर्मयोग भन्न सकिन्छ ।

३) भक्तिप्रधान कर्मयोग

यसमा दुई भावान्तर भेद छन्:-

*क) भगवदर्पण कर्म । ख) भगवदर्थ कर्म ।*

भगवदर्पण कर्म पनि दुई प्रकारले गरिन्छ । सम्पूर्ण कर्ममा ममता, आशक्ति र फलेच्छालाई त्यागेर तथा यो सबै भगवान्को हो, म पनि भगवान्कै हुँ र मबाट जे जस्तो कर्म हुन्छ, त्यो पनि भगवान्कै हो, भगवान्ले नै मलाई कठपुतली बनाएर सबै कार्य गराइरहनु भएको छ । यस्तो भावनाद्वारा गर्नु नै पूर्ण भगवदर्पण हो । यसरी मनन-चिन्तन गरेर भगवान्को आज्ञानुसार भगवान्को प्रसन्नताका लागि शास्त्रले निर्धारण गरेको कर्म गरिन्छ (३/३०,१२/६,१८/५७-६६) ।

यसका अतिरिक्त पहिले अर्कै उद्देश्यले गरिएको कर्म पछि भगवान्मा अर्पण गर्नु, कर्म गर्दा-गर्दै बीचमा नै भगवान्मा अर्पण गर्नु, कर्म समाप्त हुनासाथ भगवान्मा अर्पण गर्नु अथवा कर्मको फलमात्र भगवान्मा अर्पण गर्नु यो पनि भगवदर्पणको अर्को स्वरूप हो । यस्तो गर्दा-गर्दै क्रमिक रूपमा उपर्युक्त पूर्ण "भगवदर्पण" हुन्छ । भगवदर्थ कर्म पनि दुई प्रकारका हुन्छन्

शास्त्रद्वारा निर्धारित जुन कर्म भगवत्प्राप्ति भगवत्प्रेम, अथवा भगवान्को प्रशन्नताका लागि भगवान्को आज्ञानुसार गरिन्छ, त्यो र जुन भगवान्को अर्चना, भजन तथा ध्यान आदि उपासनारूप कर्म जो भगवान्कै निमित्त गरिन्छ र स्वरूपबाट पनि भगवत्सम्बन्धी प्रतीत हुन्छ, यी दुवै नै "भगवदर्थ" कर्म अन्तर्गत पर्दछन् । यी दुवै किसिमका कर्मलाई "मत्कर्म" र "मदर्थकर्म" का नामले गीतामा उल्लेख गरिएको पाइन्छ (११/५५, १२/१०) । जसलाई अनन्य भक्ति वा भक्तियोग भनिएको छ (८/१४,२२, ९/१३,१४,२२, ३०,३४, १०/९, १३/१०, १४/२६) यो पनि "भगवदर्पण" र "भगवदर्थ" दुवैमा समाहित भएको छ । यी सबैको एउटै लक्ष्य हो, भगवत्प्राप्ति ।

अब सोचौं योगनिष्ठाले स्वतन्त्र रूपबाट भगवत्प्राप्ति गराउँछ वा ज्ञाननिष्ठाको अङ्ग बनेर गराउँछ । यसमा गीतामा दुवै कुरा मान्य छन् अर्थात् भगवद्गीताले योगनिष्ठालाई भगवत्प्राप्ति अर्थात् मोक्षको स्वतन्त्र साधन पनि मानेको छ र ज्ञाननिष्ठाको सहायक भएर पनि । साधकले ज्ञाननिष्ठाको सहायता बिना नै सीधै कर्मयोगद्वारा ज्ञाननिष्ठा प्राप्त गरेर पुनः ज्ञाननिष्ठाका माध्यमबाट परमात्मालाई प्राप्त गर्न पनि सक्दछ । यी दुवै मध्ये कुन चाहिँ मार्ग अवलम्बन गर्ने हो, त्यो उसको स्वेच्छामा भर पर्नेछ । योगनिष्ठा स्वतन्त्र उपाय हो, यसका विषयमा भगवान्ले स्पष्ट रूपमा बताउनुभएको छ (५/४-५, १३/२४) । भगवान्मा समर्पित भएर भगवान्का निमित्त नै कर्म गर्नेलाई भगवान्का कृपाले उहाँ सजिलै भेटिनु हुन्छ, यो कुरा पनि उहाँले ठाउँ-ठाउँमा बताउनु भएको छ (८/७, ११/५४-५५, १२/६-८) ।

यस प्रकार निष्काम कर्म र उपासना दुवै नै ज्ञाननिष्ठाको अङ्ग बन्न सक्दछन् (५/६, १४/२६) तर ज्ञानयोगमा अभेद उपासना छ, त्यसैले ज्ञाननिष्ठा भेद उपासनारूप भक्तियोगको अर्थात् योगनिष्ठाको अङ्ग बन्न सक्तैन । यो अर्कै कुरा हो कि कुनै ज्ञाननिष्ठाको साधकले बीचमा आफ्नो विचार बदलेर ज्ञाननिष्ठालाई त्यागी योगनिष्ठाको मार्ग अवलम्बन गरोस् र त्यसैको माध्यबाट भगवत्प्राप्ति गरोस् ।

**गीतामा भक्ति -**

गीतामा भक्ति, ज्ञान र कर्म सबै विषयहरूमा विशदरूपले विवेचना गरिएको छ । सबै मार्ग अवलम्बन गर्नेलाई यसबाट यथेष्ट सामग्री प्राप्त हुन सक्दछ, तर अर्जुन भगवान्का भक्त थिए । यसकारण सबै विषयको प्रतिपादन गर्दै जुन अर्जुनलाई स्वयं आचरण गर्नका लागि आज्ञा दिइएको छ, त्यहाँ भगवान्ले अर्जुनलाई प्रायः भक्तिप्रधान कर्मयोगको उपदेश दिनुभएको छ । (३/३०, ८/७, १२/१८, १८/५७,६२,६५-६६) कतै-कतै केवल कर्म गर्ने मात्र आज्ञा पनि दिइएको छ ।(२/४८, ५०, ३/८,१९, ४/४२, ६/४६, ११/३३-३४) । यसका साथै भक्तिको अन्य स्थानमा अध्याहार गर्नु पर्दछ । चौथो अध्यायको चौंतिसौं श्लोकमा भगवान्ले अर्जुनलाई जुन ज्ञानीहरूका समीपमा गएर ज्ञान प्राप्त गर्ने आज्ञा दिनुभएको छ, त्यो पनि ज्ञान प्राप्त गर्ने प्रणाली बताउन तथा अर्जुनलाई चेतावनी दिनका लागि हो । वास्तवमा भगवान्को अर्जुनलाई ज्ञान प्राप्त गर्नका लागि कुनै ज्ञानीका समीपमा पठाउने आशय (विचार) थिएन र अर्जुनले पनि त्यस प्रक्रिया अनुरूप ज्ञान सिकेनन् । उपक्रम र उपसंहारलाई दृष्टिगत गर्दा पनि गीताको तात्पर्य शरणागति नै भएको अनुभूति हुन्छ । गीताको उपदेश "अशोच्यानन्वशोचस्त्वं" (२/११) यस श्लोकबाट प्रारम्भ हुन्छ, तर यसको उपक्रमको सुरू "कार्पण्यदोषोपहतस्वभावः" (२/७) अर्जुनको यस युक्तिमा छ, जसमा "प्रपन्नम्" पदबाट शरणागतिको भाव प्रष्ट हुन्छ । त्यसैले "सर्वधर्मान् परित्यज्य"(१८/६६) यस श्लोकमा भगवान्ले शरणागतिमै आफ्नो उपदेशको उपसंहार गर्नुभएको छ ।

गीतामा यस्तो कुनै अध्याय छैन, जसमा कहीं न कहीं भक्तिको प्रसङ्ग उल्लेख नभएको होस् । उदाहरणका लागि दोस्रो अध्यायको एकसठियौं, तेस्रो अध्यायको तिसौं, चौथो अध्यायको एघारौं, पाँचौं अध्यायको उन्नतिसौं, छैटौं अध्यायको सत्चालिसौं, सातौं अध्यायको चौधौं, आठौं अध्यायको चौधौं, नवौं अध्यायको चौंतिसौं, दसौं अध्यायको नवौं, एघारौं अध्यायको चवन्नौं, बाह्रौं अध्यायको दोस्रो, तेह्रौं अध्यायको दशौं, चौधौं अध्यायको छब्बिसौं, पन्ध्रौं अध्यायको उन्नन्तिसौं, सोऱ्हौं अध्यायको पहिलो (जसमा "ज्ञानयोगव्यवस्थितिः" पदका माध्यमबाट भगवान्का ध्यानका विषयमा बताइएको छ) सत्रौं अध्यायको सत्ताइसौं र अठारौं अध्यायको छैठौं श्लोक हेर्नुपर्दछ । यस्ता प्रकारले सबै अध्यायमा भक्तियोगको प्रसङ्ग आएको छ । सातौं अध्यायदेखि बाऱ्हौं अध्यायसम्म त भक्तियोगको प्रकरणले पुरै भरिएको छ, त्यसैले यी छवटै अध्यायलाई भक्तिप्रधान मानिएको छ । यसमा उदाहरणका लागि माथि उल्लेख भएअनुसार प्रत्येक अध्यायको एक-एक श्लोकको मात्र संख्या लिइएको छ । (क्रमशः)



# बीस कृतिमाथि समग्र समीक्षा

■ रमेश शुभेच्छु



**१. विषय प्रवेश**

कृति विमोचन एवम् स्रष्टा सम्मान समारोहमा आज म यहाँहरूका अगाडि भर्खरै स्रष्टा स्वयम्ले विमोचन गर्नुभएका कृतिहरूका बारेमा लघु समीक्षामन्तव्य राख्न उभिएको छु । मैले बीस बीस ओटा कृतिमाथि बोल्नु छ । अग्रज गुरुहरू, देशका पूर्वमन्त्रीदेखि समकालीन मित्रहरूका कृतिमाथि बोल्नु छ । मैले बोल्नु पर्ने कृतिहरूको नाम लेखकका क्रममा यस्तो रहेको छ :

अमरत्वको सम्झना (प्रा.शिवगोपाल रिसाल १९९४), छेउ न टुप्पो (प्रकाशप्रसाद उपाध्याय २०००), समसामयिक नेपाली समालोचना (प्रा.राजेन्द्र सुवेदी २००२), देवानको औँठी (जनक वाग्ले २००४), भविष्यवाणी (राममणि पोखरेल २००४), चूडाला (वेदमणि घिमिरे २००७), सम्मीलन (ठाकुर शर्मा २०१०), नेपाली गणित कोष (महेश्वरप्रसाद उपाध्याय २०१२), सुदर्शन (कमल रिजाल २०१५), कोशीको उडान (डा.विदुर चालिसे २०१६), निदाउन नसकेका रातहरू (गोपाल अश्क २०१८), जिलेटिनमा फूल (दुर्गाप्रसाद ग्वालटारे २०१८), प्रेमाञ्जली (विनयकुमार शर्मा नेपाल २०१९) राप (चन्द्रमणि पोडेल २०२७), ब्रिटिश ओइदर (रामहरि पौड्याल २०३५), मानव अधिकार शब्दकोश (माधव रेग्मी (२०३८/कैलाशकुमार सिवाकोटी २०२९), मुक्तकाञ्जली (तिलस्मी प्रभास २०३२), सैद्धान्तिक आधार : प्रायोगिक विश्लेषण (जीवन जीवन्त २०३७), अनेक विधा अनेक दृष्टि (अम्बिका अर्याल २०४२), आभास (विनोदकुमार श्रेष्ठ २०४४)का यी कृतिहरू मोटामोटी पाँच विधा र क्षेत्रसँग सम्बन्धित छन् । ती विधा वा विषयहरूमा कविता, आख्यान, निबन्ध, समालोचना र कोश कृतिहरू छन् ।

**२. कृति समीक्षा**


मलाई आयोजक बन्धुहरूले ज्येष्ठताको आधारमा कृति चर्चा गर्न भन्नुभएको थियो । सामान्यतया वर्गीकरण नगरी बोल्नु समीक्षात्मक धर्मले अलि अव्यावहारिक हुने भएकाले विधागत वर्गीकरण गरेर त्यही वर्गीकरणभित्र ज्येष्ठतालाई मेरो बोल्ने सिलसिलाका रूपमा मिलाएको छु । मलाई चुनौती छ, गुरुका विषयमा बोल्नु पनि चुनौती हो, अग्रज स्रष्टाका विषयमा बोल्नु भनेको पनि चुनौती हो । समकालीन स्रष्टाका विषयमा बोल्नु भनेको पनि चुनौती हो । म यी चुनौतीहरू सामना गर्दै विधागत वर्गीकरणका ज्येष्ठतागत सिलसिलाबाट कृति चर्चा अगाडि बढाउँछु ।

**१. समालोचना**

आज विमोचित कृतिहरूमध्ये समालोचना विधाका चार ओटा कृतिहरू छन् । शिवगोपाल रिसाल गुरुको अमरत्वको सम्झना, राजेन्द्र सुवेदी गुरुको समसामयिक नेपाली समालोचना, जीवन जीवन्तको सैद्धान्तिक आधार : प्रायोगिक विश्लेषण र अम्बिका अर्यालको अनेक विधा : अनेक दृष्टि ।

**२.१ अमरत्वको सम्झना**

यी कृतिमध्ये मैले चर्चा गर्ने पहिलो कृति हो **अमरत्वको सम्झना**। यो कृति शिवगोपाल रिसालज्यूको कृति हो र यसलाई विनयकुमार शर्मा नेपालले सम्पादन गर्नुभएको छ । यसमा संस्मरणात्मक निबन्ध र जीवनी समीक्षा केन्द्रित कृतिहरू समेटिएका छन् । प्रा. शिवगोपाल रिसाल (जन्मस्थान : सैँबु, भैँसेपाटी, ललितपुर हाल : शान्तिकुना, ललितपुर, जन्ममिति : १९९४ चैत्र शक्ल चतुर्थी) हो । प्राध्यापक शिवगोपाल रिसालज्यूले नेपाली वाङ्मयको सेवामा पाँच दशकभन्दा बढी समय बिताइसक्नुभएको छ । उहाँका धर्म, दर्शन, साहित्य र संस्कृतिका करिब चार दर्जन पुस्तक प्रकाशित भइसकेका छन् । वेदान्त-दर्शनमा पारङ्गत उहाँका कृतिहरूमा नैतिकता, सदाचारका साथमा वैचारिक चिन्तन गहन रूपमा रहेको पाइन्छन् । आफ्नो सानिध्यमा रहेर मृत्युवरण गरेका व्यक्तित्वहरूको बारेमा सम्झना स्वरूप लेखिएका ५५ समालोचकीय संस्मरणहरू यहाँ समावेश गरिएका छन् । यी रचना वा समीक्षा वा संस्मरणलाई मैले जीवनीपरक समीक्षाका रूपमा चिनाउन चाहेँ ।




गुरुले देशकै ख्यातिप्राप्त विद्वान् साहित्यकार, दार्शनिक, विचारक,

राजनेता, व्यापारी आदि आदिसँगको सहकार्य, सहभोक्ता, सत्सङ्गत र सानिध्यमा बिताएका क्षण र तिनका स्मरण योग्य विचार र कार्यहरूलाई आफ्नो विषयवस्तु बनाउनुभएको छ । पुराना सामाग्रीहरूको सङ्कलनबाट निर्माण भएको पुस्तक भए पनि यी समीक्षा र संस्मरणहरू नेपाली साहित्यका अध्यता, सम्बन्धित व्यक्तिका अध्यता र अनुयायीहरूका लागि अमूल्यसामग्री बनेका छन् । यसमा 'शिवगुरूले दिएका आफ्नो पनको विचार र यसमा समाविष्ट व्यक्तित्वका विचारले हामी सबैलाई बिउँझाउँछ । यहाँ प्रत्यक्षमा पचपन्न मनीषीका साथमा अप्रत्यक्ष रूपमा गुरू शिवगोपाल रिसालको 'आफ्नो के ?' भन्ने कुरा केही हदसम्म सर्वविदित हुनेछ यो पढ्नेलाई । शिवगोपाल गुरूजस्तो विशिष्टव्यक्तित्वद्वारा अन्य अनेक विशिष्टता बोकेका व्यक्तित्वहरूका विचारका बारेमा लेखिएको यस्तो अमूल्य र महत्त्वपूर्ण जीवनीपरक समालोचकीय संस्मरणहरू पढ्दा शिरै उठाउन मन लाग्दैन । यहाँ विविध क्षेत्रका महानुभावहरू समेटिनु भएको छ । उहाँहरूका जीवन र कर्महरू सुन्दा मात्र पनि हामी लाभान्वित हुन्छौँ । धार्मिक सांस्कृतिक अभियन्ता : धार्मिक सांस्कृतिक अभियन्ताहरूका जीवनीपरक समीक्षा अधिक रहेका छन् । त्यस्ता प्रतिभाहरूमा बालब्रह्मचारी षडानन्द अधिकारी, खप्तड बाबा, स्वर्गद्वारी महाप्रभु, योगी नरहरीनाथ, डा. स्वामी प्रपन्नाचार्य, खेमराज केशवशरण, डा.रामानन्द गिरी आदिका बारे यो एउटै कृतिमा पढ्न पाइन्छ । यहाँ उहाँहरूका अध्यात्मका कारण गरेका समाज सुधार र सेवाका पक्षहरू पनि आएका छन् । जीवनी र रिसालज्यूसँगका उठबस पनि आएका छन् । उहाँहरूसँग जोडिएका जीवन दर्शन पनि आएका छन् ।

साहित्यिक प्रतिभाहरू : रिसालज्यूको यस कृतिमा थुप्रै साहित्यिक प्रतिभाहरूको जीवनी समीक्षा छ । लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, बाबुराम आचार्य, जगन्नाथ शर्मा त्रिपाठी, झपटबहादुर राणा, कृष्णप्रसाद पराजुली, राममणि रिसाल, केशवराज पिँडाली, डा. हरिभक्त न्यौपाने, प्रा. रामचन्द्र पौडेल, पं. दधिराम पौडेल, भीमनिधि तिवारी, वासु रिसाल 'यात्री', पूर्णप्रसाद ब्राह्मण, पं. गुणराज उपाध्याय, रामेश्वरप्रसाद अर्ज्याल, डा. डिल्लीराम तिम्सिना, पूर्णप्रकाश नेपाल 'यात्री' , शिवप्रसाद सत्याल 'पीठ', नारायणदत्त आचार्य शास्त्री आदि । उहाँहरूका जीवनी, कतिपय व्यक्तित्व र कृतित्व बाहिर आएको छ ।

समाजसेवी प्रतिभाहरू : समाजलाई अगाडि बढाउन बहुमुखी समाजसेवीहरूको भूमिका पनि त्यत्तिकै रहन्छ । यस एउटै ग्रन्थमा भूपालमान सिंह कार्की, बद्रीविक्रम थापा, सगुन शाह, हरिराम जोशी, खड्गमान मल्ल, डा. विहारीलाल श्रेष्ठ, दीर्घराज कोइराला, वनवारीलाल मित्तल आदि समेटिनु भएको छ । उहाँहरूका जीवन दर्शन रिसालज्यूका जीवन दर्शनमा घोलिएर हाम्रा लागि नयाँ ज्ञानको क्षितिज बनिरहेका छन् ।

भाषाविद् हरिश्चन्द्र न्यौपाने पनि यहाँ विषय बनेर आउनु भएको छ र सञ्चारकर्मी श्रीप्रसाद उपाध्याय र जनार्दन घिमिरे पनि गुरूको विषय बनेर आउनु भएको छ ।

शिक्षासेवी व्यक्तित्वहरू पनि त्यत्तिकै हुनुहुन्छ । ईश्वरराज अर्याल, गोपाल पाँडे 'असीम', आनन्दप्रसाद ढुङ्गाना, निरञ्जन भट्टराई, दामोदर कोइराला लगायत विभिन्न क्षेत्रका इन्दिरा श्रेष्ठ, तीर्थराज आचार्य, पूर्णलक्ष्मी देवी, बडागुरूज्यू अम्बिकाप्रसाद अधिकारी, ज्ञानहरि पण्डित, माधुरी भट्टराई, प्रेमनाथ सत्याल, कृष्णमान श्रेष्ठ, इन्द्रछाया अर्ज्याल, शशिधरदास, केही राजनेता र राजाका विषयको जीवनीपरक समीक्षा पनि समेटिएको छ, जस्तै : श्री ५ वीरेन्द्र । यहाँ केही स्थान र संस्था परिचयलाई पनि समेटिएको छ । जस्तै, पद्मकन्या कलेज जहाँ उहाँले लामो समय २०१८ देखि २०५६ सालसम्म प्राध्यापन गर्नुभयो ।

यो एउटै ग्रन्थबाट बहुमुखी क्षेत्रका बहुमुखी व्यक्तित्वहरूको जीवनीका अनेक पक्ष थाहा पाउन सकिन्छ । गुरुप्रति थप सिर्जनशील जीवन यात्राको प्रार्थना गर्दछु । यस कृतिलाई जीवनीका विद्यार्थीले जीवनीका रूपमा, समाजशास्त्रका विद्यार्थीले सामाजिक जिम्मेवारीको खोजीका रूपमा, धार्मिक क्षेत्रका मानिसहरूले धार्मिक दार्शनिक ग्रन्थका रूपमा लिन सक्ने देखिन्छ । मैले भने जीवनीपरक समीक्षाका रूपमा चर्चा गरेँ । गुरूको थप सिर्जनशील जीवनको प्रार्थना गरेँ ।

**२.२ समसामयिक नेपाली समालोचना**

मैले बोल्ने आज विमोचित दोस्रो समालोचना-ग्रन्थ प्राध्यापक राजेन्द्र सुवेदीद्वारा सम्पादित समसामयिक नेपाली समालोचना हो । यो मौलिक नभई सम्पादित कृति हो । यसको शीर्षकमा समसामयिकता रहे पनि यो प्रतिनिधि समालोचनासङ्ग्रह हो । यो कृति सम्पादित भएर पनि सम्पादकको ४१ पृष्ठ लामो र खँदिलो भूमिका वा सम्पादकीय आफैमा मौलिक प्राप्ति बनेर देखापरेको छ । विषय परिचय २. समालोचनाको उद्भव र यसको उपयोगको परम्परा, ३. समालोचनाको परम्परा, ४. पाश्चात्य क्षितिजमा समालोचनाको परम्परा, ५. नेपाली समालोचनाको आरम्भ, ६. नेपाली समालोचनाको आरम्भमा प्रक्षिप्त आधुनिक प्रभावहरू, ७. समालोचनाको छनोट र सम्पादनका आधार, ८. समालोचनाको चयन अन्तर्गत समेटिएको यस समालोचना ग्रन्थमा समेटिएका समालोचकको परिचय, ९. उत्तरवर्ती नेपाली समालोचना जस्ता शीर्षक संयोजित छ ।




यी शीर्षक र यिनका उपशीर्षकहरूले समीक्षाको मौलिक परिभाषा निर्माणदेखि, उद्भव विकास र मूल प्रवृत्तिहरूलाई निरूपण गर्ने प्रयत्न भएको छ । यो एउटै सामग्री नेपाली समालोचनाका लागि चासो राख्ने पाठकहरूका लागि उपयोगी सामग्री बनेर आएको छ । समसामयिक नेपाली समालोचनालाई सम्पादनका क्रममा सुवेदीज्यूले सम्पादकीय खण्डसहित छ खण्डमा संयोजन गर्नुभएको छ । ती खण्डहरू कविता खण्ड, आख्यान खण्ड, नाटक खण्ड, निबन्ध खण्ड र विविध खण्डका रूपमा प्रस्तुत छन् । कविता खण्डमा डा. ईश्वर बरालदेखि नयाँ पुस्ताका समालोचक ज्ञानु अधिकारीसम्मका १३ वटा समालोचना समेटिएका छन् । यी समालोचनाले फरक फरक काव्यका उपविधा, फरक फरक प्रवृत्ति र मूलमूल सैद्धान्तिक आधारलाई समेटेका छन् । प्राथमिक, माध्यमिक र आधुनिक एवम् उत्तरआधुनिक कालीन प्रवृत्तिहरूलाई समेट्ने किसिमका सामग्री समेटिएका छन् । स्वदेश विदेशका सिर्जनाका प्रवृत्तिलाई पनि समेट्ने प्रयत्न भएको छ , यहाँ कविताको भाषापरक अध्ययनदेखि उत्तरवर्ती बगाले प्रवृत्तिसम्मलाई समेट्ने प्रयत्न भएको छ । सुवेदी स्वयम् कवि र महाकवि पनि भएकाले यी समाग्रीहरू नेपाली कविता परम्पराका उल्लेख्य सामग्री संकलन हुन सकेका छन् । यस खण्डमा समेटिएका स्रष्टाहरू – डा. ईश्वर बराल, गणेशबहादुर प्रसाईँ, डा. तारानाथ शर्मा, भानुभक्त पोखरेल, मोहनराज शर्मा, प्रा. ठाकुर पराजुली, डा. गोपाल भण्डारी, राममणि रिसाल, होमनाथ सुवेदी, डा. कुमारप्रसाद कोइराला, डा.महादेव अवस्थी, डा. सुधा त्रिपाठी र ज्ञानुअधिकारी । अघि मैले भने अनुरूपका फरक काल, फरक प्रवृत्ति, फरक सिद्धान्त र फरक भूगोललाई समेट्ने समालोचनाहरू समेटिएका छन् ।

यस कृतिको तेस्रो खण्ड आख्यान खण्ड हो । यस खण्डमा पनि आधिकारिक किसिमका कृष्णचन्द्र सिंहदेखि नेत्र एटमसम्मका समालोचकहरूका फरक वैशिष्ट्यलाई बोक्न सक्ने समालोचनाहरू समेटिएका छन् । यहाँ प्रायः आख्यानका आधिकारिक समालोचकहरूलाई कविता खण्डमा भन्दा पनि अझ बलियो गरी समेटिएको देखिन्छ । समालोचकका नाम मात्र सुन्दा पनि हामी यस खण्डको ओज थाहा पाउँछौँ । कृष्णचन्द्रसिँह प्रधान, इन्द्रबहादुर राई, शरद्चन्द्र शर्मा भट्टराई, डा.दयाराम श्रेष्ठ, राजेन्द्र सुवेदी, हीरामणि शर्मा पौडेल, डा. कृष्णहरि बराल, डा. हरिप्रसाद शर्मा, डा.

ज्ञानु पाण्डे, डा. रमेशप्रसाद भट्टराई, डा. लक्ष्मणप्रसाद गौतम, डा. नेत्र एटम । यी समालोचकका प्रतिनिधिमूलक समालोचनाले फरक फरक काल, प्रवृत्ति र आख्यानात्मक उपविधालाई पनि समेटेका छन् ।

नाटक खण्ड यसमा डा. केशवप्रसाद उपाध्याय, प्रा.गोपीकृष्ण शर्मा र डा. देवीप्रसाद सुवेदीका तीन समालोचना समेटिएका छन् । आख्यान र कविता खण्डका तुलनामा कम भए पनि यी समालोचना रेडियो नाटक, तिवारी नाट्य साहित्य र समेली नाट्य साहित्यको अध्ययनका लागि उल्लेख्य सामग्री बनेर समेटिएका छन् ।

प्रस्तुत ग्रन्थको अर्को खण्ड निबन्ध खण्ड हो । यस खण्डमा डा. निर्मोही व्यास र डा. कविता लामाका दुई निबन्धको यात्रा निबन्ध केन्द्रित उपविधा र निबन्धकार रामलाल अधिकारीका निबन्धलाई समेटिएको प्रतिभा केन्द्रित समालोचना समेटिएका छन् ।


प्रस्तुत ग्रन्थको छैटौँ खण्ड विविध खण्ड हो । यस खण्डमा डा. लख्खीदेवी सुनदास, डा. कुमारबहादुर जोशी, डा. वासुदेव त्रिपाठी र डा. नगेन्द्र चापागाईँका भानुभक्त, देवकोटा, पारिजात र समका फरक फरक विशेषता केन्द्रित समालोचना समेटिएका छन् ।

मलाई यस कृतिमाथि बोल्न डर धक, पनि लागिरहेको छ । गुरूले तयार पारेको कृति । म सारमा भनूँ यसको सम्पादकीय भूमिकाले नेपाली समालोचना परम्परामा केही नयाँ ज्ञान थपेको छ भने यहाँ समेटिएका ३४ ओटा समालोचनाले प्रतिनिधिमूलक समालोचनाका फरक आयाम, विशेषता र प्रयोगलाई समेटेका छन् । यी समालोचना संकलनका क्रममा गुरूले आफूले संकलन सम्पादन गरेका अन्य ग्रन्थका सामग्री नदोहोर्‍याउँदा केही समालोचक र केही समालोचना छुटे जस्तो लाग्छ तर त्यस पक्षलाई गुरूका अघिल्ला संकलनसँग दाँजेर हेर्नुपर्ने हुन्छ ।

यहाँ सम्पादनका क्रममा मानक ग्रन्थ सम्पादनका सबै विधिको उपयोग गरिएको छ । कतिपय समालोचनालाई शीर्षक र उपशीर्षकमा बाँधिएको छ । कतिपय समालोचनाको अनुच्छेद योजना पुनर्गठन गरिएको छ । वर्णविन्यासमा एक रूपता ल्याइएको छ । यहाँ परेका समालोचकलाई उनका प्रवृत्तिसहित परिचय पनि दिइएको छ । गुरूलाई यस कृतिको सफलताको कामना र अभिवादन गर्छु ।

**२.३ सैद्धान्तिक आधार : प्रायोगिक विश्लेषण**


सैद्धान्तिक आधार : प्रायोगिक विश्लेषण जीवन जीवन्तको समालोचना सङ्ग्रह हो । जीवन जीवन्तको वास्तविक नाम जीवनकुमार श्रेष्ठ (पथरी ९, मोरङ सुपुत्र : शिवकुमारी र दिलकुमार श्रेष्ठ) हो । उहाँ एम.ए., एम.एड., एम.फिल., विद्यावारिधि अनुसन्धानरत बौद्धिक युवा प्रतिभा हुनुहुन्छ । प्राध्यापन पेसामा संलग्न हुनुहुन्छ । हाल पाटन संयुक्त क्याम्पस ललितपुरमा पढाउनुहुन्छ । उहाँको कलम विशेषत : समालोचना विधामा चल्दै आएको छ अधिआख्यान : सिद्धान्त र विश्लेषण....), उत्तरआधुनिक साहित्य : सिद्धान्त र विश्लेषण (सह.....) दुई कृति प्रकाशन भइसकेका छन् भने तेस्रो कृतिका रूपमा यो सैद्धान्तिक आधार : प्रायोगिक विश्लेषण २०७५) आएको छ ।




सैद्धान्तिक आधार : प्रायोगिक विश्लेषण २०७५, यो मैले बोल्ने तेस्रो समालोचना कृति हो । यहाँ जम्मा आठ ओटा समालोचना समेटिएका छन् । ती समालोचनाहरू १. शिरीषको फूल उपन्यासको सांस्कृतिक अध्ययन, २. संस्कृति र उपसंस्कृति, ३. टेस्ट्युव बेबी र मेरी प्रेमिका कथाको समाजशास्त्रीय अध्ययन, ४. वर्दी कथाको संकथन विश्लेषण, ५. घुम्ने मेचमाथि अन्धो मान्छे कवितासङ्ग्रहका शीर्षकहरूमा ध्वनि, ६. एउटा विचारको यात्रापथ कथाको समाख्यान विश्लेषण, ७. विश्वेश्वरप्रसाद कोइरालका उपन्यासमा अधिआख्यान, ८. इन्टरनेटमा नेपाली समालोचना भ्रम र यथार्थ । यी समालोचनाले पछिल्लो समय नेपाली साहित्यको उच्च शिक्षा वा एम.फिल तहको अध्ययन अध्यापनका क्रममा अभ्यास गरे गराएका सिद्धान्तहरूको स्थापना र तिनको प्रयोगलाई जोड दिएका छन् । सांस्कृतिक अध्ययन, समाजशास्त्रीय अध्ययन, संकथन विश्लेषण, ध्वनि समाख्यान विश्लेषण, अधिआख्यानको खोज र साइबर समीक्षाको अन्वेषण गरेका छन् । यी सामग्री नव पुस्ताका समीक्षकहरूका लागि सैद्धान्तिक र प्रायोगिक दुवै दृष्टिले उपयोगी देखिन्छन् । समग्रता नभई कुनै एउटा दृष्टिबाट सूक्ष्म विश्लेषण गर्ने सामर्थ्यलाई जीवन्तका यी समालोचनाले देखाएका छन् । जीवन्तलाई हार्दिक बधाई र उत्तरोत्तर प्रगतिको शुभकामना ।

**२.४ अनेक विधा अनेक दृष्टि**

आज विमोचित चौथो समालोचना कृति अम्बिका अर्यालको अनेक विधा : अनेक दृष्टि हो । अम्बिका अर्याल (धुवाँकोट १, गोरखा, सुपुत्री : राधा अर्याल र नारायणबहादुर अर्याल) एम.ए, एमएड, एमफिल र विद्यावारिधिरत युवा विदुषी हुनुहुन्छ । उहाँ पनि प्राध्यापन पेसामा संलग्न हुनुहुन्छ । उहाँको वर्तमान कर्मथलो पद्मकन्या कलेज, बागबजार काठमाडौँ हो । यहाँका यसपूर्वनारीवादी सिद्धान्त र औपन्यासिक विश्लेषण.........), उत्तरआधुनिक साहित्य : सिद्धान्त र विश्लेषण (सह....), विश्व नारी नेपाली साहित्य सम्मेलनका कृति (...) प्रकाशित भइसकेका सन्दर्भमा आज अनेक विधा : अनेक दृष्टि (२०७५) विमोचन भएको छ । म यही कृतिलाई आधार मानेर सूत्रमा कुरा राख्दैछु ।




नेपाली समालोचना परम्परामा अम्बिका पछिल्लो पुस्ताकी बलियो नारीहस्ताक्षरका रूपमा देखिँदैहुनुहुन्छ । उहाँको यस सङ्ग्रहमा सातओटा समालोचना समेटिएका छन् : १. विश्वेश्वरप्रसाद कोइरालका उपन्यासमा नारीवादी चेतना,२. ध्रुवचन्द्र गौतमको अभिप्राय उपन्यासमा जाति, ३. माइतीघर गीतमा ध्वनि, ४. भानुभक्तीय रामायणमा पौरस्त्य दर्शन, ५. शैलेन्द्र साकारको घर कथाको समाख्यान विश्लेषण, ६. पुरानो हुँदैन माया गीतको संकथन विश्लेषण, ७. वानिरा गिरीका उपन्यासमा नारीवादी चेतना हुन् ।

यी समालोचनाले पनि जीवन जीवन्तका समालोचनामा जस्तै नेपाली उच्च शिक्षाले अभ्यास गरे गराएका समालोचनाहरू समेटिएका छन् । यिनको विषय क्षेत्र पूर्वीय र पाश्चात्य चिन्तनहरूलाई समेट्न सकेर फराकिलो बनेको छ । पहिला सिद्धान्त स्थापना र सोही सिद्धान्तअनुसार साहित्यिक कृतिको विश्लेषण गर्नमा अम्बिकाको कलम सफल र सबल बनेको देखिन्छ । उनका समालोचनाले समेटेको क्षेत्र नारीवाद, जातीय अध्ययन, ध्वनितात्विक अध्ययन, पौरस्त्यदार्शनिक अध्ययन, समाख्यानात्मक विश्लेषण, संकथन विश्लेषण रहेका छन् । अम्बिकाजीलाई समालोचना यात्रामा उत्तरोत्तर प्रगतिको कामना ।

**२. कविता**

आज मैले बोल्ने कृतिहरूको अर्को विधा कविता हो । शब्दार्थ प्रकाशनले कविता विधाका २, गजल १ र मुक्तक २ गरी फरकफरक उपविधाका ५ ओटा कृति प्रकाशन गरेको छ र आज ती कृतिहरू यहाँ सार्वजनिक भएका छन् । म ती कृतिलाई उपविधागत वर्गीकरणसहित सारभूत रूपमा उही ज्येष्ठतालाई केन्द्रमा राखी चर्चा गर्दैछु ।

**२.१ सम्मिलन**

मैले बोल्ने पहिलो कविता सङ्ग्रह सम्मिलन हो । यो ठाकुर शर्मा

भण्डारी (२०१० भाद्र २५ गते, जुहाङ गा.वि.स. वार्ड नं. ६, मोहरिया गाउँ, स्थामगुल्मी, लुम्बिनी, सुपुत्र : नवनिधि भण्डारी (जगन्नाथ) र धनकला भण्डारी) को कविता सङ्ग्रह हो । भण्डारी साहित्याचार्य (सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, भारत) र एम.ए. नेपाली ( त्रिभुवनविश्वविद्यालय, कीर्तिपुर, नेपाल) हुनुहुन्छ । उहाँका अन्तर्ध्वनि ( २०५५ वैशाख), आस्थाका पाइला (२०५९ भाद्र), उपासना (२०६०), शब्दनाद (कवितासङ्ग्रह २०७०)जस्ता कवितासङ्ग्रह यसपूर्व नै प्रकाशनमा आइसकेका छन् । आज सम्मिलन (२०७५) सार्वजनिक भएको छ । उहाँका केही मुक्तक सङ्ग्रह पनि प्रकाशित छन् : प्रकृतिमा मान्छे (२०६६) र पद्यमुक्तक (२०७३ आश्विन) उहाँका मुक्तकसङ्ग्रहहरू हुन् । उहाँका तीतामीठा कुरा (२०६३, सह-लेखन), वसन्तानन्द (चम्पूकाव्य २०६५), नीति-विचार (२०६७, सह-लेखन) अभिनवन-काव्य २०७१) जस्ता काव्य हुँदै आरोहण महाकाव्य, (सहलेखन-त्रयोदशकवि २०७४) पनि प्रकाशित छ । यस महाकाव्यका सहलेखकहरूमध्ये आधा जतिको यस समारोहमा उपस्थिति रहेको छ । उहाँले सूक्तिसुधा (अनुवाद २०७२ फागुनशिवरात्री) शीर्षकको कृति पनि अनुवाद गर्नुभएको छ । उहाँ स्रष्टा मात्र हुनुहुन्न, क) सहलेखनमा क्याम्पस तहको पाठ्य पुस्तकका साथै विविध समालोचना कृति पनि प्रकाशित छन् । उहाँका समालोचना कृतिहरूमा विमर्शन (२०६६), साहित्य यात्राका पदचाप (२०७०), अभिव्यञ्जन (२०७४), विवेचन (२०७४), परिदर्शन (२०७४) पर्दछन् । ख) निबन्धतर्फ उहाँको पञ्चामृत (२०६८) प्रकाशित छ । यो आध्यात्मिक लेख सङ्ग्रह हो । यस्ता बहुमुखी प्रतिभाका विषयमा र उहाँका कृतिका बारे बोल्न त्यति सजिलो छैन तै पनि मैले प्रयास गरेको छु ।

सम्मिलन ठाकुर शर्मा भण्डारीको कवितासङ्ग्रह हो । यसमा १०४ वटा कविता छन् तीमध्ये चारवटा कविता भूमिका खण्डमा पर्दछन् । ती चार कविताका सर्जक प्रा.गोपीकृष्ण शर्मा, भुवनहरि सिग्देल, रामप्रसाद पन्त र लेखकको लेखकीयलाई संकेत गर्ने सम्मिलन अर्पिएँ शीर्षकमै रहेका छन् । पाँचौँ कविताबाट यस सङ्ग्रहका कविताको आरम्भ हुन्छ । पहिलो कविता मिर्मिरे (क्रममा पाँचौँ) बाट आरम्भ भएर कमलमणिप्रति शब्दश्रद्धा ( १०४ औँ) शीर्षकको कवितामा गएर कविताको बिट मारिएको छ ।

मलाई यो ग्रन्थ पढ्न थाल्दै गर्दा डर लागेको थियो । यति ठूलो सङ्ग्रहबारे सीमित समयमा म के बोलूँला ? तर पढ्दै जाँदा एउटा खाका बन्यो । यी कविता सरल र सहज पनि लागे । गहन र दार्शनिक पनि लागे । कविले लेख्ने विषय आफ्नै दिनचर्या र परिवेशबाट पाउँदो रहेछ भन्ने बोध पनि भयो ।

विषयवस्तु : विषयवस्तुबाट कुरा सुरू गरूँ । यो कवितासङ्ग्रह विषयवस्तु बहुल कवितासङ्ग्रह हो । यसका विषयवस्तुलाई मोटामोटीमा तिहारमा दिदीबहिनीले दाजुभाइलाई पूजा गर्दा लगाएको तेलको छेको जस्तो छेको लाउँदा यसरी समेट्न सकिने देखियो : अग्रजप्रतिको आदर र आस्था, चाडपर्व र उत्सव केन्द्रित सांस्कृतिक विषयवस्तु,सालिन प्रेमप्रणय,व्यङ्ग्य चेत, साहित्य शास्त्र, जीवनबोध, स्मृतितत्त्व, प्रकृति चित्रण, प्राकृतिक प्रकोप, मानवता, राष्ट्रियता आदि ।

यी विषय वस्तुगत विशेषताका बारे सूत्रमा कुरा गर्छु र समग्र कविताका प्रवृत्तिगत विशेषता उठाउँछु । मैले निर्धारण गरेका विषयवस्तुगत विशेषतामध्ये सबैभन्दा पहिलो विशेषता अग्रजप्रतिको आदर र आस्था हो । उहाँका झन्डै दर्जन कवितामा गुरू, अभिभावक, स्रष्टा र समाजसुधारकहरू रहेका छन् । उहाँको गुरू कविता भन्छ : गुरू हुन् ज्ञानका ज्योति गुरू हुन् ज्ञान मन्दिर, शुभ सन्मार्ग औँल्याई हिँडाउने दिवाकर, यहाँ गुरुप्रतिको आस्था र विश्वास छ आदर छ । त्यस्तै आमा कवितालाई एउटा उदाहरण मानूँ,

आमाको ममता भए दिन दिनै द्रष्टा त्यहाँ पाइयो
आमाको सुखमा रमाउन सके स्रष्टा त्यहाँ पाइयो
आमाकै सँगमा सुसंस्कृत हुने देखिन्छ संसारमा
तिम्रै रूप म देख्छु यो भूवनमा स्रष्टा तिमी भवमा । पृ ३९

म यस प्रवृत्तिबारे धेरै नबोलूँ । मलाई बोल्न सक्ने सामग्री छ । बोलिरहन पनि सक्छु तर समयले बाँधिएको छु । यस्ता कविताहरूमा अन्य अभिभावक विषयक कविता र महान साधक, सकियो तन आदिमा छ । चाडपर्व र उत्सव केन्द्रित सांस्कृतिक विषयवस्तु : यो मैले उद्घोष गरिसकेको अर्को प्रवृत्ति हो ठाकुर शर्माका कविताको । नयाँवर्ष, विजयादशमी (१ र २), शुभकामना, रजत वर्ष, असारे रोपाइँ , असारे गीत, घिउचाकु कविता, दहि चिउरा कविता आदि । यस किसिमको विषयवस्तुबाट म एउटा मात्र उदाहरण लिऊँ :




घनन घनन बाजा बज्न थाले सजाई
छुपुछुपु छुपु चल्छन् हात बाला रमाई
वरपर सब हेर्छन् नाच्न तम्सी रसैमा
प्रकृति कति रमेकी नाध रोप्ने पलामा ।
पृ. ७७

दहीचिउरा कविता पनि यस्तै प्रकृतिको कविता हो । मैले अरु व्याख्या गरिनँ, उहाँले प्राकृतिक र सांस्कृतिक चाडपर्वहरूलाई आफ्ना कविताको विषयवस्तु बनाउनुभएको छ । अहिले यति भनेँ ।

सालिन प्रेमप्रणय : शर्माज्यूका कवितामा सालिन प्रेम प्रणयले पनि विषय पाएको छ । युवाप्रति कवितामा एउटा सुनूँ :

प्यारा राम्रा नव दिवस छन् सम्झनामा उदाए
जोडा जोडी कलरव उषाकालमा रम्न आए
पाएका छन् रमण रसमा तत्वको दिव्य दृष्टि
स्रष्टालाई मन सुख दिने भावना पुष्पवृष्टि । पृ. १२२

नैतिक चेतना : यहाँ केही कविताका शीर्षक नै नैतिकतासँग जोडिएका छन् । जस्तो नीतिगत कुरा, कहाँ छु म, भाका मिलाऊँ यहाँ

अल्लारे भै नहिँडन तिमी क्रान्तदशी बनाऊ
हल्लीखल्ली नगर न तिमी अस्मिता साथ ल्याऊ
चौतर्फी छन् श्रवण विविधा सूक्ष्मदर्शी बनाऊ
शोभा थप्ने समय गतिमा सम्झनायुक्त छाऊ । पृ.१२३

साहित्य शास्त्र : शर्माज्यूका कविताले साहित्यशास्त्र कविता आदिलाई नै पनि आफ्ना कविताको विषयवस्तु बनाएका छन् । जस्तै,

क) पत्र पत्र लता कुञ्ज मूलमा कविता ध्वनि
नाच्नछिन् कविता फूल फूलमा सविता बनी
ख) प्रसन्न मनमा हाँस्छिन् कविता रङ्गमञ्चमा
स्रष्टाको साधनाभित्र रमाउँछिन् विचारमा ।
ग) नदी कल्कल झर्नाले, झर्नाको झर्झर शब्द नादमा
कविताले पुकारेझैँ लाग्दछ हिँड साथमा ...
वनका पात हल्लेझैँ चित्त हल्लाउने भई
मन मस्तिष्कको खाता खोल्दछिन् दृष्यमा गई । पृ .७३

कविता विहार (१ र २) यस्तै कविता हुन् । यस्ता कविता अरु पनि छन् । कविता मुस्कुराउँछिन्, शब्द सुधा, कविता रस, भावनामा रत, कवितामा रमाउँछु आदि ।

जीवनबोधः अर्को विषयवस्तुगत प्रवृत्ति वा क्षेत्र जीवनबोध हो । यो उहाँका नैतिक चेतनाका कवितामा पनि छ । अग्रजप्रति आदरका कवितामा पनि छ । शोकका कवितामा पनि छ । उहाँ जीवनलाई भौतिकभन्दा पनि आद्यात्मिक तहबाट बुझ्न खोज्नुहुन्छ । सेवा र समर्पणको सन्तुष्टि आदान वा आर्जन र शक्तिमा देख्नुहुन्न । भाव ज्ञान, सकियो तन, उहाँले सिर्जनशील जीवनलाई जीवनमध्येमा उत्तम ठम्याउनुभएको छ :

स्रष्टा सुन्दर सृष्टिमा विबुध हो ज्ञानी धनी शान हो
झुल्केघामसरि समाज रचना गर्ने कला गान हो

जो रागात्मक भिन्न कल्प तरू हो । सन्मार्गमा डुल्दछ
डोरिन्छन् सब नै सुपूर्ण गतिमा आफै सदा खुल्दछ ।

स्मृतितत्त्व : यहाँ करिव दर्जन कविताहरू स्मृति केन्द्रित छन् । अभिभावक, बाल्य जीवन, अग्रज र समकालीन स्रष्टा एवम् सहकर्मीहरू उहाँका स्मृति कविताका विषय बनेका छन् । त्यस्ता कविताहरूमा आमा हराएँ कता, कृष्णचन्द्र : एक सम्झना, बी.पी. स्रष्टा यथार्थमा, नयराज शब्द श्रद्धा, पूर्णप्रकाशप्रति श्रद्धासुमन, कृष्णप्रसादप्रति सम्झना, तृषितलाई सम्झिँदा, टेकनाथप्रति श्रद्धापुष्प, डिल्लीरमणप्रति श्रद्धासुमन, कमलमणिप्रति शब्द श्रद्धा आदि पर्दछन् । यहाँ जीवनी र ती व्यक्तिहरूका कृतित्व सेवा नै कविताका विषय बनेर आएका छन् ।

प्रकृति चित्रण : मैले पहिल्याएको अर्को विषयवस्तुगत विशेषता प्रकृति चित्रण हो । यस्ता कवितामा प्रिय धरणी, धर्ती महिमा ... जस्ता कविता पर्दछन् ।

प्राकृतिक प्रकोप : शर्माका कविताले प्रकृति चित्रणसँगै प्रकृति प्रकोपका पीडाहरूलाई पनि आफ्ना कविताको विषय बनाउनुभएको छ । उहाँको प्रकोपलाई हेर्ने केही दैवीदृष्टि र केही वैज्ञानिक दृष्टि पनि छ । यहाँ महाभूकम्प शीर्षकका तीनवटा कविता छन् ।

देशभक्ति : ठाकुर शर्मा देशभक्त साहित्य सेवी हुनुहुन्छ । उहाँले यहाँ समेटिएका मध्ये दर्जन जति कवितामा आफ्नो देश लेख्नुभएको छ । देशको महिमा र गरिमा उठाउनुभएको छ । देशको भाषा, संस्कृति, प्रकृति, गौरवमय इतिहास र मूल्यहरू अन्वेषण गर्नुभएको छ । प्रिय धरणी कविता होस् वा धर्ती महिमा होस् । खुल्दछ देश अनन्तमा होस् वा नवचेतनामा र अरु कवितामा पनि कवि देशभक्त कविका रूपमा देखापर्नुहुन्छ आदि ।

मानवता : शर्माका कवितामा पाइने अर्को विषय मानवता हो । यहाँ मानिसका पक्षमा देखिनु हुन्छ । मान्छेको स्वतन्त्रताको पक्ष खोज्नु हुन्छ । मान्छे मान्छे बीचको भ्रातृत्वको अन्वेषण गर्नुहुन्छ । यथार्थ दृष्टि कविताको एउटा नमुना हेरौँ : अत्याचार बढ्यो बढ्यो अति बढ्यो भ्रातृत्व भेट्ने कहाँ ? पृ. १३२

श्यामव्यङ्ग्य : यहाँ केही कवितामा स्मिथ व्यङ्ग्यको प्रयोग भएको छ । खैके भनूँ के भनूँ, खैके रोजूँ के रोजूँ सभामा कुरा, चित्रात्मक दृष्य, यथार्थ दृष्टि आदि कवितामा समाजका विब्ल्याँटा विसङ्गत पक्षहरू आएका छन् । यी सय कवितामा ५० प्रतिशत कविता दीर्घप्रभावी बनेर आएका छन् । सम्भवतः कविको उद्देश्य पनि फरकसमय सन्दर्भमा रचिएका कवितालाई एकै ठाउँमा ल्याउनु हो । सबै कवितामा लय चेत सवल छ । भाषाशैली सरल छ । सरल विम्ब प्रतीकको प्रयोग भएको छ । मलाई लागेका यस सङ्ग्रहका उच्च कविताहरू . यथार्थ दृष्टि, सकियो तन, कहाँ छु म, कविचेतना, श्रम जीवन ...आदि हुन् ।

मैले विषयवस्तु मात्र उठाउन सकैँ । यी कवितालाई पूर्वीय काव्य शास्त्रीय रस, ध्वनि, अलंकार र लयविधानका दृष्टिले अध्ययन गर्न सकिन्छ । रीति र वक्रोक्तिका आधारमा पनि अध्ययन गर्न सकिन्छ । राष्ट्रियताका दृष्टिले, नीति चेतका दृष्टिले, पर्यावरणीय चेतका दृष्टिले, मानवतावादी चेतनाका दृष्टिले, शैलीविज्ञान वा भाषापरक दृष्टिले, संकथनका दृष्टिले, समाजशास्त्रीय दृष्टिले, सांस्कृतिक चेतनाका दृष्टिले अध्ययन गर्न सकिने सूचना अध्येताहरूलाई दिँदै र उहाँमा थप सिर्जनशीलताको कामना गर्दै बिट मार्छु ।

### २.२ कोशीका उडान

यो कृति डा. विदुर चालिसेज्यूको कृति हो । चालिसे (२०१६ कार्तिक १५, गोकर्णेश्वर न.पा.-९, आरूबारी, काठमाडौँ)ज्यूको परिचय दिइरहनु पर्दैन । उहाँ त्रिभुवन विश्वविद्यालयबाट भाषाविज्ञानका विद्यावारिधि उपाधिप्राप्त विद्वान् व्यक्तित्व हुनुहुन्छ र त्रिभुवन विश्वविद्यालयकै पद्मकन्या क्याम्पसमा प्राध्यापन गर्नुहुन्छ । उहाँको पहिलो कृति कविताकै कृति प्रकाशन भएको थियो २०४७ सालमा युग बोल्छ शीर्षकमा । त्यसपछि उहाँ अनुसन्धानका क्षेत्रमा लाग्नुभयो । सिसिफसको श्रापित मांसपिण्ड (अनुसन्धान- २०५१), अभिलेखीय नेपाली क्रिया (अनुसन्धान- २०७०),ऐतिहासिक नेपाली अव्यय (अनुसन्धान- २०७०), अभिलेखीय नेपाली व्याकरणको इतिहास (अनुसन्धान- २०७४), अभिलेखीय नेपाली नामधातु (अनुसन्धान- २०७५) आदि उहाँका अनुसन्धानमूलक कृति हुन् । उहाँका कविता यात्रामा दोस्रो सेनेगल ( कवितासङ्ग्रह- २०७४) र तेस्रो स्मृतिका पहाड (कवितासङ्ग्रह- २०७५) हुँदै यो कृति कोशीका उडान चौथो कविता सङ्ग्रहका रूपमा प्रस्तुत छ ।

यस सङ्ग्रहमा ५० वटा कविताहरू समेटिएका छन् । कविताले करिब दुई दशक अवधिका नेपाली समाजलाई आफ्नो विषयवस्तु बनाएको देखिन्छ । कविले आफ्नो लेखकीय मन्तव्यमा गद्य कविता बनाउन गर्नुपर्ने प्रयत्न र अपनाउनुपर्ने होसियारीबारे जानकारी दिनुभएको छ । उहाँले कवितालाई भाषा, शैलीशिल्प र चेतनाका रूपमा चित्रण गर्नुभएको छ । क्लिष्ट र दुर्वोध्य सिर्जनाबाट बच्ने प्रयत्न पनि गर्नुभएको छ । २०४७ सालमा **युगबोल्छ** कविता संग्रहबाट प्रकाशनका दुनियाँमा देखापर्नुभएका चालिसेज्यूका यी कविता अरु गद्यकविताभन्दा केही नवीन लाग्छन् । उहाँले गद्यकविताको लयचेतलाई निकै बलियो गरी प्रस्तुत गर्ने प्रयत्न गर्नुभएको छ । म केही फरक प्रवृत्तिलाई मात्र चर्चा गर्छु ।




**मानव मूल्यको खोजी**

उहाँले **आलु मान्छे** कवितामा मान्छेको सस्तो पनलाई देखाउनुभएको छ । यसमा मान्छेको कमजोरी नभई मान्छेको मूल्यलाई देखाइएको छ । उहाँ लेख्नुहुन्छ :

मान्छेजस्ता आलु
आलुजस्ता मान्छे
फालिएथे कन्टेनरमा । (पृ.११५)

यहाँ मान्छे आफैले आफ्नो मूल्य तोक्न नसकिरहेको अवस्थाको चित्रण गरिएको छ । यस्तै विशेषता फर्सीको लहरा कवितामा पनि देखिन्छ । जस्तै,

फर्सीका लहरा थे
म फर्सीका जरा थेँ
उद्देश्य अनन्त थे
हुन्थे भ्रूण हत्या
पाक्दथे मुना पनि
जराका साबित अत्तरमा
मर्दथे भुसिला कन्थाहरू
जल्दथे मसिना पत्ताहरू । पृ. १३१

यो कविता केही अमूर्त भएर पनि लहरा र जराका बिम्बमा मानवीय मूल्य र समानताको अन्वेषण गरिएको छ ।

**प्रगतिशील चेतना**

चालिसेका कविताले विम्बात्मक, प्रतिकात्मक सिर्जन सामर्थ्यभित्रै प्रगतिशील चेतना आत्मसात् गरेका छन् । त्यस्ता केही उदाहरण सुनाउँदैछु :

तिमी किन त्यसै पहेँलियौ
मैले तिम्रा लागि
आफै बकस दिन खोजेथेँ
एक टुक्रा जीवन
बकस मैले खोलेर हेरेँ
तिमी त बन्द कोठाका
निष्प्राण प्रयोगशालामा
शल्यक्रियामा अभ्यस्त भेटेँ (जाँगर पृ. १५)

यहाँ तिमी र ममा प्रगति वा परिवर्तनको चेत सांकेतिक छ । म एक

जना अग्रज विद्वान्को कृतिमाथि बोलिरहेको छु । उहाँको कृतिलाई मसिनो गरी केलाउन निकै कठिन छ । यहाँ केही संकेत मात्र गरेर छाड्छु : १. विवध विषयवस्तुमा आधारित विम्बहरूको निर्माण र प्रयोग, २. गद्यमा श्रुतिललित शब्दहरूको प्रयोग र आन्तरिक लय सिर्जना, ३. ध्वन्यतामा, ४. कोमलता, ५. कविताको कथ्यतामा प्रायः भूतकालिक अनुभूति, ६. विशेषतः नवीन शब्दहरूको प्रयोग अनि कथ्य क्रियाको प्रयोग, ७. कवितामा बौद्धिक हार्दिकताका साथ बहुमुखी दार्शनिक सन्देश, ८. समसामयिक विषयबस्तु छनौट, ९. जीवन, प्रकृति र प्रेमको त्रिकोणीय प्रकाशमा बिम्बहरूको संयोजन, १०. दार्शनिक तहमा प्रगतिशीलताको उद्घोष, ११. नामिक पदलाई रूपान्तरणसहित क्रियाका रूपमा प्रयोग, १२. भाषाको विद्यार्थी हुँदा ऐतिहासिक प्राचीन तथा मध्यकालीन अभिलेखमा प्रयोग भएका शब्दहरूको प्रयोग कतिपय कविता प्रयोगवादी कविताका अमूर्त लेखनजस्ता पनि लाग्छन् । कविताको सन्देश पाठकले नै अर्थ्याउनु पर्ने खालका छन् । सुरुमा त म यी कविता कतै नयाँ प्रयोग वा प्रयोगवादी त होइनन् भन्नेमा थिएँ । पढ्दै जाँदा यी बुझ्नलाई अर्को ईश्वर बराल नचाहिने रहेछ । उहाँ अन्य प्रगतिशील कवि जस्तो बढी आग्रह पूर्वाग्रहबाट भने मुक्त हुनुहुन्छ । म उहाँकाबारे पनि बढी बोल्ने धृष्टता राख्दिनँ । थप सिर्जनशीलताको कामना गर्छु । अर्को सङ्ग्रहको विश्लेषण गर्न पाऊँ भन्छु ।

**२. जिलेटिनमा फूल – गजल**

आज विमोचित कृतिहरूमध्ये एउटा मात्र गजल सङ्ग्रह छ । त्यो सङ्ग्रह हो जिलेटिनमा फूल । यो गजलसङ्ग्रह दुर्गाप्रसाद ग्वालटारेको नवीनतम कृति हो । दुर्गाप्रसाद ग्वालटारे (२०१८/८/२ : ग्वालटार, सिन्धुली, हालः कौसलटार, भक्तपुर । सुपुत्र : अम्बिकादेवी बराल र स्व. सीताराम बराल) कविता, गजल, लघुकथाजस्ता फरक फरक विधामा कलम चलाउँदै आउनुभएको छ । उहाँ इन्जिनियरिङ र शैक्षिक नेतृत्वका विद्यार्थी हुनुहुन्छ । उहाँ अहिले काठमाडौँ विश्वविद्यालयबाट विद्यावारिधि गरिहनुभएका युवा विद्वान् प्रतिभा हुनुहुन्छ । उहाँका यसपूर्व सारै चिन्तित छ किस्नेको बा (कवितासङ्ग्रह २०७१) र बोधिचित्तको खेती (लघुकथासङ्ग्रह, २०७३) प्रकाशन भइसकेका छन् । आज उहाँको तेस्रो कृतिका रूपमा जिलेटिनमा फूल (गजलसङ्ग्रह २०७५) विमोचन भयो । गजल सिर्जनाका दृष्टिले यो उहाँको पहिलो कृति हो । यसमा गजलकार ज्ञानुवाकर पौडेलज्यूको भूमिका रहेको छ । यी गजलमा पाइने प्रमुख विशेषताहरूको मात्र चर्चा गर्छु ।

व्यङ्ग्य चेत : सभ्य र सुन्दर समाज निर्माणको चाहना, सामाजिक एवम् सांस्कृतिक चेत, आर्थिक दुरावस्थाको चित्रण, झर्रा एवम् ठेट नेपाली शब्दको प्रयोग ।

१ व्यङ्ग्यचेत : यस सङ्ग्रहका गजलले आंशिक रूपमा भए पनि व्यङ्ग्य चेतनालाई समेटेका छन् । जस्तै,

चक्कु भिरी रामनामीको खोल ओढ्ने को होला त्यो ?
उखेलेर तुलसीलाई अफिम गोड्ने को होला त्यो ? ग. २७, पृ३९

यहाँ चक्कु बोकेर रामनामी भिर्नेलाई व्यङ्ग्य गरिएको छ । तुलसी उखेलेर अफिम रोप्ने पक्षलाई नङ्ग्याइएको छ । गजल सिर्जना यतिको विम्बात्मक भएर आउनु सुखद् पक्ष हो । अर्को उदाहरण लिऊँ :

शान्तिका लागि अस्त्र बेचिन्छन्
शरीर देखाउन वस्त्र किनिन्छन् ग.३०, पृ ४२

यहाँ शान्तिका नाममा शान्ति आउने नै काम नभएको अशान्ति फैलाउने । अस्त्र वेचेको र शरीर देखाउन वस्त्र किन्ने गरेको विरोधाभास पक्षमा व्यङ्ग्य गरिएको छ । अर्को व्यङ्ग्यको नमुना यस्तो छ :

नफैल्याऊ खुट्टा तानिन सक्छ त्यो
नतन्काउ छाती डामिन सक्छ त्यो ग.२८, पृ. ४१

गजललाई प्रेम प्रयोगको विषयका रूपमा साँघुरो घेरामा बुझिरहेका सन्दर्भमा यतिको व्यङ्ग्य चेतको स्वाद पाउनुलाई मैले गजलको विकासको र सकारात्मक सिर्जन सामर्थ्यको रूपमा लिएको छु ।




२) सभ्य र सुन्दर समाज निर्माणको चेतना : गजलकारले आफूसँग भएको स्रोतसाधनबाटै समाज सुधार गर्न सकिने, सभ्य र सुन्दर समाज निर्माण गर्न सकिने चेतना पाइन्छ यी गजलहरूमा । जस्तै,

आँट भए शिखर चढ्न पनि सकिन्छ
घोडा चढ्दा ड्याङ्ग लड्न पनि सकिन्छ
हीनता पालेर सफलता असम्भव
वैशाखीमै अघि बढ्न पनि सकिन्छ ।

यसो भन्नुको अर्थ स्रोत साधन कम भए पनि अगाडि जान सकिने सम्भावना हो ।

३) सामाजिक एवम् सांस्कृतिक चेत : स्रष्टाका सिर्जनामा धेरथोर सामाजिक एवम् सांस्कृतिक चेतना हुन्छन् नै । यहाँ पनि केही त्यस्ता चेतना आत्मसात गर्ने रचना समेटिएका छन् । जस्तै,

विरक्तिँदो धून माग्छन् नयाँ गानाहरू
डाँको छोड्छन् इतिहासका रक्तिम पानाहरू ग.२२ पृ ३४

सांस्कृतिक चेतनाले स्रष्टाको परिचय दिन्छ । उहाँ यस्तो चेतनाका माध्यमबाट परिचय दिन सक्षम हुनुहुन्छ ।

४) आर्थिक दुरावस्थाको चित्रण :नेपाली समाज आर्थिक दूरावस्थाबाट ग्रसित समाज हो । यस सङ्ग्रहका केही गजलले यस विषयलाई आफ्ना सिर्जनाको विषयवस्तु बनाएका छन् ।

भोक आँधी बन्न सक्छ भोकासँग होस गर
कागज गोली बन्न सक्छ, खोकासँग होस गर । ग.२४, पृ ३६

यहाँ भोकबाट क्रान्ति जन्म नसक्ने विशिष्ट परिवर्तनको र द्वन्द्वको चेतना पनि समेटिएको छ ।

लोकलयात्मक चेतना : केही गजलले लोकलयअन्तर्गत झ्याउरे र सवाई छन्दहरूलाई तिनका अनुशासनमा रहेर भावलाई पनि सजिलै व्यक्त गर्न सकेको देखिन्छ जस्तै,

गतिलो बोट रोपियो तर माटोले सहेन
फल्ला कि भन्थेँ स्वादिलो फल हाँगाले सहेन ।
पेटको ज्वाला निभाउँछु भन्दै जाँतोलाई जडेथेँ
घुमाउँदा जाँतो पिध्नलाई सामाल हातोले सहेन । ग. ४० पृ.५२

यी गजलले गजलका रदिफ र काफिया प्रयोगका प्रारम्भिक सूत्र पूरागर्दै केही विम्बात्मक र प्रतीकात्मक सामर्थ्य राखेका छन् । यहाँ झर्रा एम् ठेट नेपाली शब्दको प्रयोग प्रशस्त मात्रामा भएको छ । आज गजल लयमा हुनुपर्छ, बहरमै हुनुपर्छ र मुक्त लयमा पनि रचिन सक्छ भन्ने बहस चलिरहेको छ । मलाईलाग्छ शास्त्रीय लय वा लोकलयमध्ये एउटा गजल सिर्जनाको सही बाटो हो । यसले गजललाई गेय र दीर्घ प्रभावी बनाउँछ । उहाँमा पनि यो कामना गर्दै अर्को यो भन्दा राम्रो गजलसङ्ग्रह शब्दार्थको अर्को सालको समारोहमा विमोचन होस् भन्ने कामना गर्दै बिट मार्छु ।

**३. मुक्तक**

आज विमोचित कवितात्मक उपविधाका कृतिहरूमध्ये दुर्य मुक्तक कृतिहरू छन् विनयकुमार शर्मा नेपालको प्रेमाञ्जली र तिलस्मी प्रभासको मुक्तकाञ्जली ।

**३.१ प्रेमाञ्जली**

प्रेमाञ्जली विनयकुमार शर्मा नेपाल (२०१९ आश्विन, काठमाडौँ) को मुक्तकसङ्ग्रह हो । नेपाल बहुमुखी स्रष्टा, द्रष्टा, अभियन्ता, संगठक, प्रकाशक, साहित्यिक पत्रकार, शिक्षासेवी आदि बहुमुखी व्यक्तित्व सम्पन्न प्रतिभा हुनुहुन्छ । उहाँको परिचय कोशकार, कवि र निबन्धकारका रूपमा नेपाली वाङ्मय र साहित्यमा स्थापित छ । म यहाँ उहाँको परिचय दिन थालेँ भने सूर्यलाई बत्ती देखाउनुजस्तै हुन्छ । कारण उहाँ नै आजका बीस प्रतिभालाई बाहिर ल्याउने कर्ता हुनुहुन्छ । उहाँका सङ्क्षिप्त नेपाली शब्दसागर-

२०६२ (कार्यकारी सम्पादक, शब्दकोश) देखि नेपाली गणितकोश– २०७५ (भाषा सम्पादन, शब्दकोश) सम्म विभिन्न साना ठूला २१ वटा शब्दकोश र विश्वकोश, झन्डै एक दर्जन सम्पादित एवम् समालोचना ग्रन्थ, अनुदित ग्रन्थ, आधा दर्जन जति निबन्ध र कविता सङ्ग्रह, उपन्यास आदि कृति प्रकाशित छन् ।




उहाँको. प्रेमाञ्जली २०७५ (मुक्तकसङ्ग्रह) पछिल्लो कृति हो । आज मैले यसै कृतिलाई मूल मेरो विषय बनाएको छु । उहाँका बारे कृतिको नाम वा कामको नाम मात्र लियो भने पनि यहाँहरूले मलाई बढी समय लियो भन्ने ठान्नु हुन्छ । म होसले आफ्ना कुरा राख्दैछु । मलाई अलि डर पनि लागिरहेको छ । यस सङ्ग्रहको लेखकीयमा मुक्तक विधाका सैद्धान्तिक आधारमाथि प्रश्न उठाइएको छ । यो उठाउनुपर्ने आवाजै भए पनि आजका नेपाली मुक्तकका पण्डित यस भनाइलाई हावामा उडाइरहेका छन् । त्यो चुनौती दिने अनुच्छेद यस्तो छ :

तुकबन्दीलाई मुक्तक भन्ने धेरै भेटिए, अन्त्यानुप्राशलाई मात्र ध्वनिमा ढालेर मुक्तक लेख्ने पनि धेरै देखिए, मुक्तकका बारेमा बोल्दा उमर खैयामका ख पनि नपढेका विद्वान्हरूले 'रूवाइयात'को रूबाई शैली भनेको पनि धेरै सुनिए, मुक्तकलाई अग्निपुराणजस्ता शास्त्रको भनाइका आधारमा पाँच, छ र सात लाइनमा लेख्ने पनि धेरै देखिए, कतै पाँच-दशजनाको जमातबसी 'होइन यस्तै हुनुपर्छ मुक्तकभनेको' भनेर बाँधबाँध्नखोज्ने पनि चिनिए, 'रूवाइयात'को अनुवादक फिट जिराल्डलाई समातेर मुक्तक लेख्नुपर्छ भन्ने पनि हेरिए तर आफूलाई सबै पुङ् न पुङ्माङ् भनेझैँ लागेपछि के गर्ने ? प्रश्न आफैमाथि झरे । (लेखकीय)

वास्तवमा सिद्धान्त बुझेर सोहीअनुरूप सिर्जना गर्न कठिन छ । शास्त्रकार र स्रष्टा एकै व्यक्ति हुनु सुन खानी र सुन जाँच्ने ढुङ्गो एकै ठाउँ हुनु हो । विनयकुमार शर्मा नेपाल सुनखानी र कसी ढुङ्गो पनि हो । यस्तो सामर्थ्य हुँदाहुँदै पनि उहाँ इमानदार भएर भन्नुहुन्छ :

म मुक्तककार होइन, न पारखी । मात्र जिज्ञासा उठे र लेखिए । यहाँ मात्र प्रयोग गरिएका छन् । कतै एउटा मात्रकाफिया छन् भने कतै दुई, तीन र चार पनि प्रयोगमा छन् अनि कतै वाक्यका सबै शब्द सम काफिया र विषम काफिया पनि छन् । कतै पङ्क्तिहरू मुक्त छन् भने कतै सबै पङ्क्ति समान पनि छन्, यो यस्तै भो ! (लेखकीय)

यो लेखकको इमानदारिता हो । यी कुरालाई मैले दोहोऱ्याएर भनिरहनै पर्दैन । नेपाली समाज चेतनाका दृष्टिले त्यति पछाडि छैन । हामी राजनीतिक र सामाजिक चेतनासँगै विभिन्न दार्शनिक चेतनाका नजिक पुगिरहेका छौँ । हामी अरस्तु र मार्क्सबाट पनि परिचित छौँ । यता रामायण वा वाल्मीकि, महाभारत वा व्यास, उपनिषद्हरू, पूर्वीय वैदिक, पौराणिक वाङ्मय, साङ्ख्यलगायतका दर्शन हाम्रा चेतनाका प्रारम्भिक विन्दुहरू हुन् । वेद र पुराणका चिन्तन पनि हाम्रा हुन् । पूर्व र पश्चिमका धर्म, दर्शन र विज्ञानका ज्ञान आज हाम्रा मस्तिष्कमा मिसिइरहेका छन् र हामी तिनलाई कुनै न कुनै रूपले प्रयोग गरिरहेका छौँ । फरक धर्म र दर्शनका पन्थी, अनुयायी आदिका मौलिक दर्शन पनि हामीमै समाहित भइरहेका छन् । झेन, ताओ, सुफी आदिका विचार अनेक सन्त, महन्त, रैदास, कविर, मीरा, रामकृष्ण, अरविन्द, कृष्णमूर्ति, माली र ओशोसम्मले हामीलाई कुनै न कुनै रूपले प्रभाव पारिरहेका छन् ।

यिनको अध्ययन र प्रभाव समकालीन पुस्ताका लेखक मध्ये विनयकुमार शर्मा नेपालमा झन् गाढा छ । उहाँ कोशहरू बनाउँदा बनाउँदै, पितासँग बसेर पढ्दापढ्दै, आफ्ना र पिताका पुस्तकालय चाहार्दा चाहार्दै, पिताकै अनुवादहरू पढ्दापढ्दै बहुमुखी चेतनाका वाङ्मुख बनिरहनुभएको छ । उहाँको कृति पढेर यही चेतना छ भनी अर्थ्याउन कठिन छ । उहाँले यी चिन्तनलाई आफ्ना निबन्धमा द्वैत र त्रेत द्वन्द्वका रूपमा कुनै न कुनै रूपमा प्रयोग गर्दै आएको कुरा मैले ठम्याएको थिएँ । आज मुक्तकका तुकवन्दीलाई छोडेर दर्शनै लेख्न थालेको पाएँ, मैले यी मुक्तक पढिरहँदा, जस्तै :

हिसाब नै नगरी भाग्यलाई दोष दिने म भाग्यवादी होइन
वस्तु सत्य नहेरी ईश्वरलाई खोट दिने म शून्यवादी होइन
निरन्तर उसरी नै बढ्दै जान्छ जिजीविषा मान्छेको हजुर
समय र तारतम्य नसोची चोट दिने म द्वन्द्ववादी होइन ।

मु. १९८ पृ.७३

उहाँ वादी होइन भन्नु हुन्छ तर त्यही वादलाई प्रयोग गरिरहनुभएको भेटिन्छ । उहाँ पढ्न सक्ने मान्छे हो भन्ने कुरा उहाँको महाकाव्यविषयक कृतिले मलाई डेढ दशक अगाडि देखि नै लागिसकेको थियो । उहाँको दार्शनिक वा कर्मवादी चेत भएको एउटा उदाहरण :

भाग्य आफै बन्दैन हजुर मथ्नैपर्छ धर्मको मदानीले
जीव आफै चल्दैन हजुर खट्नैपर्छ कर्मको कमानीले
भाग्य कोसी, कर्म हारी किन मलाई दोष दिन्छौ ?
नाम आफै बन्दैन हजुर चल्नैपर्छ कर्मको जमानीले ।

यहाँ कर्म र भाग्यवादी चिन्तनको समन्वय देख्यो मेरो चेतनाले ।

विनयकुमार शर्मा प्रेम लेख्नुहुन्छ । उहाँले प्रायः मुक्तकको मूल विषय बनाएको पक्ष प्रेम हो । प्रेम त सबैले लेखिहाल्छन् तर प्रेममा पनि दर्शन मिसाउनुहुन्छ उहाँ, जस्तो :

मृत्यु शास्वत नै छ तिमी पाल वा नपाल प्रिय
जीवन सीमित छ तिमी जान वा नजान प्रिय
तिमीले वा उसले लत्यायो कसले के थाहा ?
भविष्य म देख्छु तिमी मान वा नमान प्रिय ।

यहाँ प्रेम मात्र छैन । मृत्यु बोध छ, जीवन बोध छ, भविष्य बोध छ । प्रेमका सीमामा मात्र यस मुक्तकलाई व्याख्या गर्न सकिरहेको छैन म । यस्तै प्रेम मात्र नभएको अर्को मुक्तकको नमुना यस्तो छ :

तिमी नाचेको तिम्रै लागि हो मेरो लागि होइन
तिमी बाँचेको तिम्रैलागि हो मेरो लागि होइन
किन गर्दछौ नौटङ्की मेरो लागि गर्दिएजस्तो
तिमी जागेको तिम्रै लागि हो मेरो लागि होइन । मु.६१, पृ.२७ ।

यहाँ प्रेमी वा प्रेमिकालाई व्यङ्ग्य मात्र छैन । यहाँ प्रेम अरूलाई भन्दा आफैँलाई गरिने चेतना पनि छ ।

नेपालज्यू वियोग र मिलनलाई हामीले वा अरूले भन्दा फरक दृष्टिले हेर्नुहुन्छ, जस्तैः

जोडिँदा गाँस्ने तागत छैन भने तिमी मान्छे होइन
तोडिँदा हाँस्ने ल्याकत छैन भने तिमी मान्छे होइन
मान्छेको खोल ओढेर मात्र त कहाँ हुन्छ र मान्छे ?
छोडिँदा बाँच्ने साहस छैन भने तिमी मान्छे होइन ।

मु, २७४, पृ.९८ ।

यसरी नै कतिपय मुक्तकले धन, साधन, आभूषण, घमन्ड, फुर्ती भएर पनि बुद्धि, विवेक, विचार र ज्ञान शून्य हुँदै गएको मान्छेप्रति व्यङ्ग्य गरिएको छ (पृ. १०२), उल्टो सोचको विरोध (पृ. १०४) पनि छ ।

नेपालज्यूका मुक्तक कतै घमण्ड, डाह, ईर्ष्या र कुण्ठालाई उडाउँछन्, कतै मान्छेको मनभित्र ईश्वर र राक्षस देख्छन् (पृ.२९), कतै जोगीका तनलाई भोगी देख्छन्, अन्धेश्वर, धन्देश्वर र गन्धेश्वरका कुरा गर्छन् (पृ ३२), कतै लौकिकताको विरोध गर्छन् (पृ. ३४) मैले यस छोटो समयमा यी सबै पक्षलाई प्रस्तुत गर्न सक्तिनँ ।

मुक्तकको भाषा केही खरो, झर्रो, ठेट र मौलिक छ । खाएको

थालमा हग्नेजस्ता केही अश्लिल लाग्ने पदावली वा उखान टुक्कालाई पनि उहाँले आफ्ना सिर्जनामा सान्दर्भिक बनाएर समेट्नुभएको छ । माखो मार्नु, काँसजस्तो जर्कने, बाँसजस्तो नुहुनु, लौकाको भाउमा बिक्नु, भकुन्डोसरि हान्नु, पेन्डुलम बन्नु, अन्तर्मन सिँगार्न नसक्नु (पृ.५९), बगरजस्तै सुस्ताउनु, लीला देखाउनु, खहरे उर्लनु, आफ्नो हैसियत हेर्नु (पृ४५), राँको बल्नु ( पृ.६१), मुटु दुख्नु (पृ.६२), राधा कृष्णको प्रेम (पृ.६६), दुईधारे तरबार ( पृ.७१), घरपालुवा कुखुरो दालबराबर (पृ.११८), काँडो बन्नु (पृ. ११९), खाम भर्नु (पृ. ११६) आदिको प्रयोज सहज देखिन्छ । यी मुक्तकमा काँस, बाँस, घाँस आदि विम्ब र अनुप्रास दुवै बनेर आएका छन् । छाला ताला र माला (पृ.५३) पनि त्यसरी नै आएको देखिन्छ । यहाँ कतिपय मुक्तकले अनुप्रासलाई नै विम्ब बनाएका छन् । गणितका जोड, घटाउ नै नेपालज्यूका विम्ब बन्छन् र मुक्तककै विषय बन्छन्,जस्तै :

जोड गर घटाउ मिल्दैन घटाउ गर जोड मिल्दैन
भाग गर गुना मिल्दैन गुना गरी हेर थोक मिल्दैन
काँडाहरूको बदला फूलैफूलको गुच्छा दिँदा पनि
तिमीसँग हिसाबको किन किन कतै फल-योग मिल्दैन ।

यो मुक्तक विम्बात्मक छ । गणितका विम्बमा दार्शनिक छ । त्यस्तैसागर, आकाश, कोपिला, स्टेथोस्कोप, खरी, पाटी, मियो, किलो, जिलो, बल्ड्याङ्ग्रो आदि विम्बहरूको सहज प्रयोग भएको छ । यो छोटो समयमा न विम्ब प्रतीकको कुरा गर्न भ्याइन्छ न जीवन दर्शन केलाउन । समग्रमा नेपालका मुक्तकले छोड्न नसकेको कुरो प्रेम, प्रकृति र समाज हो । समाजका विसंगत पक्षको उठान हो । आजलाई उहाँलाई थप शुभकामना । अर्को शब्दार्थको वार्षिकोत्सवमा अर्को मुक्तक विमोचन गर्ने कामना ।

**३.२ मुक्तकाञ्जली**

तिलस्मी प्रभास नेपाली साहित्यमा त्यति नयाँ नाम होइन । उहाँको वास्तविक नाम कल्पना पराजुली (२०३२ साल फागुन २६, बाबरे गाविस, दोलखा । सुपुत्री : चन्द्रकुमारी पाण्डे र इन्द्रबहादुर पाण्डे)हो । उहाँ बुद्धिज्म एल.बि.यु.बाट र संस्कृतिमा त्रि.विबाट एमए, नेपालीमा बीएड गर्नुभएको विदूषी हुनुहुन्छ । उहाँ तिब्बती लिपि अध्यताका रूपमा राष्ट्रिय अभिलेखालयमा कार्यरत हुनुहुन्छ र हाल बौद्ध-६, काठमाडौँमा बसोबास गर्नुहुन्छ ।

उहाँले यसभन्दा अगाडि अमृताञ्जली (मुक्तकसङ्ग्रह २०७४ प्रकाशन गरिसक्नुभएको छ । एउटा बहुभाषी उखान टुक्का (तिब्बती खण्ड-संयुक्त २०७४) उखान कोशको सम्पादन पनि गर्नुभएको छ भने अहिले मुक्तकाञ्जली (मुक्तकसङ्ग्रह २०७५) लिएर उपस्थित हुनुभएको छ । मुक्तकाञ्जलीको चर्चा म मुक्तकबाटै आरम्भ गर्छु :

सबै पीपलहरूसँग बर कहाँ हुन्छ र ?
सबै मानेकाहरूको भर कहाँ हुन्छ र ?
सबै कुराहरूको अर्थ हुन्न न त तर्क नै
जब भरै हुँदैन तब डर कहाँ हुन्छ र ? मु ८०, पृ ३९

यी मुक्तकमा धर्म संस्कृति, जीवनदर्शन, सामाजिक, राजनीतिक, नैतिक विकृति विसङ्गति, आर्थिक दुरावस्था आदिका चित्रणमा केन्द्रित छन्, जस्तो :

देश हेर्न टाढा पुग्नुपर्दैन हजुर राजधानीको बाटो हेरे पुग्छ
कृषिप्रधान देशमा कति उब्जनी हुन्छ, बाँझो माटो हेरे पुग्छ
व्यवस्थापिका, कार्यपालिका अनि न्यायपालिकाको मर्म बुझ्न
केही गर्नै पर्दैन हजुर मात्र राजनैतिक पाटो हेरे पुग्छ ।
(मु. ५८, पृ. ३२)

यस्ता राजनीतिक सापेक्ष व्यंग्यहरू प्रशस्तै छन् । राजनीतिभन्दा धर्मसंस्कृतिसापेक्ष चिन्तनमा तिलस्मीजी निकै अगाडि हुनुहुन्छ । उहाँले बुद्ध र हिन्दू धर्मसापेक्ष आध्यात्मिक चिन्तन, त्यस चिन्तनसापेक्ष जीवन र मृत्युबोध, आत्मिक प्रेम आदिलाई मुक्तकको विषय बनाएको देखिन्छ, जस्तै :




जिन्दगीको सुन्दर खाका हुनुपर्छ
जीवन बुझ्न मिठो भाका हुनुपर्छ
विना तपस्या कुनै कार्य सिद्धि हुन्न
दूरदृष्टि दिने दिव्य आँखा हुनुपर्छ ।

यहाँ दिव्यताबोध छ । जीवन दर्शनसापेक्ष चिन्तन छ । उहाँका मुक्तकमा बुद्ध र हिन्दू धर्मको संयोजन छ । दुवै धर्मका जीवन दर्शनको संयोजन छ तर मलाई अहिले ती सबै पक्ष उठाउने समय अभाव छ ।

तिलस्मीजीका मुक्तकमा देशभक्तिको स्वर पनि त्यतिकै पाइन्छ । उहाँ पुरातत्त्व, सांस्कृतिक सामर्थ्यदेखि भौतिक उन्नतिसम्म नेपाललाई अमूल्य देशका रूपमा चिन्नुहुन्छ,जस्तो :

शिरको शिखाले नेपाली पन झल्काउँछ
निधारको टीकाले नेपाली तन टल्काउँछ
निस्वार्थ देशप्रेम भए मात्र नै देश बन्छ
स्वार्थको ढिकाले नेपाली मन सल्काउँछ । मु २४१, पृ. ९३

यहाँ देशभक्ति छ । उहाँले आफ्ना मुक्तकहरूमा टोपी, चोली, देशभक्ति झल्काउने हिमाल आदिलाई विम्ब बनाएका मुक्तकहरू प्रसस्तै छन् । तिलस्मीजी संस्कृतिको विद्यार्थी भएकाले उहाँले पुराना सांस्कृतिक एवम् पुरातात्विक महत्वका हातहतियार, भाँडा वर्तन, पोशाक, गरगहना, पाटीपौवा, वरपीपल आदिलाई विम्ब बनाएको देखिन्छ । एउटा मुक्तकमा एकदुई भए पनि विम्बहरूको प्रभावकारी प्रयोग भएकै छ । कुनै मुक्तक अलि लामा हरफमा संरचित छन् भने कुनै अलि छोटा पनि छन् । भाषाशैली सरल, सहज र सम्प्रेष्य छ । सबै मुक्तक तीन अन्त्यानुप्रासयुक्त चारपङ्क्ति योजनामा संरचित छन् । यही संरचनालाई नेपाली मुक्तकको समसामयिक सिर्जन मानक मानिएको छ । यद्यपि मुक्तक छोटो कविता पनि हो । यसलाई चारै हरफमा नबाँधेर पनि बरू अनुप्राय योजनालाई तीन ठाउँमै व्यवस्था गरेर पनि सिर्जना गर्न सकिन्छ । उहाँका मुक्तकमा पूर्वीय दर्शनका द्वैत अद्वैत पक्ष, नैतिक मूल्यहरू, सांस्कृतिक मूल्यहरू, अहिंसा र सेवा जस्ता बहुमुखी पक्षहरू छन् । यी सबै पक्षलाई यो छोटो समयमा बरू एउटा प्रेम विषयको मुक्तक उठान गरेर उहाँको कृतिचर्चालाई बिट मार्छु :

तिम्रो लागि सधैँ सोह्र वर्षे जवानी हुन मन लाग्छ
मायाको खानी अनि सधैँ जमानी हुन मन लाग्छ
भनिन्छ प्रेम र युद्धमा सबै कुरा जायज लाग्दा
तिम्रै लागि त दुनियाँसँगै बेइमानी हुन मन लाग्छ । मु ४६, पृ.२८

यहाँ सबै मुक्तकको चर्चा गर्न सकिएन । तिलस्मीजीका मुक्तक बहुमुखी छन् । छोटा कविता हुँदा यिनमा बहुमुखी विषयवस्तु, सन्दर्भ, परिवेश र विम्ब समेटिनु स्वभाविकै हो । यहाँ नभनूँ भन्दाभन्दै यी मुक्तकमा रहेको अलि गहिरो कुरा पनि भन्नुपर्ने छ मैले । म एउटा सामान्य लेखकका बारेमा नभई विद्यावारिधि गरिरहेकी विदूषीका बारे बोलिरहेको छु । उहाँ बौद्धमार्गी विदूषी हुनुहुन्छ । उहाँमा परामार्थमा विश्वास छ । उहाँमा शून्यवादी चेत निकै सशक्त छ । उहाँले आफ्ना सिर्जनाहरूमा षट्पारामिताका दान, शील, द्यान्ती (सहनशीलता), वीर्या (उत्साह), ध्यान, प्रज्ञा आदिको चेतना पनि धेरथोर मात्रामा सिर्जनामा प्रयोग गर्नुभएको छ । उहाँ एउटा मुक्तकमा त्रिपिटक र गीता भुल्नुहुन्न भन्नुहुन्छ । बुद्ध धर्मको विकास हिन्दु धर्मका आदर्शबाटै भएका कतिपय यथार्थहरू पनि मुक्तकमै उठाउनुहुन्छ । कर्मवादी चिन्तनका हिन्दु बौद्ध दर्शनलाई पटक पटक दोहोऱ्याइरहनुहुन्छ । प्रेमका कुरालाई कहिले दिव्यतामा र कहिले सामान्य अवस्थामा उठाइरहनुहुन्छ । बौद्ध धर्मदर्शनका वज्रायन, महायान, हीनयान सम्प्रदायका चेतनाहरूलाई कतै कतै छुवाउनुहुन्छ । यी सबै पक्षलाई सोउदाहरण मैले प्रस्तुत गर्न सकिनँ । आजलाई यो मुक्तक सङ्ग्रह भाषा, विचार

संरचना सबै दृष्टिले पठनीय भएको सूचनासम्म गर्दै उहाँको तेस्रो मुक्तक सङ्ग्रह अझ विशेष बनेर अझ विम्बात्मक र दीर्घप्रभावी बनेर आउन सकोस्, हार्दिक शुभेच्छा ।


**४. निबन्ध**

आज विमोचित कृतिहरूमध्ये दुईवटा कृतिहरू निबन्ध विधासँग सम्बन्धित छन् । ती हुन् प्रकाशप्रसाद उपाध्यायको छेउ न टुप्पो र कमल रिजालको सुदर्शन । म यी दुई कृतिको लेखकका उमेर क्रममा समीक्षा गर्छु ।

**४.१ छेउ न टुप्पो**

छेउ न टुप्पो प्रकाशप्रसाद उपाध्याय (२००० कार्तिक २६, राजबिराज, सप्तरी । सुपुत्र : अरूणादेवी र अग्निप्रसाद उपाध्याय) को निबन्ध कृति हो । यस कृतिका लेखकसँग अल इण्डिया रेडियो, नयाँ दिल्ली, भारतबाट प्रसारित हुने नेपाली कार्यक्रममा ४२ वर्ष अनुवादक-उद्घोषक, समाचारवाचक, कार्यक्रम निर्माताका रूपमा काम गरेको अनुभव छ । उहाँ त्यहाँबाट सन् २००४ मा सेवानिवृत्त भई हाल स्वतन्त्र पत्रकारको रूपमा पत्र-पत्रिकाहरूका लागि लेखन एवम् अनुवाद कार्यमा क्रियाशील हुनुहुन्छ । उपाध्यायज्यूका यसअघि नेपाली र हिन्दीमा विभिन्न कृति प्रकाशित छन् ।

उहाँका नेपालीमा रेडियो जिन्दगी (अल इण्डिया रेडियोमा चार दशक) नेपाली लोककथा सङ्ग्रह (नेपाली र हिन्दीमा) आदि कृति प्रकाशित छन् । त्यस्तै हिन्दीमा वीर गणेशमान सिंह की सङ्घर्ष गाथा, गणतन्त्र के लिए सङ्घर्ष, वीर जाति की अमर कहानी आदि प्रकाशित छन् । उहाँले केही कोशहरू पनि रचना गर्नुभएको छ । ती कोशहरू हुन् : हिन्दी-नेपाली शब्दकोश, नेपाली-हिन्दी शब्दकोश, भारतीय भाषा कोश आदि हुन् । उहाँले हिन्दी-नेपाली वार्तालापसम्बन्धी एउटा पुस्तिका पनि प्रकाशनमा ल्याउनुभएको छ । उहाँको पछिल्लो कृतिका रूपमा छेउ न टुप्पो (निबन्ध सङ्ग्रह) आएको छ । आज म यसै सङ्ग्रहका बारे समीक्षा गर्दैछु ।




छेउ न टुप्पो कृतिमा १७ वटा रचना समेटिएका छन् । पर्यटनको रोमाञ्च, यमलोकको यात्रा, घरमा लेखक, वेदना, उपनामको खोजी, भिजिटिङकार्ड, लेखक बन्न खोज्दा, बहालको घर, लक्ष्मीको अभिवादन र ...,कचकच, रहरको पूर्ति, रत्नको खोजी गर्दा, निचोड, एक्काइसौँ शताब्दीको चिन्तन, प्रतीक्षा, गुन बैगुन, लन्च आवर, ओम् शान्तिः शान्तिः शान्तिः ।

पर्यटनको रोमाञ्च निबन्धमा शीर्षकले समेटेको पर्यटनको रमाइलो पक्षसँगै सांस्कृतिक विचलनप्रति केही व्यङ्ग्य पनि गरिएको छ । यस निबन्धको म पात्र ब्राह्मण भएर ब्राह्मण जस्तो नभएको कुरालाई मूल विषय बनाइएको छ ।

यमलोकको यात्रा हलका हाँसो र व्यङ्ग्य मिसिएको रचना हो । यसमा वैदलै यमलोक हिँडेको म पात्रको वर्णन छ । यहाँ म पात्रको यमदूतसमक्षको स्पष्टिकरण रमाइलो लाग्छ :

... कसैलाई रूवाएको छैन, निमुखा पत्नी र छोराछोरीबाहेक । परस्त्री गमन गरेको छैन, कर्के नजरले हेर्नु र मस्किनुबाहेक । चोरी गरेको छैन, डाँका मारेको छैन, बाल्यकालमा बाबुको खल्तीबाट खुद्रा पैसा र सुपारी ल्वाङ फिक्नुबाहेक ...। पृ. १५ ।

यहाँ अपराधका फरक फरक पक्षलाई देखाउने प्रयत्न गरिएको छ । आफूले गरेको छैनमा अरूले गरिरहेका छन् भन्न खोजिएको छ । यहाँ यमलोकको वर्णनपछि आफ्नै ओछ्यानमा बिउँझिएको अवस्था देखाई निबन्धलाई रमाइलो र हाँसोपूर्ण बनाइएको छ ।

घरमा लेखक : लेखकको एउटा लेखका आधारमा परिवारका सदस्यले गरेको शंकालाई समेटिएको छ । यो पनि हास्यव्यङ्ग्यप्रधान निबन्ध नै हो । यसमा पनि लेखक र परिवारबिचको द्वन्द्वलाई समेटिएको छ । यसमा लेखक र परिवारका दुवै पक्षका कमजोरी बाहिर ल्याउनुभएको छ ।

उपनामको खोजी पनि व्यङ्ग्य निबन्ध नै हो । यसमा उपनाम के राख्ने भन्ने विमर्शबाट उपनामधारीहरूलाई व्यङ्ग्य गरिएको छ । भिजिटिङ कार्ड पनि अनावश्यक सरसम्पर्कप्रति व्यङ्ग्य गरिएको रचना हो । यसमा क्षमताविनै पत्रकार बन्नेहरूलाई नङ्ग्याइएको छ । लेखक बन्न खोज्दा पनि साहित्यिक बौद्धिक क्षेत्रकै विसङ्गति प्रतिको व्यङ्ग्य हो । रहरको पूर्ति मान्छेले जे देख्यो त्यही गर्न खोज्छ भन्ने दृष्टिकोणको निबन्ध हो ।

यी रचनाले मानिसका बहुमुखी कमजोरीमाथि व्यङ्ग्य गरेका छन् । मानिसका पारिवारिक र सामाजिक समस्याहरूलाई उठाएका छन् । यसका लागि प्रकाश प्रसाद उपाध्यायलाई बधाई । थप सशक्त हास्य-व्यङ्ग्य निबन्ध सिर्जनाको शुभकामना ।

**४.२ सुदर्शन**

सुदर्शन **कमल रिजाल** (२०१५ भाद्र ५, गुम्दी सात सालदुम, हाल गङ्गाजमुना-४ धादिङ । सुपुत्रः जीवमाया रिजाल/होमनाथ रिजाल)को पछिल्लो निबन्धसङ्ग्रह हो । संस्कृत साहित्यमा स्नातकोत्तर रिजाल आध्यात्मिक एवम् दार्शनिक चेतनासापेक्ष रचना गर्नुहुन्छ । उहाँका कवितातर्फ आरती सङ्ग्रह (देवीदेवताका आरती...) प्रकाशित छ । उहाँका सुकर्म, पृथा दृष्टिभ्रम जस्ता तीन उपन्यास, रत्ननीति कथासङ्ग्रह (भाग एक र दुई) जस्ता कृतिहरू प्रकाशित छन् । उहाँको कलम कविताभन्दा आख्यानमा र आख्यानमा भन्दा चिन्तनप्रधान निबन्धमा जमेको देखिन्छ । उहाँका पौराणिक पात्र र मिथकहरू, दर्शनभित्रको दर्शन, यसपूर्व प्रकाशित निबन्ध कृति हुन् भने आज तेस्रो निबन्ध कृति एवम् नवौ कृतिका रूपमा **सुदर्शन** (निबन्धसङ्ग्रह) लोकार्पण भएको छ ।

यस सङ्ग्रहमा ५३ वटा निबन्धहरू संग्रहित छन् । यीमध्ये कतिपय निबन्ध पत्रपत्रिकामा पुस्तकाकार रूपमा आउनुपूर्व नै पढ्न पाइएका थिए आज पुस्तकमै पढ्न पाइयो ।

रिजालज्यू दार्शनिक विषयलाई समाएर निबन्धन गर्नुहुन्छ । उहाँले आस्तिक र नास्तिक दुवै दर्शनहरूलाई आफ्ना निबन्धका विषयवस्तु बनाएको देखिन्छ । आस्तिक दर्शनमा न्याय, वैशेषिक, साङ्ख्य, योग, मीमांशा वेदान्त आदि पक्षका अध्येता र तिनको प्रयोक्ताका रूपमा रिजालज्यू यी निबन्धभित्र देखापर्नुहुन्छ । नास्तिक भनिए पनि कुनै न कुनै रूपले आस्थालाई नै केन्द्रमा राख्ने बौद्ध, चार्वाक र जैन दर्शन पनि उहाँका चिन्तनका घेरामा कुनै न कुनै रूपले आइरहेको पाइन्छ । भौतिक दर्शनमा एक्काइसौँ शताब्दीको सर्वशक्तिमान दर्शन मार्क्सवाद हो । उहाँ यी फरक वादका विचारलाई पनि आफ्ना निबन्धको चेतना बनाउन चाहनुहुन्छ । म सबै निबन्धबारे यी दर्शनको प्रयोग कहाँ छ कसरी भएको छ भन्ने विषयमा बोल्न नसकूँला तर केही प्रयत्न गर्दैछु ।

पुरानो घर : पुरानो घर निबन्धमा केही जीवन दर्शन छ, जस्तै : हामीले नभत्कने घर त बनाउनै सक्तैनौँ । यस्तो बनाउन त के सोच्न पनि सक्दैनौँ । सम्भवत यस्तो शक्ति स्वयम् सृष्टिकर्ता ब्रह्मालाई पनि छैन । वेद भन्छ : यथापूर्वमकल्पयत(पृ.१०) यहाँ मानिसले नयाँ गर्न नसक्ने जति छन् पुरानैलाई जोडजाड गरेर नयाँ रूप दिने प्रयास गर्छन् भन्दै लक्षणाद्वारा मानिसले संसारोन्मुख हुन्जेल जन्म र मृत्युको चक्रमा घुमिरहनुपर्छ भन्ने भाव संचार भएको छ । यस्तो चिन्तनबाट मुक्त हुन खोज्ने हो भने आफ्ना चित्तवृत्तिलाई ब्रह्मोन्मुख बनाउने प्रयास गर्नुपर्छ भन्ने सन्देश प्रवाह गरिएको छ ।

त्यस्तै भरिया दाइ निबन्धको एउटा उदाहरण लिऊ : भारी छ उनी पनि छन्, भारी छैन उनी पनि छैनन्(पृ १३) । यहाँ भारी र भरियाको माध्यमबाट लक्षणाद्वारा जीव र कर्मवासनालाई देखाइएको छ । यस दर्शनले भन्छ चित्तको तहमा कर्मवासनाको संस्कार रहेसम्म जीवले दुखको संसारबाट मुक्ति पाउन सक्दैन । त्यसैले नै जीवको नयाँ संसार (भारी) खडा गरिरहेको हुन्छ तर प्रयास गर्ने हो भने भारी नै नबन्ने अर्थात् वासनाको

तहलाई नष्ट गर्ने काम भने गर्न सकिन्छ भन्ने सन्देश दिइएको छ ।

त्यस्तै यस सङ्ग्रहका निबन्धमध्ये दृष्टि भ्रम निबन्धको एउटा उदाहरण हेरौँः एकले अर्कोलाई बनाएको छ । एकले अर्कोलाई सघाएको छ । बीजले बोटलाई बनाएको छ । बोटले बीजलाई बनाएको छ । चेतनबाट जडको उत्पत्ति भएको छ । जडबाट चेतन उत्पत्ति भएको छ । कृष्णपक्षपछि शुक्लपक्ष आउँछ । शुक्लपक्षपछि कृष्णपक्ष आउँछ (पृ.१७) । यहाँ एक अर्कोको अस्तित्व वा द्वैत चेतना छ अर्थात् एकले अर्काको सहयोग नलिई कसैको पनि व्यवहार चल्दैन भन्ने चेतना छ । एकले अर्कोलाई बनाएको छ । एकले अर्कोलाई सघाएको छ । त्यसैले यदि संसारबाट सुख पाउने हो भने ठूलो सानो धनी गरीबको भाव नराखी सबैका सबै परस्परदेवो भवको भावमा उभिनुपर्छ भन्ने सन्देश दिइएको छ ।

मैले देखेको अर्को उल्लेख्य निबन्ध ओमकार दर्शन हो । यस निबन्धमा निबन्धकार भन्नुहुन्छ : ओमकारलाई उपनिषद् दर्शनले संसार उत्पत्ति गर्ने वीजमन्त्र मानेको छ । यसैलाई गीता 'ओमित्येकाक्षरंब्रह्म'अर्थात् अनादि कालदेखि सृष्टि स्थिति र प्रलयको व्यवस्था गरी संसारको नियम सञ्चालन गर्दै आएका आदि नारायणको एकाक्षरी स्वरूप भन्छ । विद्वान्हरूका अनुसार ओमकार आफैमा एउटा महामन्त्र हो । आज विश्वका बाइवल, कुरान, त्रिपिटक, वेद, उपनिषद् आदि जति पनि धार्मिक ग्रन्थहरू रहेका छन्, सबैमा कुनै न कुनै नाम र रूपमा ओमकारको उच्चारण भएको पाइन्छ । (पृ.२१) । यहाँ मूलतः ओमको महत्त्व नै उजागर भएको छ । यसले संसारको उत्पत्ति पनि ओमबाटै भएको र विलय पनि ओममै हुने भएकाले सदा ओमकारको जप गर्नुपर्छ । यसैले नै जीवनमा सुख, शान्ति र आनन्द प्रदान गर्छ भन्ने भाव संचार गर्न खोजिएको छ ।

अलि फरक विषयको एउटा निबन्ध लिऊँ : गाईगाथा । यस निबन्धमा गाईको महत्त्वको पौराणिक दार्शनिक पक्षसहित गाईलाई समुद्र मन्थन गर्दाका विभिन्न चौध घडाका रत्नमध्ये एक गाई मानेको, गीतामा कृष्णले गाईलाई आफ्नै विभूति मानेको, श्रीमद्भागवत, देवीभागवत्, विष्णु, ब्रह्मवैवर्त आदिका कृष्णका बाललीलामा गाईको चर्चा रहेको, दूध, गोवर र गहुँत पनि औषधी भएको निष्कर्ष निकालिएको छ । यस निबन्धले हाम्रो वैदिक दर्शनले गाईलाई किन आमा समान मानेको रहेछ भन्ने सन्देश प्रवाह गरेको छ । यसबाट गाईमाथि आक्रमणको प्रयास भइरहेको वर्तमान समयमा प्रस्तुत निबन्धको सान्दर्भिकता र महत्व समेत मनन गर्न सकिन्छ ।

अर्को अलि फरक प्रसंगको निबन्ध हो : शरीर विज्ञान । यस निबन्धमा मानव शरीरका अंगलाई यसरी बाँडिएको छ । पहिलो : अस्थिपञ्जर, दोस्रो : प्रणालीहरू - पाचन, रक्तसञ्चार, स्नायु स्वासप्रश्वास । तेस्रो : मनोविज्ञान प्रणाली (मन, बुद्धि, चित्त र अहंकार), चौथो : परा मनोविज्ञानको तह । यस निबन्धमा परामनोविज्ञानबाटै अरु चल्ने निष्कर्ष निकालिएको छ । यसबाट शरीर आफैमा कति ठूलो विज्ञान रहेछ, विधाताको प्रयोगशालामा बाहेक अन्यत्र यस्तो विज्ञानको कल्पनासम्म पनि गर्न सकिन्न भन्ने भाव संचार गर्न खोजिएको देखिन्छ ।

परिवर्तनको खोजी निबन्धलाई मैले अर्को उदाहरणीय निबन्धका रूपमा लिएँ । यस निबन्धमा द्रोणाचार्यले युधिष्ठिर (सज्जन) र दुर्योधन–दुर्जन)लाई  सज्जन र दुर्जन खोजेर ल्याउन भनिएको तर उनीहरूले नसकेको प्रसंग छ । यसमा पानी र दूध, पानी र तेलका माध्यमबाट शक्ति र सामर्थ्यको खोजी गरिएको छ । यहाँ अरूलाई परिवर्तन गर्न नसकिने तर परिवर्तन गराउन संघर्ष चलिरहने भाव छ, जस्तैः 'अरूलाई परिवर्तन गर्नु भनेको आफ्नै भने उर्जा खर्च गर्नुबाहेक केही होइन'(पृ ३८) ।  अर्थात् कसैले पनि परिवर्तन गर्न सक्दैन । जति परिवर्तन भएका उसैभित्रको शक्तिले नै गरेको छ । अरु निमित्त मात्र हो । फलाममा आफै परिवर्तन भइदिने गुण नभएको भए कसैले पनि उसलाई कुटो वा कोदालोसम्म बनाउन सक्दैन थिए भन्न खोजिएको छ ।




संसारको रीत निबन्धमा संसार विपरीत आकर्षण र विकर्षणमा चलेको निष्कर्ष निकालिएको छ । यहाँ फरक क्षमताको विपरीतिकरण गरिएको छ । धनी गरिब, उज्यालो अँध्यारो, सज्जन दुर्जन आदिका उदाहरण दिँदै उही परिवर्तन गर्न खोज्ने अर्कामा विलय भएको चिन्तन छ । साथसाथै लक्षणाद्वारा कसैले पनि प्रकृतिको विरूद्ध जानु हुदैन । यो भनेको आफै सकिने प्रयास गर्नु हो । यदि उन्नति र प्रगति हुन्छ भने प्रकृतिको नियमलाई बचाएर नै हुन्छ । मेटाएर हुँदैन भन्ने सन्देश प्रवाह गरिएको छ ।

यहाँ केही योग र वादकै पनि परिचय दिइएको छ । जस्तै, कर्मयोग, क्रियायोग, अवतारवाद, वेदान्त, समन्वयवाद, वैभव, मानवतावाद, योगदर्शन, योग र उपयोग दर्शनशास्त्र आदि । यी निबन्धका शीर्षकले यी यी निबन्ध कुन विषयमा छन् भन्ने कुरा संकेत गर्छन् । अन्य निबन्ध पनि चिन्तन प्रधान छन् । यी निबन्धमध्ये दर्शनशास्त्रमा सर्सती पूर्वीपश्चिमी दर्शनको परिचय दिइएको छ ।  फरक फरक चेतनालाई आत्मसात् गरेका छन् । पूर्वीय वैदिक र अवैदिक एवम्  पाश्चात्य भौतिकवादी दर्शनलाई नै आफ्ना निबन्धको विषय बनाउनुभएको छ । दार्शनिक निबन्धकारका विषयमा बढी नबोलूँ । नबोलूँ भन्दा भन्दै केही सूत्रमा भनूँ : १. पूर्वीय दर्शन जडसूत्रवादी दर्शन होइन । महान् विज्ञान हो भन्ने भाव सञ्चार गर्ने प्रयास गरिएको छ । २. पूर्वले चेतनालाई अगाडि सारेको छ । पश्चिमले जड अगाडि मानेको छ तर संसारमा कोही पनि अगाडि र पछाडि छैन । सबै सँगसँगै छन् । त्यसैले समन्वयवादको यात्रामा लम्कनुपर्छ भन्ने भाव सञ्चार गर्न खोजेको छ । ३. दुःखको कारण संसार होइन । प्रकृतिले संसार सुखको लागि दिएको हो, दुःखको लागि होइन तर मानिस आफैले बनाएको संसारको कारण दुःख भोगिरहेको छ भन्ने भाव संचार गर्न खोजेको छ भन्ने चेतनाको सञ्चार । ४. पूर्वीय वैज्ञानिकले जे बोलेका थिए आधुनिक वैज्ञानिक प्रकारात्नरले त्यही नै बोलिरहेका छन् । मात्र फरक भाषा र शैलीमा हो सारमा होइन भन्ने भाव संचार गर्नु पुस्तकको अर्को लक्ष्य हो । ५. पुस्तकले नयाँ पुस्तालाई पुर्खाको पौरख, चेतना र वैभवबारे जानकारी दिन पनि खोजेको छ ।

अब धेरै नबोलूँ । वास्तवमा म यस कृतिको विश्लेषण गर्न सही पात्र होइन । रिसाल गुरू, सुवेदी गुरूहरूको चेतनाले पढ्ने कृति हो यो । मात्र कमल रिजाल सरलाई अहिलेलाई थप दार्शनिक अन्वेषण र सिर्जनाका लागि हार्दिक शुभेच्छा ।

### ५. आख्यान

आज विमोचित कृतिहरूमा आख्यान कृतिहरू पनि छन् । ती कृतिहरू कथा र उपन्यास उपविधामा छन् । म उपविधाका लेखकका ज्येष्ठताका क्रममा बोल्ने प्रयत्न गर्दैछु ।

### ५.१ कथा

आज विमोचन भएका कृतिभध्ये चारओटा कथाकृति छन् ।


#### ५.१.१ देवानको औँठी

देवानको औँठी कथासङ्ग्रह जनक वाग्ले (२००४ चाबेल, काठमाडौँ । सुपुत्रः वटुकृष्ण वाग्ले र लक्ष्मीदेवी वाग्ले) को कथा कृति हो । उहाँ नेपाल राष्ट्र बैंक (३० वर्ष) बाट सेवा निवृत्त राष्ट्रसेवक हुनुहुन्छ । उहाँका नेपाली र नेवारी भाषाका कृतिहरू प्रकाशित छन् । उहाँका रानीचरी कहाँ गो ( गीत, गजल, भजनसङ्ग्रह) (नेपाली तथा नेवारीमा)। निदाएका दिनहरू–( कविता तथा मुक्तकसङ्ग्रह) र तेस्रो कृति प्रकाशनमा आएको छ देवानको औँठी (कथासङ्ग्रह-२०७५) । उहाँका कतिपय आर्थिक लेखहरू पनि पढेको सम्झन्छु । उहाँसँग योग, ज्योतिष, जडिबुटी र तन्त्र आदि विषयको ज्ञान

पनि छ । म यहाँ उहाँको कथाकृतिबारे सारभूत कुरा राख्दैछु ।

यस सङ्ग्रहमा जम्मा अठारवटा कथा समेटिएका छन् । ती अठारवटा कथाहरू हुन् : देवानको औँठी, यो शीर्षक कथा नै हो । यसबाहेकका सत्र कथाहरू हुन् : चतुरमानको चिलिम, माग्ने, तपस्या, झुनु, व्याजबाजे, स्वामीराजा, राधेराधे, देशको खबर, माधोदी, पशुपतिमा लाखबत्ती, गिद्धपूजा, सानोभाइ, अन्तिम इच्छा, बाबुसाहेब, जडीबुटी कान्छा, धनवीर, नक्कली तता । यी कथाले मौलिक सामाजिक पक्षलाई नै उठाएका छन् । सामान्यतया मानिसका अभाव, गरिबी, प्रेम, घृणा, ईर्ष्या, द्वेष, व्यक्तित्व चरित्र आदिको चित्रण गरिएको छ ।

एउटा सामाजिक समस्यामा आधारित कथा नक्कली तता हो । यसको एउटा उदाहरण हेरूँ : के गर्नु बजै कसैले हङकङ लगे, कसैले पोखरा लगे, कसैले सोल्टी लगे तर घर कसैले पनि लगेनन् । आज नकर्मीबाट पनि झरेर कुकर्मी भएँ ।




जुवा तासका समस्यासँगै तिनका परिवारका समस्या, गठ गँजडी र माग्ने पात्र पनि छन् यहाँ र तिनका कारण सिर्जना भएका पारिवारिक सामाजिक समस्याहरू पनि छन् । स्वामी राजाको कथा पनि छ ।

सामान्य परिवार र राजावीचको सम्बन्ध र एकाएक सामान्य नारी रानी बनेको रमाइलो कथा पनि छ ।

उहाँले काम गरेको बैँकका विकृति पनि कथा बनेका छन् । सामान्य बैँकको जागिरे कसरी जमिनदार बन्छ भन्ने कथा कथाकारले लेखेका छन् ।

जडीबुटी कान्छा, धनवीर र पावर्तीजस्ता पात्रका जीवन्त कथाहरू पनि यहाँ समेटिएका छन् । जडीबुटी कान्छा कथाले नेपालीहरूले मौलिक पेसा व्यवसाय अपनाउनु पर्ने सन्देश दिन्छ ।

यी कथाहरू पढिरहँदा कुनै सत्य घटना पढिरहेजस्तो लाग्छ । यी कथाले नेपाली मौलिकपन पनि समेटेको छ । जस्तो : चतुरमानको चिलिम । चतुरमानको चिलिम कथामा गाँजा हुर्काउँदा जरामा फलामको किला गाडेर माटोले छोपेर हुर्काउने विधिको चर्चा छ । यो विधिलाई गाँजा खसी पार्नु भनिन्छ । पारखीहरूले खसी पारेको र नपारेको गाँजा चिन्छन् भन्ने एउटा पक्ष यस कथाले हामीलाई थाहा नभएको पक्षका रूपमा समेटेको छ । पछि यही चतुरमान पात्र हराएको घटना छ ।

माग्ने कथामा देशको माग्ने चललाई उठाइएको छ । उहाँ अर्थशास्त्रको विद्यार्थी भएकाले यो पक्ष उहाँबाट उठ्नु सान्दर्भिक लाग्छ : मन्दिरअगाडि माग्नेको भीड देखेर लेखक यसरी सोच्छन् - वास्तवमा हुनेले नहुनेलाई दिनु नै माग्नेलाई दिनु हो । ठूलो उत्सवमा पण्डितलाई दिए दान हुन्छ, अड्डा अदालतमा हाकिमलाई दिए उपहार हुन्छ, खुसी भएर कसैलाई दिए बक्सिस हुन्छ, धनी राष्ट्रले गरिब राष्ट्रलाई दिए अनुदान हुन्छ, तपस्या गरेर मागे वरदान हुन्छ । देशको राष्ट्रिय बजेट नै मागेर चलेको छ । छब्बीस हजार ऋण प्रतिव्यक्ति परिसक्यो रे !..मागेरै देश चलाइएको छ । के सबै हामी माग्ने भएनौँ त ? (पृ.३१) । यहाँ व्यङ्ग्य पनि छ । प्रशासन र राजनीतिक विसङ्गतिको उठान पनि छ । देशको दूरावस्था पनि समेटिएको छ ।


तपस्या कथाको बाँसुरी एउटा गज्जब बिम्ब बनेर आएको छ । बाँसुरी साधना गर्ने कलाकारले काठमाडौँमा डेरा नपाएको समस्या छ । यसकी नायिकाले रूपका कारण बाटो हिँड्ने समस्याबाट मुक्त हुन कपाल काटेर केटाजस्ती भएर हिँडेकी छ (पृ. ३७) । त्यही राधिका राम्रो बाँसुरी वादक भएपछि बम्बै पुगेकी छ ।

एउटा अर्को कथा देशको खबर हो । यस कथाले व्यंग्य निबन्धले भन्दा बलियो गरी देशको दूरावस्थालाई पत्रात्मक शैलीमा प्रस्तुत गरेको छ । यहाँका रोग, भोक, शोध, संघर्ष, लुछाचुँडी, चाकरी, चाप्लुसी, भ्रष्टाचार, दूराचार सबै समेटेको छ ।

वाग्लेज्यूको कथा बनाउने आफ्नै कला छ । कथालाई निबन्धात्मक रूपमा प्रस्तुत गरिरहेको देखिन्छ । भाषाशैली आफ्नै पाराको रसिलो छ । आज उहाँका कथाका सबै प्रवृत्ति केलाउने समय अभाव छ । उहाँलाई अर्को कथा सङ्ग्रह अझै विशेष बनाएर ल्याउने कामना गर्दछु । हार्दिक बधाई ज्ञापन गर्दछु ।

**५.१.२ भविष्यवाणी कथा**

भविष्यवाणी **राममणि पोखरेल** (२००३, उदयपुर) को कथासङ्ग्रह हो । उहाँ मूलतः आख्यान र निबन्धकारका रूपमा सुपरिचित प्रतिभा हुनुहुन्छ । राजनीति सापेक्ष र मुक्त समाजसेवा, साहित्यिक गतिविधि आदिमा संलग्न पोखरेलका निबन्धतर्फ सम्झनाको पोखरीमा (संस्मरण- २०५८) (८ जेल संस्मरण खण्ड-१ (संस्मरण- २०५९), यात्राका अनुभूति ( यात्रा- २०७२) जस्ता कृतिहरू प्रकाशित छन् । उहाँका उपन्यासतर्फ **साहिँली मैया र रसुवा धार** (उपन्यास- २०६१) कृति प्रकाशित छ । उहाँको सिर्जनाको मूल विधा र क्षेत्र कथा नै हो । कथातर्फ हरिमानको आत्महत्या (२०६३), सोममाया र शान्ति अभियान (२०६५), दण्डहीनता (२०६५), सूचना टाँस (२०६६), समयका पाइला (२०६७), अमरमानको बहिर्गमन ( २०७०), स्वदेशप्रेम (२०७३), समयले दिएको पीडा (२०७३), छेदीलाल ( २०७४) पछि आज विमोचित कृति दशौँ कृतिका रूपमा आएको छ, भविष्यवाणी (२०७५) । पोखरेलको भूमिकामा राममणि पोखरेल (समीक्षा) ग्रन्थ पनि आउँदैछ भन्ने सुनिएको छ । उहाँकाबारे पहिला पत्रपत्रिकामा र पछि एउटा थेसिसको बाह्य परीक्षकका रूपमा कीर्तिपुरमा मेरो उहाँका कृतिहरूसँग भेट भएको हो । त्यहाँदेखि आजसम्म उहाँ निरन्तर सिर्जनारत हुनुहुन्छ ।




पहिला शीर्षककै कुरा गरूँ पोखरेलका कथाकृतिका नाम व्यक्तिकेन्द्रित छन्, जस्तै : हरिलालको आत्महत्या, सोममाया र शान्ति अभियान आदि । पछिल्लो सङ्ग्रहका कथामा पनि यो प्रवृत्ति पाइन्छ । जस्तै : भँगेरी दिदी, बोडे कान्छा, गोमा दिदी, हमाल सर, जानुका भाउजू, झुलीको पुनरागमन, कस्तुरी मैया, माननीयज्यू, पेरूङ्गे जेठो आदि । यी शीर्षकबाटै कथाकारका कथा पात्र केन्द्रित छन् र तिनको परिवेश बढी गाउँ र केही शहर छ भन्ने बुझिन्छ र कथा पढ्दा पनि त्यस्तै लाग्छ ।

यहाँ समेटिएका १६ वटा कथाले नेपाली समाजका विविध पक्षलाई समेटेका छन् । म उहाँका कृतिको नियमित पाठक पनि हुँ । उहाँका कथामा शहर हुँदैन भने पनि हुन्छ । उहाँ ग्रामीण निम्नवर्गीय जीवनका दुःखसुखलाई नै आफ्ना कथाको मूल विषय, परिवेश र पात्र बनाउनुहुन्छ । चेतनाका दृष्टिले उहाँ प्रगतिशील चेतनाका कथाकार हुनुहुन्छ । देशका दुर्गम गाउँ वस्तीका गरिब दुखी, उपेक्षित महिला र पुरूषका कथालाई सरावरी कथा कलामा उन्नुभएको छ । उनका धेरै कथामा किसानहरूका समस्या छन् । यो उहाँले किसानका फाँटमा राजनीति गर्दाको अनुभव र भोगाई देखाई पनि हो । प्रायः कथा वर्णनात्मक लाग्छन् । त्यहाँ कुनै न कुनै यथार्थ हुन्छ र त्यसलाई आलोचनात्मक दृष्टिले सिँगारिएको हुन्छ । समाख्यानमा लेखक नै अगाडि सरिरहेको भेटिन्छ ।

म पढिरहेको छु, उहाँले आफ्ना सङ्ग्रहहरूमा यौनजन्य विषयलाई

पनि निरन्तरता दिइरहनुभएको छ । तर त्यसका विकृत पक्षप्रति आलोचना छ । यस सङ्ग्रहमा राजनीतितिर्फ मधेस आन्दोलन, जातीय र क्षेत्रीय विद्वेषले ल्याएका समस्या आदि पनि समेटिएका छन् । विषयवस्तुको चयनका दृष्टिले कथाहरू दीर्घप्रभावी बनेका छन्, जस्तै :

गाउँमा बस्ने कुनै रैतीका छोराले विवाह गरेर घरमा नयाँ दुलही भित्र्यायो भने, त्यो समाचार कम्तिया मार्फत सुनेपछि नयनध्वजको हुकुम आदेश जारी हुन्थ्यो कि ती नयाँ दुलहीलाई सिँगारपटारसहित उनको घरमा पठाइदिनुपर्थ्यो । एक रातको लागि शैनध्वजकै कोठामा जानु अनिवार्य थियो(पृ ५१) । बोडेकान्छा कथाको अंश हो यो । यहाँ बोडेकान्छा नैनध्वजबाट पीडित छ । नैनध्वजलाई तारकासुरका विम्बमा चिनाएका छन् कथाकारले । त्यस राक्षसका घरमा बस्ने मालिकका छोराको वा मालिकको कसको हो गर्भ बोकेकी गुथी खबास र बोडे कान्छो मध्यरातमा नैनध्वजको घर छोडेर भाग्छन् । यो कथाले २००३ सालको परिवेशलाई समेटेको छ ।

कस्तुरी मैया कथामा मैया जागिरका लागि फर्म भरेकै दिन त्यस अफिसका दुई भुसतिघ्रेबाट लुटिएकी छ । लुटिएर पनि गरिबीका कारण उसलाई जागिर खानु छ । माननीयज्यू कथाको एउटा उदाहरण पढेपछि धेरै रहस्य र उदाहरणको साझा उदाहरण बन्छ जस्तो लाग्छ मलाई, जस्तै :

तँ अपराधी रन्डो होस् । तेरा पेटमा दयामाया छैन । तँ हृदयहीन व्यक्ति होस् । तेरी आमाको गुहूमुत मैले फ्याँकेकी हुँ । तेरी आमा मेरो बाबु मरेपछि बहुलाएकी थिइन् । महिनामा एक पटक बेथाले भेट्थ्यो । मेरा दाजु मरेपछि तैँले कान्छी स्वास्नी भित्र्याएको होस् । यो तेरी कान्छी नक्कली ढोंगी हो । मेरो पोइ खोस्न आएकी हो । महिला अधिकारका कुरा बखान गर्न ज्यादै सिपालु छे । यो कैलीमाया पात्रको अभिव्यक्ति हो । यहाँ माननीय भन्दा कैलीमायाको स्वाभिमानलाई माथि उठाइएको छ । नारी र निम्नवर्गीय एवम् सीमान्तकृत पात्रको पक्षपोषणमा पोखरेल सफल देखिनुहुन्छ । उहाँका यस सङ्ग्रहका प्रत्येक कथाको उदाहरण टिपूँ लाग्छ तर आज छोटो समीक्षामा त्यो सम्भव छैन । म केही कथालाई अध्ययन गर्न सकिने क्षेत्रको संकेत मात्र गर्छु ।

यी कथालाई प्रगतिवादी दृष्टिले, समाजशास्त्रीय दृष्टिले, पर्यावरणीय, सांस्कृतिक, मानवतावादी आदि दृष्टिबाट अध्ययन गर्न सकिने देखिन्छ । जातीयताका दृष्टिले पनि यी कथालाई अध्ययन गर्न सकिन्छ । मैले आज संकेत मात्र गरेँ । पोखरेलज्यूलाई निरन्तर कथा सिर्जन यात्राको शुभकामना ।

**५.१.३ निदाउन नसकेका रातहरू**

आज विमोचन भएको अर्को कथा कृति हो निदाउन नसकेका रातहरू । यो साहित्यकार गोपाल अश्क (पुरा नाम : गोपालप्रसाद सर्राफ, २०१८ भेडिहारी, पर्सा, नेपाल । सुपुत्र : स्व. सुरूज साह सोनार र स्व. पतिया देवी) को कथासङ्ग्रह हो । उहाँले हिन्दी साहित्यमा त्रि.वि.वि.बाट स्नातकोत्तर उपाधि लिनुभएको छ र बहुभाषामा कलम चलाइरहनुभएको छ । उहाँका कृतिहरू भोजपुरी, हिन्दी र नेपाली भाषामा प्रकाशित छन् । **भोजपुरी**तर्फ कजरी (खण्डकाव्य २०४७), कवि के जन्म कुण्डली (गीतिकाव्य २०५१), नइहर के चुनरी (कहानी सङ्ग्रह २०५३), अभी बाकी बा (गजल सङ्ग्रह २०५४), धंधोर (महाकाव्य २०५५), फुलवा (उपन्यास २०५५), एक वित्ता के दूरी (नाटकसङ्ग्रह, २०५७), उ भोर ना भइल (गीतसङ्ग्रह २०५९), बेकहल जिन्दगी (गजलसङ्ग्रह २०६४), भोजपुरी व्याकरण (सहलेखन २०६४) शङ्खनाद (महाकाव्य २०६८) समेत प्रकाशित छन् ।

उहाँका नेपाली कृतिहरूमा जीवनको लेक र बेसी (गजलसङ्ग्रह २०५६), भोजपुरी नाटक (शोध ग्रन्थ २०६१ ) प्रेमान्तर (गजल महाकाव्य २०६२), लघुकथा : प्रक्रिया र पाठ (शोधग्रन्थ २०६५), नेपालका हिन्दी साहित्यकार र तिनका कृति (शोधग्रन्थ २०६९) गोपाल अश्कका कथाहरू (कथासङ्ग्रह २०७०) प्रकाशनमा आइसकेका छन् ।

**उहाँका हिन्दीतर्फ** मानिनी (कवितासङ्ग्रह २०५५), पर्वतों की ओट में (गजल और गीतसङ्ग्रह २०६४), आग का मौसम (गजलसङ्ग्रह २०६७), अपनी भूलों के साथ अब रहने दो (गजलसङ्ग्रह २०१४ ईसं.) प्रकाशित छन् ।




**अनुवाद**मा पनि उहाँको कलम सशक्त छ । अनुवादतर्फ : बस् अब नहीं (रामभरोस कापडी भ्रमर की दीर्घ कविता, २०६६) लोकप्रिय नेपाली कहानियाँ भाग-२ (नेपाली कहानियों का हिन्दी अनुवाद, २०७०), लछमनिया के गौना (सनत रेग्मीका कथासङ्ग्रह(छमनियाको गौनाको भोजपुरी अनुवाद) वसन्त (वसन्त चौधरीको नेपाली कवितासङ्ग्रह–वसन्तको हिन्दी अनुवाद २०७३) नूर कामरन नाहर की लोकप्रिय कहानिया' (बंगला देशी कथाकार नूर कामरन नाहरको बंगाली कथाहरूको हिन्दीमा अनुवाद), नूर कामरन नाहरको लोकप्रिय कथाहरू (बंगली कथाकार नूर कामरन नाहरका बंगाली कथाहरूको नेपालीमा अनुवाद)का साथै केही पाठ्यपुस्तक लेखन पनि गर्नुभएको छ । पाठ्यपुस्तक लेखन र शब्दकोश निर्माणतर्फ कक्षा ९ और १० की भोजपुरी भाषाका पाठ्यपुस्तक लेखन तथा प्रज्ञा भोजपुरी-भोजपुरी-नेपाली-अंग्रेजी शब्दकोश (ने.प्र.प्र.२०७४ सह-लेखन) गरिसक्नुभएको छ । उहाँले अनुसन्धानतर्फ पनि थुप्रै काम गर्नुभएको छ ।

यस्ता बहुभाषिक बहुमुखी स्रष्टा द्रष्टा, सम्पादक, अनुवादक अग्रज व्यक्तिका विषयमा बोल्नु त्यति सजिलो हुँदैन । म उहाँका अन्य कृतित्व र व्यक्तित्वको पाटोलाई थाती राख्दै निदाउन नसकेका रातहरू कथासङ्ग्रहकै चर्चा गर्छु ।

अश्कका आख्यानकार र कवि व्यक्तित्व सिर्जनाका क्षेत्रमा सशक्त व्यक्तित्वका रूपमा देखापर्छन् । उहाँको पछिल्लो आख्यान कृति निदाउन नसकेका रातहरू बहुमुखी विषयवस्तुलाई समेट्न सक्ने कलात्मक कथाकृतिका रूपमा देखापरेको छ । यस सङ्ग्रहमा जम्मा १६ वटा कथाहरू समेटिएका छन् । यी कथाले भित्री मधेशको परिवेश र त्यहीका पात्रलाई उभ्याएर सिङ्गो नेपाललाई मूल्याङ्कन गरेका छन् । अवसरहरूबाट वञ्चित सीमित र टिठलाग्दो परिवेशका पात्र योजनामा उनको विशेष रूचि देखिन्छ । तिनै पात्र जीवन्त बनेर पाठकलाई कथा पढ्न थालेपछि रोकिनै दिँदैनन् । तराइको भोजपुरी समुदायका सामाजिक, आर्थिक, शैक्षिक र सांस्कृतिक अवस्थालाई उठाउन सक्ने विषय, पात्र र परिवेशले कथालाई जीवन्त तुल्याएका छन् ।

शीर्ष कथा **निदाउन नसकेका रातहरू**ले दुई छोरीहरूमध्ये सानैमा मावलीघरमा सानी छोरी पठाएर ठूली छोरी आफूसँग हुर्काएका, हुर्कने क्रममा आमाबाबुसँग नहुने छोरीका समस्या, इर्ष्या, गुनासा, पढाइका समस्या, भाषिक समस्या चारित्रिक समस्या र उसका समस्याका कारण दिदी गीतुले शिकार बन्नु परेको अवस्था छ । यहाँ बाबु माधव चाहिँ जेठी छोरीलाई सही शिक्षा र अवसर दिन नसकेको र कुवेलामै विवाह गरिदिएको चिन्तामा निदाउन सकेको छैन । यस कथाले सीमानाका समस्या, सन्तान मावल वा अन्यत्र हुर्काउँदाका समस्या र छोरी छोरी भएका परिवारका समस्यालाई जीवन्त रूपमा उठाएको छ ।

**मरिरहेको मान्छे** : यस कथामा ऊ पात्र छ । यो पात्रले मर्नेबेलामा विधवा विवाहको विरोध गरेको, जातपातको विरोध गरेको, बहिनीलाई घृणा गरेको र आमालाई हेला गरेको पक्षप्रति प्रायश्चित्त गरेको छ । यस कथाले एक किसिमको मनोवैज्ञानिक पक्ष र बढी जातीय, लैङ्गिक, क्षेत्रीय विभेदले मानिसलाई सजिलै मर्न पनि नदिने पक्ष उठाएको छ । म, म पात्री श्रीमती, बहिनी र आमाका भूमिकाले यस कथालाई जीवन्त बनाएका छन् ।

**सुहाग रात** कथा पढेर म जिल्लिएँ । सुहाग रात भनेर जे बुझिन्छ त्योभन्दा फरक छ यो कथा । यहाँ नयाँ दुलही निशा र दुलाहा दिवाकर गफ गरेरै

रात बिताउँछन् । एकै चोटि सासुले उठ नुहाइध्वाइ गर मन्दिर जानुपर्छ भनेपछि टुङ्गिन्छ ।

त्रियाहठ कथाले तराई र पहाडको पर्यावरणलाई जीवन्त रूपमा प्रस्तुत गरेको छ । यसमा पहाडकी शिष्या ज्योति र तराईको माड्साबको कथा छ । उनका छोरीहरू भारतीय ज्वाइँलाई दिइएका छन् र बुहारीहरू भारतीय भूमिमा आएका छन् ।

**पीडाः** पीडा कथामा सन्ततिको इच्छाअनुसार चल्ने बाबुको कथा छ । पहिला कोठाभाडाको समस्या छ पछि घरको किस्तावन्दीको समस्या छ, जस्तै : आफ्नो घरमा बस्न थालियो तर प्रत्येक महिनाको किस्ताले आँखाको निद्रा उडायो । अन्त्यमा उसले गाउँको एउटा घर बेच्नु पर्‍यो । आज पनि ऊ यहाँ बस्न चाहँदैन तर विवश छ बस्नका लागि । मान्छेहरू भन्ने गर्दछन् काठमाडौँको खाल्टोमा जो आयो आयो फर्कंर जाँदैन । यस कथाले मोफसलबाट फसलमा आएका साहित्यकारप्रति श्यामव्याङ्ग्य पनि गरेको छ ।

नाइँ नाइँ : नाइँ नाइँ कथाले पत्रकारितामाथि बढिरहेको जोखिमलाई समेटेको छ । श्रीमानले समाचार लेखेका निहुँमा श्रीमती अपहरणमा परेकी छ । उसको अगाडि श्रीमान मारिँदै गरेको र मरेको दृश्य समेटिएको छ । यसै कथामा अर्को घटना सांस्कृतिक घटना जोडिएको छ । बरखी सिद्धिएको साँझ परिवारले देवरसँग विवाह गरिदिने सल्लाह गर्छ । यो खबर छोराले सुनाउँछ । देवर विजयको मुस्कानसँगै छेउमा आइपुग्छ तर यो अवस्था नायिका रञ्जना स्वीकार गर्न सकिरहेकी हुन्न । त्यही अस्वीकारको नाइँ कथाको शीर्षक बनेर आएको छ । यसले तराईका यादव लगायत पहाडका राई, लिम्बू समुदायमा रहेको दाजु मरेका अवस्थामा भाउजूसँग गरिने विवाहलाई देखाएको छ । यसो गर्दा परिवारमा आर्थिक किचलो नहुने र बालबच्चाले काकालाई बा भने पुग्ने सामाजिक विश्वास छ तर त्यसले नारीका जीवनमा कस्तो समस्या ल्याउँछ भन्ने बारे समाज मौन छ । यो पाटो यस कथाको प्रमुख पाटो हो ।

यी कथाले नारीका र अन्य सीमान्तकृत समुदायका आवाज बोकेका छन् । हिमाल पहाड र तराईका सांस्कृतिक संवेदनासहित एकताको सन्देश बोकेका छन् । वर्तमान नेपाली समाजका राजनीतिक र सांस्कृतिक विचलनलाई पनि समेटेका छन् । अश्क सरप्रति थप सिर्जनशीलताको कामना गर्दछु ।

**५.१.४ ब्रिटिश ओइदर**

ब्रिटिश ओइदर रामहरि पौड्याल (भरतपुर महानगरपालिका १२/१९३, चितवन । सुपुत्रः शालिग्राम र दुर्गादेवी पौड्याल) को कथा सङ्ग्रह हो । पौड्याल पि.एच.डी. अध्ययनका लागि स्वान्जी युनिभर्सिटी, बेलायत पुग्नुभएको छ । उहाँ पेसाले इलेक्ट्रिकल इञ्जिनियर हुनुहुन्छ । उहाँ नेपाल इञ्जिनियरिङ्ग परिषद्, नेपाल इन्जिनियर्स एसोसिएसनसंग संबद्ध भएर सांगठानिक काम पनि गर्नुभएको छ ।

उहाँका कथाहरू यसअघि फुटकर रूपमा मात्र पढिँदै आएकामा आज सङ्ग्रह नै विमोचन भएको छ । प्रायः आफ्नो पेसा र जीवनका भोगाइलाई नै उहाँका कथाको पृष्ठभूमिमा पाउन सकिन्छ । यहाँ युरोपीय भूगोलमा नेपाली युवाले देखेभोगेका कुराहरू नै बढी छन् । यीमध्ये एक तिहाइ कथा मैले पत्रपत्रिकामै पढिसकेको थिएँ । यहाँ समेटिएका कथाहरू हुन् । त्यो महानतालाई सलाम, फर्वाडेड म्यासेज, रूमानियन रूपसी, फेरि उसको याद आएको छ, होलिडे डिज्यास्टर, बुद्ध बर्न इन नेपाल, रिसेसन, रिफ्युजी, स्टेप ड्याड,टेस्ट्युव बेबी, अविरल यात्रा रोमाञ्चक द्वन्द्वहरू, साइबर प्रेम, सरोगेट कन्ट्री, ब्रिटिस ओइदर, मृत्यु उत्सव, सरोगेट मदर, बेलायती पासपोर्ट, बायोलोजिकल डटर, मेरो गाउँ, सर्टिफिकेटको चाबी र बेलायती बाढी । यी शीर्षकहरू पढिरहँदा समकालीन अन्य कथाभन्दा नौला लाग्छन् । पुरै शीर्षक आगन्तुक शब्द र पदावलीमा देखिन्छन् । मैले पढिसकेको भए पनि सबै कथाको चर्चा यहाँ सम्भव छैन । म केही अलि नौला लाग्ने कथाका बारे केही चर्चा मात्र गर्छु ।




**रिसेसन** युरोपेली बजार, जीवनशैलीको कथा ।

**रिफ्युजी** गैरकानुनी रूपमा बेलायत पसेको मुस्लिम धर्मावलम्बी युवाको कष्ट र जोखिमपूर्ण जीवनको कथा ।

**अविरल यात्रा** रोमाञ्चक द्वन्द्वहरू : जापानमा बस्ने विदेशीको समस्यामा केन्द्रित कथा हो । यसमा फिलिफिनो युवतीबाट बचेर हिँड्न सफल युवकको कथा छ ।

यहाँ समेटिएका उक्त विदेशी परिवेशका कथाहरू आफ्नै पाराका रमाइला लाग्छन् । त्यस्तै नेपाली परिवेशका कथाहरूमा सर्टिफिकेटको चावी, सेरोगेट कन्ट्री साइबर प्रेम मेरो गाउँ आदि दीर्घप्रभावी छन् ।

**साइबर प्रेम**मा घले दम्पत्तिकी छोरी एलिना साइबर प्रेमबाट मृत्युका मुखमा पुगेकी छ । उसलाई इन्टरनेटबाट प्रेम गर्ने केटाले कसैगर्दा डेटिङ जाने समय नदिएको झोकमा हत्या गरेको छ । यहाँ आकाश र एलीनाका माध्यमबाट साइबर सन्त्रासलाई देखाइएको छ । साइबर संस्कृतिको दुरूपयोगलाई देखाइएको छ ।

**सेरोगेट कन्ट्रीले** समाजवादको रटानको विरोध गरेको छ । पुराना आदर्श नेतालाई मागीखाने भाँडो बनाएर वर्तमान भ्रष्ट नेताले देशलाई बन्दक बनाएको पक्ष समेटिएको छ । कमिसन, भ्रष्टाचार, अनाचार घुसखोरी आदिको धज्जी उडाइएको छ । चौबिस वर्षका बीच एक्काइस प्रधानमन्त्री बनेको, विदेशी चलखेल बढेको देशको अवस्थालाई बाहिर ल्याइएको छ, जस्तै : आऊ बच्चा बनाऊ भाडामा छन् आमाहरू । आऊ देश बनाऊ भाडामा छ देश । बिक्रीमा छ देश,(पृ ७४) । यी समस्या र आवाजहरू विदेशमा अर्काको दास बनेको बिर्खे पात्रका माध्यमबाट बाहिर ल्याइएको छ ।

यस्ता नेपाली परिवेश र समस्यामा प्रायः आधा जति कथा छन् । त्यस्तै युरोपेली परिवेशका कथाहरू हुन् टेस्ट्युव बेबी, सरोगेट मदर, बायोलोजिकल डटर । यी शीर्षक आगन्तुक पदावलीकै तहमा छन् । यी कथाले पश्चिमी संस्कार, अस्थिर दाम्पत्य जीवनले उब्जाएका समस्या, सन्तान प्राप्तिका अभिभावकका र सन्तानकै समस्या आदिलाई समेटेका छन्, जस्तै : क) जोनले त्योभन्दाअघि आठओटा असफल प्रेम ब्यहोरेको थियो भने जेनिसाले सातओटा त्यस्ता अत्यास लाग्दा कहरहरू काटेकी थिई,(पृ ८७) । यो सरोगेट मदरको अंश हो । यस उदाहरणका जोन र जेनिसा यसका नायक नायिका हुन् । यिनीहरूको परिवेश बेलायतको किङ्सलिन टाउन हो ।

ख) एउटी नेपालबाट झिकाइएकी पहाडी दिदी पैसाका लागि तिनको भाडाको गर्भ बोकिदिने भइन् । त्यो वापत उनले बाह्र लाख रूपैया पाउने भइन् । गरिबीले बनाएको खाडल पुर्न उनीले त्यो काम स्वीकार गरिन्, (पृ.८९) । यहाँ पश्चिमी परिवेशसँगै नेपालको गरिवीले जे पनि गर्न बाध्य पार्ने परिवेश पनि छ । म धेरै उदाहरण लिन सक्तिनँ । यसमा देखाइएको फरक संस्कृतिको अर्को कथा **मृत्यु उत्सव** हो । आफन्तको मृत्युलाई उत्सव झैँ मनाउने बेलायती संस्कृति छ यस कथामा ।

यी कथामा डायस्पोरिक चेतना पनि छ । बेलायती पासपोर्ट, बेलायती बाढी, बुद्ध बर्न इन नेपालले डायस्पोरिक चेतना आत्मसात गरेका छन् । एउटा उदाहरण :

देश भनेको भूगोल होइन, त्यहाँको ढुङ्गा माटो र बाटो होइन, त्यो त मान्छेको मनभित्र सजिएर रहने जीवन्त अनुभूति हो, रगतको नसा नसामा बगिरहने, मुटुको प्रत्येक धड्कनमा बजिरहने एउटा संगीत हो । (

बेलायती पासपोर्ट) । यस्ता उदाहरणहरू प्रसस्तै छन् । जन्मभूमिप्रतिको प्रेम गहिरो देखिन्छ, आफन्त र जन्मभूमिसँग जोडिएका स्मृतिहरू, कर्मभूमिबाट गरिएका जन्मभूमिका चाडपर्व र आफन्तका सम्झना, वाल्य-जीवनको सम्झना, नेपालको दूरावस्थाको सम्झना आदि ।

भाषाशैलीका दृष्टिले आगन्तुक शब्द विशेषत अंग्रेजी शब्दका पद पदावली प्रशस्तै प्रयोग भएका छन् । ती अघि मैले दिएका उदाहरणमा र कथाका शीर्षकमै पनि झल्कन्छन् । नियात्रापरक, संस्मरणपरक निबन्धको भाषा अलि बढी छ तैपनि त्यस्तो भाषाले पाठकलाई डोहोऱ्याएकै छ । समग्र कथा पढ्यो भने लेखकका कर्म र जन्मभूमिलाई समेटेको उपन्यास नै हो कि जस्तो लाग्छ तर फरक शीर्षक र विषयवस्तु छँदैछ । प्रायः कथा कम पात्र र क्षीण कथानक भइकन पनि संस्मरणात्मक र वर्णनात्मक शैलीले आकर्षक बनाएको देखिन्छ ।

कथाको परिवेश अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय पनि छ । यस कथाकृतिलाई परिवेशका दृष्टिले वा पर्यावरणीय दृष्टिले, सांस्कृतिक चेतनाका दृष्टिले, डायस्पोरिक चेतनाका दृष्टिले, साइबर सांस्कृतिक चेतनाका दृष्टिले, समाजशास्त्रीय दृष्टिले पनि अध्ययन गर्न सकिन्छ । मैले अहिले संकेत मात्र गरेर लेखकलाई निरन्तर साधनाको कामना गरेँ ।

**५.२ उपन्यास**

आज विमोचित कृतिहरूमध्ये आख्यानका उपन्यास उपविधामा पनि थुप्रै कृतिहरू छन् । यी कृतिहरूलाई म क्रमशः लेखकका उमेर क्रममै प्रस्तुत गर्छु ।


**५.२.१ चूडाला उपन्यास**

चूडाला वेदमणि घिमिरे (२००७ वैशाख ९ गते, जोरपाटी - ४ काठमाडौं, सुपुत्र : हरिप्रसाद घिमिरे र झङ्केश्वरी घिमिरे)को औपन्यासिक कृति हो । उहाँ संस्कृतमा आचार्य र शिक्षाशास्त्रमा स्नातक हुनुहुन्छ । साहित्य सिर्जना, साहित्यिक पत्रकारिता र सांगठानिक जिम्मेवारीबाट उहाँ नेपाली साहित्यको विकास र विस्तारमा निरन्तर लागिरहनुभएको छ । उहाँका चार दर्जन जति कविता, निबन्ध, आख्यान र बालसाहित्यका कृति प्रकाशित छन् । प्रायश्चित-१ (२०६३), प्रायश्चित-२ (२०६४), शान्ति र क्रान्ति (२०६४), अन्तिम प्रायश्चित २०६८) जस्ता चारओटा उपन्यास यसअगाडि नै प्रकाशित भइसकेका छन् । उहाँको पाँचौँ उपन्यास कृतिका रूपमा आज चूडाला सार्वजनिक भएको छ । उहाँका अन्य बालसाहित्य, कविता, काव्य र महाकाव्यका कृतिहरूको संख्या तीन दर्जन अधिक रहेको छ । म ती सबै पक्षलाई यहाँ नउठाई मात्र कृतिमा केन्द्रित रहन्छु ।

उहाँले कथाहरूको साधना गर्दै उपन्यास सिर्जनाको सिर्जनात्मक आरोहण गर्नुभएको छ भने कविता काव्यको साधना गर्दै महाकाव्यको आरोहण गर्नुभएको छ । आख्यान र कविता दुवैमा महाख्यान र महाकाव्य रचना गरिसक्नुभएका प्रतिभाका बारे बोल्न त्यति सजिलो छैन, उहाँका महाकाव्यतर्फ युगनायक (२०५९), मृत्युचक्र (२०६०), प्रेरणा (२०६०), बालाराजा काशीराम (ऐतिहासिक,२०६५), अन्तिम (२०७२) जस्ता कृति छन् । उहाँले काव्य र महाकाव्यमा पनि सामाजिक ऐतिहासिक, पौराणिक र केही लोक विषयवस्तुको प्रस्तुत गर्नुभएको छ । यो उपन्यास पौराणिक विषयवस्तुमा आधारित उपन्यास हो । यो उपन्यासलाई मिथकीय विषयवस्तुको उपन्यास पनि मान्न सकिन्छ ।

शीर्षक : चूडाला शीर्षक उपन्यासकी नायिकाको नामबाट राखिएको छ । चूडालाको चर्चा योगवशिष्ठ रामायण र शिव पुराणमा आउँछ ।

विषय वस्तु : चूडाला उपन्यासले योगवशिष्ठ रामायणको एउटा प्रसङ्गलाई उपजीव्य विषय बनाएर औपन्यासिक आकृति गरेको छ । यो कथा पुराणमा सुमेरू पर्वतमा रहेका काग कागिनीले बताएको कथा हो । पुराणमा भुषुण्ड नाम गरेको कागले भुषुण्डी नाम गरेकी कागिनीलाई आत्मतत्वको बोध गराउन यो कथा सुनाएको पाइन्छ । यही कथालाई वशिष्ठले रामलाई शिक्षा दिएको प्रसङ्गबाट योगवशिष्ठ रामायणको रचना भएको बुझिन्छ ।




म यो पौराणिक पक्षमा पनि जान्नँ तर शिवपुराण यसको अर्को उपजीव्य विषय हो । शिव पुराणमा बहुपति गामिनी तत्कालीन समाजका दृष्टिमा अभद्र, अनैतिक चरित्रकी नारी चञ्चुलाको चर्चा छ । चञ्चुलालाई चूडालाकी बहिनीका रूपमा चिनाइएको छ । यी दुई दिदीबहिनीका कथामा यो उपन्यास संरचित छ । यो उपन्यास पात्रका दृष्टिले मात्र होइन चेतनाका दृष्टिले पनि नारीप्रधान छ । चूडालाका कोणबाट हेरेपनि नारीप्रधान । बहिनी चञ्चलाका कोणबाट हेरे पनि नारीप्रधान ।

पात्र र कथानकको संयोजन : चूडाला उपन्यासकी चूडाला विदूषी आदर्श नारी हो । ऊ विश्वकर्मकी छोरी हो । रूप र गुणका कारण उसको विवाह रघुकुलका राजा शिखिध्वजसँग हुन्छ । ऊ विवाहपूर्वदेखि नै पुरूषले नारीलाई भोग्या र दासीका रूपमा हेर्ने कुराको विरोध गर्छे, विवाहपछि रानीका रूपमा राजालाई राम्रो साथ सहयोग गर्छे, पछिल्ला दिनमा योगी बनेर हिँडेका राजालाई फर्काएर राज्यको रक्षा गर्छे । ऊ आदर्श, बौद्धिक, योगी, ध्यानी र ब्रह्मज्ञानी पनि देखिन्छे । उसलाई कसैले पनि हराउन र दवाउन सक्तैन । यिनै खास खास घटनाका सेरोफेरोमा कथा एउटा सिंगै उपन्यास बनेर आउँछ ।

यो चरित्र प्रधान उपन्यास हो । अर्को कथा वा विषयवस्तुका रूपमा विन्दुग र चञ्चुलाको कथा आएको छ । ऊ सुरूमा पुरूषले बहुपत्नी राख्न मिलेजस्तै नारीले पनि बहुपति राख्न मिल्छ भन्ने दृष्टिकोण राख्ने नारी हो । ऊ बाबुले हेरेको केटासँग नभई आफूले मनपराएको केटासँग भागेर वेपत्ता हुन्छे । ऊसले छानेको केटो विन्दुग हो । विन्दुग चरित्रहीन पात्र हो । ऊ चोरी, डकैती, वेश्यागमन, मदिरापान, मांस भक्षण आदि कुरामा लिप्त हुन्छ । उसको घर भएको बास्कल प्रदेशमा यस्ता अनैतिक र नीच कामहरू सामान्य लाग्छन् । त्यहाँको वातावरण र लोग्नेका कारण चूडाला देहव्यापारी बन्छे । विन्दुग हत्या र अन्य अपराधका कारण केही समयपछि मृत्युदण्ड पाउने गरी जेल पर्छ । ऊ प्रहरीसँग कुनै साँठगाँठ गरी जेलबाट भाग्छ ।

छोराहरूबाट पनि उ दुःखी बन्छे । उसका छोराहरूले आमालाई घरबाट निकालिदिन्छन् । आफ्नै छोराहरूबाट घर निकाला भएकी चञ्चुला भौतारिँदै दिदी चूडालाको राज्य उज्जैनमा पुग्छे । दिदीबहिनीको भेट हुन्छ । ऊ दिदीका सद्विचार, व्यवहार र उपदेशबाद सुध्रन्छे । यहाँ पात्रकै घटना कथानक बनेर अगाडि बढ्छन् ।

**शिखिध्वज र चूडाला**

चूडाला योग साधना गर्छे । कुण्डलिनी योगको चर्चा छ यहाँ । उसले यसै योगबाट अष्टशिद्धि प्राप्त गरेको प्रसङ्ग छ । ऊ जल, थल नभलगायतका लोकमा स्वतन्त्र भेष बदलेर, देवदेवीको रूप लिएर घुम्न सक्ने सुपरम्यान बनिसकेकी हुन्छे । ऊ पतिले राज्य छोडेर हिँडे पनि राज्य चलाउन सक्छे । रैती र शत्रुहरूसँग सम्बन्ध सन्तुलन गर्न सक्छे । एघार बुँदे राज्यका सुधारको घोषणा गर्छे र आफ्ना योग र बुद्धिबलले राजालाई निश्चित समयमा नारदपुत्र कुम्भज नामको बटुक बनेर राजालाई दरबारमा फर्काउँछे । विन्दुग भने पचास वर्षपछि राज्य छोडेर कागजमा राज्य पत्नीलाई जिम्मा लगाई वनप्रास्त आश्रममा जान्छ । उसमा विषयभोगमा वितृष्णा जाग्छ ।

दुर्वाशाको श्राप पनि कथाका लागि सहायक बनेर आउँछ । रातमा स्त्री र दिनमा बटुक बन्ने श्रापपाएको एकै पात्रका माध्यमबाट राजाको गम्भीर परीक्षा गर्न पनि चूडाला सफल हुन्छे । राजा दरबारमा फर्किएपछि भएको स्वागत समारोहमा राजा रानीले विशेष बौद्धिक मन्तव्य राख्छन् ।

चूडालाको मन्तव्य सुन्न स्वयम् पार्वती पनि आएको चञ्चुला पनि दिदीको संगत र शिवपुराणबाट ज्ञान प्राप्त गरेकी हुन्छे । विन्दुग अपराधका कारण मारिने डरले पागलको जस्तो अभिनय गर्दै घुमिरहेको हुन्छ । अन्तमा पार्वती विन्दुग र चन्चुलालाई लिएर कैलाशतिर लाग्छिन् । यहाँ दुवै परिवारमा नारीका कारण पुरूषलाई ज्ञान प्राप्त भएको छ । दुवै नारीपात्रहरू योग र ज्ञानले पुरूषभन्दा शक्तिशाली छन् । यस उपन्यासले पौराणिककालीन मातृशक्ति वा सत्तालाई उठाएको छ । यही उपन्यासलाई आदर्शको आवरण मुक्त गराउन सके नारी चेतनाका तहमा अध्ययन गर्न सकिने ठाउँ देखिन्छ, जस्तै : तर देवी ! पुरूषका स्वभावसँग हामीलाई दाँज्नुहुँदैन । हामी नारीको विशेष गुण नै क्षमाशीलता हो ।

अतः मैले त उसलाई माफी दिइसकेकी छु ... (पृ १९८) यहाँ नारी चन्चुलालाई अर्की नारी पार्वतीले साथ सहयोग गरेको नारीमैत्री चेतना छ । नारीको क्षमाशील र पुरुषभन्दा उच्चो चेतना छ । यद्यपि उपन्यासकारले आदर्शवादी दृष्टिकोण अगाडि सार्नुभएको छ । विन्दुगले चञ्चुलाको पाउ परेर माफी मागेको प्रसङ्ग छ ।

यस उपन्यासको भाषा सरल र सहज छ । घिमिरेज्यूको आफ्नै किसिमको वर्णनात्मक र विश्लेषणात्मक शैली छ । यहाँ कागले कागिनीलाई कथा सुनाएका अवस्थामा यो उपन्यासको सिर्जना भएको छ । उपन्यासको समाख्यान शैलीलाई अन्तिम अनुच्छेदबाट बुझ्न सकिन्छ :

हे प्यारी भुषुण्डी ! चूडालाका विषयमा बोल्न यसपछि सबैले बन्द गरेकाले म पनि यहीँ विश्राम लिन्छु । तिम्रो र सारा जगत्को कल्याण होस् ।

समग्र उपन्यास भुषुण्डा नामको कागले आफ्नी कागिनी भुषुण्डीलाई भनेको अवस्थामा अभिव्यक्त छ । कतिपय ठाउँमा योगवाशिष्ठका श्लोकहरूको प्रयोग गरिएको छ । कतै अनुवाद र कतै टीका दिइएको छ । यो कृति साहित्यिक कृतिमात्र नभएर पौराणिक ज्ञानको कृति पनि बनेको छ । उखान टुक्का, सहज संवाद, सहज द्वन्द्व, सहज प्रवाह वा लयका कारण उपन्यास पठनीय बनेको छ । मानिस व्यवहार र योगबाट सफल हुने कुरालाई यस कृतिले आफ्नो उद्देश्यका रूपमा देखाएको छ । यसले आध्यात्मिक उद्देश्यलाई आत्मसात गरेको छ ।

**५.२.२ राप**

आज विमोचन भएको अर्को कृति चन्द्रमणि पौडेल (२०२७ श्रावण ३०, कन्चनरूप न.पा.-१२, सप्तरी) को राप उपन्यसा हो । पौडेल २०५३ सालदेखि निजामती सेवाका विभिन्न निकायमा कार्यरत हुनुहुन्छ । उहाँको कलम आख्यान क्षेत्रमा चल्दै आएको छ । यसअघि बाँसुरीभित्र रोएको मान्छे (कथासङ्ग्रह (२०५२) र खरानीभित्रका लासहरू (उपन्यास- २०६४ मा) प्रकाशनमा आइसकेका प्रतिभा हुनुहुन्छ उहाँ । उहाँको तेस्रो कृति र दोस्रो उपन्यासका रूपमा राप (उपन्यास- २०७५) आजै सार्वजनिक भएको छ ।

**राप** नितेश, रनिस र रञ्जन पात्रका समस्यामा आधारित उपन्यास हो । यस उपन्यासले पुरूषका समस्यालाई देखाएको छ । दाम्पत्य जीवनमा नारीलाई दुःख छ भन्ने कुरा तपाई हामी सबैलाई थाहा छ तर पुरूषलाई दुःख छ भन्ने कुरा पुरूषका मनमनै मात्र छ, बाहिर आएको छैन । समाचार र साहित्यको विषय बनिरहेको छैन । हो, त्यही विषयलाई यस उपन्यासले उठाएको छ ।

यी पुरूष पात्रसँगै प्रमिना, जुना, रीना र ऋतु पात्रको कथा पनि संयोजित रूपमा आएको छ यस उपन्यासमा । उनीहरू सहायक पात्र हुन् । यहाँ मूलतः तीन जोडी पात्रका दाम्पत्य जीवनका उहापोहबाट व्यवहारका परीक्षामा सफल हुन कति समझदारी र समर्पण चाहिन्छ भन्ने कुरालाई उपन्यासले देखाउन खोजेको छ । यसमा पुरूष मनोविज्ञानको जीवन्त चित्र उतारिएको छ ।

सरिन र प्रमिनाको दाम्पत्य जीवनमा एक सन्तान छोरी भएर पनि यहाँ सरिन पत्नीको माया पाइरहेको छैन । उसलाई निराले प्रेम गरे पनि पारिवारिक जिम्मेवारीका कारण स्वीकार गर्न सकेको छैन । उता निरा प्रेम नपाएर दुःखी बन्दै आत्महत्याको बाटो लिन्छे । यहाँ पत्नीसँग खुसी हुन पनि नसक्ने र अरूसँग प्रेम वा दोस्रो विवाह पनि गर्न नसक्ने पुरूषको कुण्ठालाई उपन्यासले मूल विषयवस्तुका रूपमा समेटेको छ ।




**रञ्जन र ऋतुको कथा**

यस उपन्यासले नवयौवना विद्यार्थीहरूको कथा पनि छ । एकल आमाको संघर्षको पर्याय बनेर हुर्किएको रञ्जन र उसकी सहपाठी ऋतुको कथा हो यो । यस कथालाई लेखकले एउटा मसलाका रूपमा लिएजस्तो देखिन्छ । ऋतुलाई मन पराई साथीका माध्यमबाट चिठी पठाएको रञ्जन साथीकै छलका कारण उसले धोका पाएको छ । आमा र प्रेमीका दुवैको माया नपाएपछि पढाइ र अन्य कर्तव्यबाट विचलित बनेर हिँडेको छ । यो पात्र पलायनवादी पात्रका रूपमा रहेको छ । यसले पनि यथार्थलाई नै समेटेको छ ।

**नितेश र जुनाको आदर्श जोडी**

विवाहित सुख र सन्तोषको जोडी हो यो । यी पात्रलाई सफल प्रेम र आदर्श दम्पतीका रूपमा प्रस्तुत गरिएको छ । यिनीहरूमा रिस, अहंकार, घृणा आदि केही देखिँदैन । मात्र प्रेम र एक अर्कालाई सहयोग देखिन्छ । यस उपन्यासले पुरूषको जीवनको सफलता वा असफलता उसका जीवनसँग जोडिने नारीसँग जोडिएको छ । यहाँ नारीलाई मात्र दोषी त बनाइएको छैन तर सफलता र असफलताको हात नारीमा रहने पक्षलाई भने उठाइएको छ । उपन्यासले परिवेशभन्दा बढी पात्रलाई र पात्रभन्दा बढी विषयवस्तु वा भावुक प्रेम र संघर्षको प्रस्तुतिलाई महत्त्व दिएको छ । परिवेशकारूपमा सामाजिक सञ्जालका भित्तालाई नै प्रयोग गरिएको छ । कतैकतै पुनरावृत्तिको दोषबाहेक भाषाशैली र प्रस्तुति रमाइलो छ । ठाउँ ठाउँमा कविता नै र कतै कविता अंश समेटिएका छन् । कतै कतै निकै विम्बात्मक प्रस्तुति पनि छ । एक ठाउँमा जिन्दगीलाई माग र पूर्तिको विम्बमा उतारिएको छ (पृ. ९७) ।

रञ्जन पात्रका बाबुआमामध्ये आमाको आदर्श चरित्रमा हाम्रा आमाहरू जीवन्त बनेर आउँछन् : मलाई पाप लाग्छ, म हुँदाहुँदै हजुरलाई कहाँ भाँडा माझ्न लगाउनु ! आमाले बाप्रति आदर्श व्यक्त गर्दै धर्मका कुरा गरेर अझ बढी माया दर्शाउनुहुन्थ्यो(पृ. ९७) । पौडेलजीले पोखरा यात्रामा भेटेका फरक फरक जोडीका अवस्था र व्यवहारबाट उपन्यासको रचना गर्भ बसेको संकेत लेखकीयमा दिनुभएको छ । लेखकले विषय कि त भोगाईबाट लिन्छ कि अध्ययन वा देखिएका घटनाबाटै लिने हो । उहाँको तेस्रो उपन्यास यो भन्दा विशेष बनेर आउन सकोस् ।

**५.२.३ आभास**

आभास आज मैले बोल्ने तेस्रो कृति हो । यो विनोदकुमार श्रेष्ठ ( २०४४ साल चैत्र १, रामेछाप) को उपन्यास हो । यसअघि उहाँका जीवन एक सङ्घर्ष अनेक मोड (आत्मालाप, २०७१). द स्प्रिङ लभ (उपन्यास, २०७३) प्रकाशन गर्नुभएको छ । उहाँको सम्पादनमा अपाङ्ग दर्पण ( स्मारिका, २०७३) पनि प्रकाशनमा आएको छ । उहाँको पछिल्लो वा तेस्रो कृति र उपन्यासका रूपमा आभास (उपन्यास, २०७५ पुस) आएको छ ।

यस उपन्यासको नामकरण उपन्यासकै पात्रका नामबाट जुराइएको छ । यो प्रेमिल काल्पनिक उपन्यास हो भन्ने आत्मस्वीकृति लेखकले दिएका छन् र पढ्दा पनि सोही अवस्था देखिन्छ । यस उपन्यासले फरक क्षमता भएका व्यक्तिको प्रेम जीवन र त्यसका समस्यालाई अगाडि सारेको छ । उपन्यासले फरक क्षमता भएको नायक र सवलाङ्ग नायिकाबीचको प्रेमलाई नायिकाको अन्यत्र विवाह र सन्तान प्राप्तिपछि पनि इन्टरनेटका




माध्यमबाट निरन्तरता दिइएको छ । प्रेमलाई विवाहका घेराबाट बाहिर पुऱ्याउनु यस उपन्यासको उद्देश्य हो ।

यस उपन्यासका भाषामा कतै कवितात्मकता छ । प्रायःवर्णन र विवरणात्मक शैली नै आत्मसात् गरिएको छ । यो उपन्यास आभास र सन्ध्याकै उपन्यास हो । सन्ध्या आफ्नो लोग्नेका आँखा छलेर गम्भीर प्रकृतिको अपाङ्ग आभासलाई भेट्न आउने गरेकी छ । उसले नै प्रेमको व्यापकताका पक्षमा वकालत गरेकी छ । यस कृतिभित्रको नायकमा लेखक पनि धेरै मात्रामा अनुवाद हुनुभएको छ ।


फरक क्षमता भएका व्यक्तिका जीवनका उहापोहलाई हामी लेख्न सक्तैनौँ । उहाँहरू जस्तै लेखकले मात्र लेख्न सक्नु हुन्छ । उहाँ कलिलो उमेरमै संघर्ष गरी ड्राइभर भएर स्वावलम्बनको जीवन बाँच्न थाल्नुभएको रहेछ तर दुर्घटनाले उहाँलाई आजको अवतारमा ल्यायो । उहाँ अहिले असाध्यै जटिल किसिमको अपाङ्गता व्यहोरि रहनुभएको छ । तर उहाँको उर्जालाई त्यस दुर्घटनाले लैजान सकेन । उहाँ एउटा निजी व्यवसायसहित निरन्तर सिर्जनामा हुनुहुन्छ । उहाँलाई थप सिर्जनशीलताको कामना गर्दछु ।

**६. शब्दकोश**

आज दुईवटा शब्दकोश विमोचन भएका छन् । तीमध्ये एउटा गणित शब्दकोश हो । अर्को मानवाधिकारका क्षेत्रको शब्दकोश हो । दुवै विषयगत कोशकारूपमा आएका छन् ।

**६.१. नेपाली गणित कोश**

नेपाली गणित कोश आज विमोचन भएको छ । यो कोशका सम्पादक महेश्वरप्रसाद उपाध्याय हुनुहुन्छ । उहाँ गणितकै प्राध्यापक ।




उहाँको साहित्य क्षेत्रमा इस्माली उपनाम सर्वव्यापक छ । नेपाली कथा, नियात्रा, बाल साहित्यका क्षेत्रमा स्थापित प्रतिभा हुनुहुन्छ । महेश्वरको नामबाट उहाँका गणितका पाठ्य पुस्तक र अन्य गरी दर्जन जति पुस्तकहरू प्रकाशित छन् । यस कोशको भाषा सम्पादन विनयकुमार शर्माले गर्नुभएको छ ।


नेपाली शब्दभण्डारमा कोश परम्परामा गणितको शब्दकोश एउटा नयाँ पक्ष र ज्ञानको क्षितिज बनेर आएको छ । मलाई बोल्न केही संकोच पनि लागिरहेको छ । यो प्राविधिक पक्ष हो । शब्दकोश आफैमा प्राविधिक विधा र गणित झन् प्राविधिक विधा । म गहन विश्लेषण नभई परिचय मात्र गर्न सकूँला भनेर उभिएको छु ।

केही विदेशी भाषामा गणित शब्दकोश आएका भए पनि नेपालीमा अभाव थियो । तिनमा गणितका फर्मूला (सूत्र)हरू मात्र भएको पाइन्थ्यो । नेपाली भाषामा प्रकाशित यो नै पहिलो गणितको शब्दकोश हो । यो पहिलो भएर पनि मानक बनेर आएको छ । यहाँ हजारौँ शब्दले प्रविष्टि पाएका छन् ।

गणित र विज्ञान परस्पर जोडिएका हुन्छन् । विज्ञानविना गणितको कल्पनासमेत गर्न सकिन्न । यसमा गणितका सूत्रका साथसाथै लगभग तीनहजार वर्ष अघिदेखिका पूर्वीय र पश्चिमी गणितज्ञहरूको जीवनी र तस्वीरसमेत यथास्थानमा राखिएको छ ।

यस कारण यसले विज्ञान, इतिहासको साथै गणितज्ञ र विश्व वैज्ञानिकहरूको परिचयसमेत दिएको छ र आफूलाई शब्दकोशबाट उठाएर ज्ञानकोशका तहमा प्रस्तुत गरेको छ । दश वर्ष मिहेनत गरेर महेश्वरप्रसाद उपाध्यायले तयार पार्नु भएको यस कोशको भाषा सम्पादन, कम्प्युटर सेटिङ आदि काम विनयकुमार शर्मा नेपालबाट भएको छ । उहाँहरू दुवैको यो योगदानको समयक्रममा नेपाली समाजले मूल्यांकन गर्ने नै छ । यो नेपालको विज्ञान, गणित, इतिहासको साथै नेपाली वाङ्मय र शब्दकोश क्षेत्रमा लाग्ने सबै शिक्षक र विद्यार्थीका लागि उपयोगी मात्र नभइ महत्त्वपूर्ण हुनेछ । नेपाली शब्दकोश परम्परामा नयाँ कोशेढुङ्गो सावित हुनेछ । गणितका अधिकाङ्श शब्द फर्मूला र गणितज्ञको जीवनी र फोटोसहित आउनु यसको मूल सामर्थ्य हो ।

**६.२ मानव अधिकार शब्दकोश**




मानव अधिकार शब्दकोश माधव रेग्मी र कैलाशकुमार सिवाकोटीको संयुक्त कोश हो । यो कोशका कोशकारहरू सम्बन्धित विषय क्षेत्रकै विषयविज्ञ हुनुहुन्छ । यो शब्दकोश मानवअधिकारसँग सम्बन्धित छ । यो एक किसिमले अङ्ग्रेजी टू नेपाली शब्दकोशका रूपमा आएको छ । शब्दकोश भन्नाले शब्द र अर्थ वा पर्यायवाची कोशलाई बुझिन्छ तर यो शब्दकोश मात्र नभई ज्ञानकोशका रूपमा तयार पारिएको छ । यहाँ पहिला अंग्रेजीमा र त्यसपछि नेपालीमा मानवअधिकारसँग सम्बन्धित शब्दहरूको परिचय दिइएको छ । परिचय, परिभाषीकरण र उदाहरणले कोशलाई ज्ञानकोश बनाउँछ । उहाँहरूले त्यस्तै प्रयत्न गर्नुभएको छ ।

यस कोशमा मानव अधिकार, सामाजिक न्याय, कानुनी सामाजिक विज्ञान, चिकित्सा र कतिपय प्राविधिक क्षेत्र र ती क्षेत्रसँग सम्बन्धित पारिभाषिक र प्राविधिक शब्दहरूलाई समेटेको देखियो । मानवअधिकारको विकास द्वितीय विश्वयुद्धको क्षतिबाट विकास हुँदै आजसम्ममा विश्वव्यापी बनेको छ । यो कोश कानुनका विद्यार्थीलाई मात्र नभई नेपाली अंग्रेजी भाषाका र समाजशास्त्रका विद्यार्थीका लागि पनि उपयोगी बनेको छ । अब हरेक नगरपालिका एवम् गाउँपालिकाका मेयर-उपमेयरले पनि पढ्नुपर्ने सामग्री बनेर आएको छ । उनीहरू त्यहाँका न्यायिक समितिका संयोजक हुन् । रेग्मी र शिवाकोटी सर दुवैलाई हार्दिक बधाई ।

**३. बिसौनी**

आज मैले मभन्दा धेरै अग्रजका कृतिबारे बोलेँ । शब्दार्थ प्रकाशनले मलाई विश्वासका साथ यति विशिष्ट महानुभावहरू भएको विशिष्ट मञ्चमा उभ्यायो । कुनै कृतिलाई पाँचौँ पठनपछि मात्र सही मूल्यांकन गर्न सकिन्छ । त्यो मलाई थाहा छ तर आज मैले एकै पठनमा यति समय लिएँ यति कुरा राखेँ । भूलचूक भए क्षमा पाऊँ ।

## नेपाली साहित्य भण्डारमा एकै दिन कविता, आख्यान निबन्ध, समालोचना र कोशका बीस बीस ओटा कृति आउनु सुखद कुरा हो ।

यी कृतिले दिएको पौराणिक मिथकीय विषयदेखि सेरो मदरसम्मका विषयहरू, अपाङ्गताका समस्यादेखि तराई मधेसका क्षेत्रीय र लैङ्गिक विभेदहरू, वैदेशिक रोजगारका समस्याहरू, समालोचनाका नयाँ नयाँ पद्धति र प्रयोगहरू, नेपाली दार्शनिक क्षेत्रका केही मूल्यहरू धेरै कुरा दिएका छन् । शब्दार्थ प्रकाशनलाई शुभकामना ! सबै स्रष्टा, द्रष्टा एवम् कोशकारहरूमा थप सिर्जनशीलताको शुभेच्छासहित धन्यवाद ।

(***शब्दार्थ प्रकाशनको २० पुस्तक विमोचन कार्यक्रममा शुभेच्छुले बोल्नु भएको समीक्षा-मन्तव्य***)




# न्यायक्षेत्रको विश्लेषणात्मक अभिव्यक्तिमा उनिएका कथा

■ ठाकुर शर्मा भण्डारी

**१. प्रारम्भ एवं कथाकारको परिचय**

साहित्यिक क्षेत्रका एक हस्ती पिता हरिहर शास्त्री एवं माता सावित्रीदेवी अधिकारीका सुपुत्र डा. विश्वदीप अधिकारी एक वरिष्ठ अधिवक्ता (वकिल), नेपाली साहित्यका विविध विधामा कलम चलाउने कर्मनिष्ठ, सभ्य-शालीन व्यक्तित्व हुनुहुन्छ । विक्रम संवत् २०१६ सालमा काठमाडौँमा जन्मनुभएका विश्वदीपजीको भावनात्मक एवं संवेदनशील अनुभूतिका सन्दर्भलाई कानूनी रूपमा व्याख्या गर्न रूचाउने र त्यसलाई काव्यात्मक स्वरूप प्रदान गर्ने शैली उदाहरणीय रहेको छ । कविता (फुटकर कविता, गीत, भजन), कथा, उपन्यास, निबन्धादि विधामा कलम चलाउने उहाँका विभिन्न पुस्तकहरु प्रकाशित भएका छन् । ती हुन् : आयकर कानून विगत वर्तमान (२०५९), नेपालको राजनीतिमा नैतिकता (२०६२), गौँथलीको गुँड (बालचित्रकथा -२०६२), संविधानमा के किन र कसरी ? (२०६३), हृदयका झङ्कार (गीत तथा भजन -२०६३), कम्पनी कानून तथा प्रशासन र कम्पनी सचिव (२०६४), नेपालका संविधान तथा ऐतिहासिक दस्तावेजहरु (२०६४), नेपालको संविधानमा राष्ट्रवाद (संयुक्त, २०६४), आकाश उघ्रने प्रतीक्षा (कवितासङ्ग्रह -२०६४), सिउरो (बालकथा (२०६६), हाँगामा सुत्ने चरा (बालचित्रकथा -२०६८), अनग्निका (सामाजिक उपन्यास -२०७०), तबलाको वेदना (बालकथा -२०७०), कोक्याउने पिँडालु (बालउपन्यास -२०७२), आकाश मैथुन (कथासङ्ग्रह -२०७४), न्यायको हत्या (कथासङ्ग्रह -२०७५) ।




यसैगरी उहाँद्वारा सम्पादन गरिएका महत्त्वपूर्ण पुस्तकहरु हुन् — Legal Administrative Dictionary (कानूनी तथा प्रशासकीय शब्दसागर - संयुक्त २०६५), शास्त्रीमार्ग स्मारिका महाकवि देवकोटा शतवार्षिकी विशेष (२०६६), शास्त्रीमार्ग स्मारिका : कवि हरिहर शास्त्री (२०६७) । यस्तै सङ्गीततर्फ बादल हो जीवन (आधुनिक गीति क्यासेट २०६०) र साई समर्पणम् (भजनको क्यासेट २०६१) । विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा सवा सयजति कथा, लघुकथा, संस्मरण, कविता, निबन्ध वा अन्य लेखहरु प्रकाशित छन् ।

यसरी अनेक विधाको लेखन र सङ्गीतमा पनि योगदान गर्नुका साथै आफ्ना पितामाताको नाम र आफ्ना नाममा अनेक पुरस्कारको स्थापना गरेर वर्षौंदेखि पुरस्कार प्रदान गर्दै आउनुभएको छ । उहाँले साहित्यक्षेत्र र कानूनको क्षेत्रमा गरेको योगदानलाई हेर्दा अरूको दृष्टि गएको पाइँदैन ।

एक/दुई सामान्य पुस्तक प्रकाशन गरेर सम्मान भएन भनेर हिँड्ने समाजमा करिब डेढ दर्जन किताब प्रकाशन गर्ने र संस्था चलाएर अरूलाई सम्मान गर्ने व्यक्ति कमै हुन्छन् समाजमा । उहाँले विभिन्न साहित्यिक संस्थामा रहेर कानूनी सल्लाह पनि दिने गर्नुहुन्छ । यस्ता व्यक्तित्वलाई हामीले सम्मान गर्न जानेका छैनौँ ।

**२. विषयप्रवेश**

यहाँको सन्दर्भ कथाकार डा. विश्वदीप अधिकारीद्वारा लेखिएको **न्यायको हत्या** (कथासङ्ग्रह २०७५) दीपक पुस्तक भण्डारले प्रकाशनमा ल्याएको छ, उसैको विषयमा चर्चा गर्नु हो । यो मूलतः न्यायिक क्षेत्रलाई विषयवस्तु बनाएर लेखिएको छ । त्यस क्षेत्रमा हुने गरेका विकृति र विसङ्गतिहरूलाई उठाउने काम भएको छ । एउटा लेखकको कर्तव्य समाजमा भएका विविध क्षेत्रका समस्यालाई उठाउनु नै हो, त्यही आफ्नो दायित्व सम्झेर साहित्यकार डा. विश्वदीप अधिकारीले उठाउने कार्य गर्नुभएको छ - कथाको माध्यमबाट । भावनात्मक सन्दर्भभन्दा पनि कानूनी सन्दर्भहरूलाई आफ्नो विषय बनाएर अभिव्यक्ति दिन रूचाउने कथाकारले चाहे कविता होस् वा संस्मरण, कथा सबैमा कानूनी पछ्यौरा ओड्याएको देखिन्छ, यसै सन्दर्भमा आफ्नो 'यसै भनौँ होला' शीर्षकको अग्रलेखमा भन्नुभएको छ : स्वतन्त्रताको नाममा मुलुकको न्यायतर्फको पाटो कतातिर जाँदै छ ? मान्छेहरु के गरिरहेका छन् ? किन न्याय नै अन्यायमा परेको छ ? जिम्मेवारहरूको गैरजिम्मेवारीयुक्त यात्रा कहाँ पुगेको छ ? किन प्रचलित कानूनलाई लास बनाएर सुताइन्छ ? जस्ता अनेकौँ विषयको अवस्था कहाली लाग्दो रहेको छ ।

विशेष रूपमा कथाकारका पिता हरिहर शास्त्रीज्यूको वंशस्थ छन्दको अदालतप्रति शीर्षकको कविता राखिएको छ, जो अत्यन्त सान्दर्भिक रहेको छ र जसले कानूमा देखिने गरेका विकृतिलाई देखाएको छ । त्यहाँ भनिएको छ : छ एउटा नित्य महान् विभिन्नता / कुनै कतै छन् त तिमीहरु यता / पढेर कानून पसी अदालत / मनुष्य गर्छौ दिनरात पीडित । (मनको छाल कवितासङ्ग्रह श्लोक ४, २०२३ बाट साभार) । यसको भूमिका नेपाली साहित्यका चर्चित साहित्यकार सहप्रा. लक्ष्मीकुमार कोइरालाले विस्तृत रूपमा लेख्नुभएको छ । प्रत्येक कथाको विषय समातेर वर्णन गर्नुभएको छ ।

यो उठाइएको विषयको समाधानतर्फ उन्मुख गराउने उद्देश्यलाई नै समस्त कथाले बोलेको अनुभूति यस पङ्क्तिकारलाई भएको छ । यस **न्यायको हत्या** (कथासङ्ग्रह २०७५)मा तेइसवटा शीर्षकका कविताहरु रहेका छन् । ती हुन् : दादागिरी, थप्पड, तुजुक, न्यायको हिंसा, लिफा, रोक्का, अविवेक, न्यायवध, बिचौलिया, अवहेलना, अत्याचार, न्यायको मानभङ्ग, चुनौती, बेइमानी, न्यायमर्दन, परिहास, लुट, गुन्यूको फेटा, कानूनको हत्या, नौमुला, चकारी, चाँदी कटाइ, रायकिताब ।

यसरी यी शीर्षकहरूमा चारवटा मात्र द्विशब्दात्मक छन् भने उन्नाइस वटा एक शब्दात्मक रहेका छन् र अत्यन्त सरलशैलीमा प्रस्तुत गरिएको छ ।

३. **न्यायको हत्या** कथासङ्ग्रहको विश्लेषण

यस सङ्ग्रहका समस्त कथाहरु पढ्दा कल्पनात्मकताभन्दा यथार्थता बढी भएको अनुभूति हुन्छ । सामाजिक जीवनमा देखिएका विविध समस्याहरूलाई कानूनले सल्टाउने हो तर त्यहीँ नै विकृति भएपछि कहाँ गएर निसाफ मिल्छ जनतालाई । समाजमा भएको अन्योलको स्थितिलाई अत्यन्त सरलताका साथ अभिव्यक्त गरेको पाइन्छ । बारको चुनाव आएको छ, भोट माग्न आउँछन्, चित्त बुझेको छैन, सम्झाउने किसिमबाट सौर्य पात्रले भनेको छ । जस्तै : कुनै न्यायाधीशले पदीय हैसियत भुलेर बेसुरमा विधायिका निर्मित कानूनलाई निष्क्रिय तुल्याइदिँदा पनि कानूनलाई सक्रिय पार्ने काममा बार लाग्दैन भने त्यो कस्तो बार हो ?

भनाइमा कतै लिपपोत छैन । जे छ यथार्थ छ । जे भन्नु छ, स्वतन्त्र र यथार्थको धरातलमा उँभिएर भनिएको छ । सबै कथाहरु संवादात्मक स्वरूपका रहेका छन् । प्रत्येक कथामा थोरै पात्रद्वारा धेरै कुरा भनिएको छ । कानूनको क्षेत्रमा पनि लापरवाही, दादागिरी, विसङ्गतिले व्यथित समाज, न्यायलयमा हुने गरेका अवहेलनाका कुरा, मानहानी, सामन्ती प्रवृत्तिको सत्तामोह, स्वेच्छाचारिताका प्रसङ्गहरु, न्यायक्षेत्रमा भएर पनि इमान बेचेका कुरा, विवेक हीनताका कुरा, न्यायदाताले नै न्यायवध गरेको कुरा, बिचौलियाले न्यायक्षेत्रमा पारेको प्रभावले कमाउने बाटो खुलाएको कुरा, वर्तमान समयमा पनि जनताले अनेक किसिमको समस्या भोल्नुपरेको सन्दर्भका साथै अवहेलना व्यहोर्नुपरेको र अदालतको नै मानभङ्ग भएको प्रसङ्ग राम्रोसँग चर्चा गरिएको छ । अदालतको मानभङ्गको सन्दर्भमा भनिएको छः न्यायलाई अन्यायमा परिणत गर्न कतिसम्म गर्छन् भन्ने कुराको कुनै सीमा छैन । मुद्दाको सिलसिलामा अदालत र मालपोत, भूमिसुधार, नापीबीच हुने पत्राचार नेपाली कागजमा हुने गर्दैन । (पृष्ठ ६९)

न्यायिक क्षेत्रमा भएको लुटतन्त्रलाई चिरफार गर्नुका साथै अदालत नै परिहासको पात्र बनेको यथार्थ चित्रण समस्त कथाहरूमा भएको छ । जस्तै : हाम्रो बारको सदस्य एक जना वकीलले त छिमेकीको जग्गालाई आफ्नो हिँड्ने बाटो बनाउन के मात्र गरेन । हालसाविक गर्न नदिई रोकेन कि, लगाएको पर्खाल भत्काउन नगरपालिका धाएन कि, मुद्दा हराउन फलानो दलको हुँ भनी न्यायाधीश गुहारेन कि, के मात्रै गरेन...। (पृष्ठ ९२)

यस्ता अनगन्ती उदाहरणहरु पाइन्छन् यस कथासङ्ग्रहका कथाहरूमा । कथाकार स्वयं न्यायक्षेत्र सम्बद्ध भएको हुनाले त्यसभित्रका रौँ चिरा गरेर कथाहरूमा समाविष्ट गरेको देखिन्छ । यसै सन्दर्भमा कथाकारको र कथासङ्ग्रहको विषयमा केही कवितात्मक भावना प्रकट गरेर यो सानो समीक्षात्मक लेख बिसाउँछु :

सारमा यी कथाभित्र समस्याका बुँदाहरु
पत्र-पत्र गरी न्यायसूत्रमा छन् कुराहरु ।१।
समाज-न्याय सन्दर्भ समेटिन्छन् यताउता
सरल-शब्द-सौन्दर्य सुधारमा छन् जतातता ।२।
न्याय-हत्या जहाँ हुन्छ त्यहाँ शान्ति कहाँ छ र !
मान्छे त्यहाँ कहाँ मान्छे ? न्यायको क्षेत्र हुन्छ र ! ।३।
सङ्ग्रहभित्र देखिन्छ दादागिरी र थप्पड
अविवेक-लिफा खोज्ने बेइमानी त्यहाँ लुट ।४।
न्यायमर्दन देखेर विश्वदीप डराउँछन्
समता यसरी हुन्छ ? भन्दै ती थर्थराउँछन् ।५।
देश सुधारका निम्ति न्यायक्षेत्र सुधारमा
हुनुपर्दछ है न्याय कथाभित्र छ सारमा ।६।
भाषा-शैली र सौन्दर्य कथामा देख्छु साधना
विश्वदीप बधाई छ बधाई शुभकामना ।७।

# चाणक्यका उपयोगी कथनहरू

- चाहे समाजको अगुवा, घरको अगुवा होस् या देशको अगुवा किन नहोस्, उसले नीतिशास्त्रको पालना गर्नुपर्छ ।
- पुरूषको तुलनामा स्त्रीहरूमा आहार दुइ गुणा, बुद्धि चारगुणा, साहस छ गुणा र कामवासना शक्ति आठ गुणा बढी हुन्छ ।
- सत्ता प्राप्तिको स्वाद महभन्दा पनि गुलियो हुन्छ ।
- मुर्खता र जवानी सधैं निश्चित रूपमा कष्टदायक नै हुन्छ, त्यस्तै अर्काको घरको वास र कसैको भरमा बाँच्नु झन् कष्टदायक हुन्छ ।
- सुगन्धयुक्त फूल फुलेको एउटै असल वृक्षले सम्पूर्ण वनलाई सुगन्धित पारेझैं, असल सन्तानको जन्मले सारा वंशको सम्मान बढाउँछ ।
- आफन्तको अपमान, पत्नीको विछोड, ऋणको भारी, दुष्ट मालिकको सेवा र मन नमिल्नेहरूको संगत गर्नाले आगोबिना नै शरीर जल्नेछ ।
- सुनका करोडौं मुद्रा दिए पनि जीवनको एकक्षण पाईंदैन ।
- ज्ञानीमा गुन नै र मुर्खमा दोष नै दोष हुने भएकोले सयौं मुर्ख भन्दा एउटा ज्ञानी ठूलो हुन्छ ।
- अकुलीन पनि धनी भए कुलीनभन्दा विशेष हुन्छ ।
- जान नहुने ठाउँमा जाँदा आयु, यश र पुण्य सबै क्षीण हुन्छ ।
- प्राकृतिक रूपमा आम जनता सम्पन्न भए भने सेनाविहीन राज्य पनि सञ्चालित भइरहन्छ ।
- विना परिश्रम धन पाउने आशा गर्नु बालुवाबाट तेल निकाल्नुजस्तै हो ।
- आमाले कुटेका बालकले आमालाई नै अँगाल्दछ, मायाले भरिएको रीस छोटो अवधिको हुन्छ ।
- जीवनको सानोभन्दा सानो पल पनि मूल्यवान् छन्, जसलाई करोडौंको धन सम्पत्तिले पनि प्राप्त गर्न सकिँदैन ।
- मुर्खता र जवानीले ज्यादै दुःख दिन्छ, घरमा बस्नु त्योभन्दा पनि बढी कष्टकारी छ ।
- आम्दानीभन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
- अरूका अगाडि शत्रुलाई पनि गाली नगरौं ।
- मूर्खको उपदेश सुन्नुभन्दा बुद्धिमान्को गाली सुन्न वेश हुन्छ ।
- मैथुनले पुरूष बुढिन्छ भने मैथुनबिना स्त्री बुढिन्छिन् ।
- जो व्यक्ति जुन काममा दक्ष छ, त्यसलाई त्यही काम दिनुपर्छ ।
- राम्रो सम्मान गरे पनि दुष्टले दुःख नै दिन्छ ।
- धर्मको आधार सत्य र दान हुन् । मृत्युले पनि धर्ममा लागेको व्यक्तिको रक्षा गर्छ ।
- अन्नजस्तो धन अर्को छैन, भोकभन्दा ठूलो शत्रु छैन ।

# मेरो काम-निर्माणको मालिक म आफैं हुँ



## इमानदारीसाथ भन्दा म पहिले लेखक अनि मात्र प्रकाशक

■ **विनयकुमार शर्मा नेपाल**
*बीस पुस्तकका प्रकाशक*

**केही कुरा सोधौँ आज ? कत्तिको व्यस्त हुनुहुन्छ ?**
- व्यस्त नभए त जीवनको अर्थ नै के रह्यो र ? व्यस्ततामै जन्मिन्छ वास्तवमा सिर्जना । व्यस्तता नै सिर्जनाको खुराक ठान्छु म ।

**तपाईंले बेला-बेला सामूहिक पुस्तक विमोचन गरिरहनु भएको छ । यसको खास कारण केही छ कि ?**
- मलाई अलिकति अरूले गरेभन्दा फरक काम र कुरा गर्न मन लाग्छ । हामी कहाँ आठ र बाह्रलाई अशुभ मान्ने चलन छ । एकातिर अष्टकोण, अष्टचिरञ्जीवी, अष्टदल, अष्टभूजा, अष्टधातु, अष्टसिद्धी आदि र बाह्र (दर्जन), बाह्रमष्टा आदिको हामी सम्मान र पूजा पनि गर्छौं र अर्कोतिर यसलाई अशुभ भन्छौं । यो विरोधाभास मलाई खट्कियो र २०६६ सालमा आठ महिना आठ गते आठै उपन्यासकारको आठै उपन्यास विमोचन गराएँ । यस्तै लहडमा २०६६ सालमै बाह्र महिना बाह्र गते बाह्रै बालसाहित्यको पनि विमोचन गराएर हेरेँ, खै ! तर कतै अशुभ भएन । यो एउटा सामाजिक भ्रमको विरोध नै ठानिदिनोस् न ।

**अनि एकैपल्ट ४१ पुस्तक पनि विमोचन गर्नु भो नि त ?**
- छापिदिन्छु भनेर लिएका थुप्रै पुस्तकहरु लाइनमा थिए । लहड चल्यो र ती मध्येका ४१ पुस्तक २०७० साल वैशाख ६ गते छापेको हुँ । एकै प्रकाशकको एकैपल्ट ४१ पुस्तक त्यो पनि स्रष्टा स्वयम्द्वारा विमोचित । सम्भवतः यो देशकै रेकर्ड हो ।

**अहिले २० पुस्तक एकैपल्ट विमोचन गर्नुको पनि कुनै खास कारण छ कि ?**
- होइन, यो एउटा तालमेल मात्र हो । किताबहरु धेरै लाइनमा थिए । प्रकाशनको जन्मदिन भाद्र ९ गते मैले सधैँ एउटा कार्यक्रम गर्ने गरेको थिएँ । १४ वर्ष प्रवेशमा चौधै किताब विमोचन गरिदिऊँ भन्ने लाग्यो । योजना पनि चौधैको थियो तर साथीहरूले मेरो छुट्यो भन्दाभन्दै २० पुग्यो ।

**कतिको गाह्रो हुन्छ एकैपल्ट यसरी धेरै किताब निकाल्न र विमोचन गर्न ?**
- सामूहिक विमोचन भनेको एउटा इतिहास हो । एक, दुई वा तीन किताबजस्तो होइन । कति विमोचन हुन्छन् र इतिहासमा ५-१०-२० वा त्यो भन्दा धेरै किताब ? हुन त सामुहिक विमोचन गर्दा समस्या पनि छन् । लेखकहरु चाहन्छन् उनीहरूका किताबका बारे धेरैले बोलून्, धेरै प्रशंसा होऊन् तर समूहमा त्यो सम्भव हुन्न तर यसको पनि एउटा इतिहास त बन्छ नि । त्यसमाथि स्रष्टाको किताब स्रष्टाबाटै विमोचन गराउन मैले थालेको २०६७ बाटै हो ।

**यसको पनि कारण छ कि ?**
- पक्कै छ । कारण नभई कुनै काम न कसैले गर्छ न आफै हुन्छ । पहिलो कारण त यहाँ प्रमुख अतिथि हुने महापण्डितहरु कोही समयमा आउन्नन् । एक जनाको लागि सयौं विद्वान् साथीहरूलाई घन्टौ कुराउनु न न्याय हो न ठीक तर तिनले यो कुरो कहिले बुझेनन् । कार्यक्रम गर्नेले नै कार्यक्रम सुरू गर्ने समयभन्दा घन्टौं अगाडि अतिथि दर्शकलाई बोलाउने, कार्यक्रम भने ढीलो गर्ने पनि गरेको देखिन्छ । म यसको विरोधी हुँ । हामीले आफ्नो र अरूको पनि समयको मूल्य बुझ्नुपर्छ । मान्छेको समयको मूल्य अति नै महत्त्वपूर्ण हुन्छ त्यसको कदर सबैले गर्न जान्नुपर्छ ।

अर्को कारण वास्तवमा हामीले निमार्ण गरेका कुरा हाम्रो आफ्नै हो र त्यो हामी आफैले सार्वजनिक वा प्रस्तुत गर्ने हो नि । मेरो कुरा, काम वा वस्तु त मैले देखाउने हो नि । मभित्र भएको ज्ञान मैले नदेखाए, मैले गरेको काम मैले नदेखाए कसले देखाउन सक्छ ? किन म मेरो काम, सीप, वस्तु देखाउन अरूको भर पर्ने ? मेरो कुरा मैले नै राख्नुपर्छ । मेरो काम मैले नै देखाउनुपर्छ । म नै मेरो काम र मेरो निर्माणको मालिक हो भन्ने मेरो धारणा हो ।

**तपाईं लेखक कि प्रकाशक ?**
- इमानदारीसाथ भन्दा म पहिले लेखक अनि मात्र प्रकाशक ।

**२० पुस्तकमा यसपल्ट के नयाँ आएको छ ?**
- गणितको शब्दकोश पहिलोपल्ट नेपाली जगत्मा आएको छ । नेपाल बाहिर युरोप अमेरिकामा पनि गणितको शब्दकोश नगण्य सङ्ख्यामा मात्र छ । यो नेपाली भाषामा आउनु ठूलो उपलब्धि हो । नेपाल बाहिर आएका शब्दकोशमा पनि गणितका सूत्र मात्र छन् । पूर्वीय क्षेत्रका सूत्र पनि छाडिएका छन्, यसमा लगभग तीन हजार वर्षदेखिका पूर्व पश्चिम सबैतिरका गणितका सूत्रहरु छन् र साथमा धेरै यस्ता गणितज्ञका जीवनी र तस्वीर पनि राखिएको छ, यस अर्थमा यो जीवनी र इतिहास अध्ययन गर्नेलाई पनि आवश्यक पर्छ भन्ने विश्वास पनि छ ।

**अन्तमा शब्दार्थ प्रकाशनका यी २० पुस्तकको लिस्ट भनिदिनु हुन्छ कि ?**

१. अमरत्वको सम्झना-संस्मरण सङ्ग्रह (ले. प्रा.शिवगोपाल रिसाल/सं. विनयकुमार शर्मा नेपाल),
२. छेउ न टुप्पो-निबन्ध सङ्ग्रह (प्रकाशप्रसाद उपाध्याय),
३. समसामयिक नेपाली समालोचना-समालोचना सङ्ग्रह (प्रा.राजेन्द्र सुवेदी),
४. देवानको औँठी-कथा सङ्ग्रह (जनक वाग्ले),
५. भविष्यवाणी-कथा सङ्ग्रह (राममणि पोखरेल),
६. चूडाला-उपन्यास (वेदमणि घिमिरे),
७. सम्मीलन-कविता सङ्ग्रह (ठाकुर शर्मा),
८. नेपाली गणित कोष-शब्दकोश (महेश्वर प्रसाद उपाध्याय/भाषा सं.विनयकुमार शर्मा नेपाल),
९. सुदर्शन-निबन्ध सङ्ग्रह (कमल रिजाल),
१०. कोशीको उडान-कविता सङ्ग्रह (डा.विदुर चालिसे),
११. प्रेमाञ्जली-मुक्तक सङ्ग्रह (विनयकुमार शर्मा नेपाल),
१२. निदाउन नसकेका रातहरू-कथा सङ्ग्रह (गोपाल अश्क),
१३. जिलेटिनमा फूल-गजल सङ्ग्रह (दुर्गाप्रसाद ग्वालटारे),
१४. ब्रिटिश ओइदर-कथा सङ्ग्रह (रामहरि पौड्याल),
१५. राप-उपन्यास (चन्द्रमणि पोडेल),
१६. मानव अधिकार शब्दकोश-शब्दकोश (माधव रेग्मी/कैलाशकुमार सिवाकोटी),
१७. मुक्तकाञ्जली-मुक्तक सङ्ग्रह (तिलस्मी प्रभास),
१८. सैद्धान्तिक आधार : प्रायोगिक विश्लेषण-समालोचना सङ्ग्रह (जीवन जीवन्त),
१९. अनेक विधा अनेक दृष्टि–समालोचना सङ्ग्रह (अम्बिका अर्याल),
२०. आभास-उपन्यास (विनोदकुमार श्रेष्ठ) ।

'अग्निचक्र'लाई धन्यवाद !